# लम्कीचुहा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः १** **संख्याः ५** **मितिः २०७५/०३/०७**

**भाग-२**

## लम्कीचुहा नगरपालिकाको नगर शिक्षा नीति तथा मापदण्ड २०७५

लम्कीचुहा नगरपालिका

भल्का, कैलाली

प्रदेश नं. ७

**मूल्य रु. ५०**

लम्कीचुहा नगरपालिका

# विषय सूची


| क.स. विवरण/शीर्षक | पेज नं. |
|---|---|
| १ भौगोलिक अवस्थिति | १ |
| २.पृष्ठभूमि | २ |
| ३.दूरदृष्टि | ३ |
| ४.उद्देश्य | ३ |
| ५.आर्थिक पक्ष | ३ |
| ६. अनुगमन तथा मूल्याङ्कन | ३ |
| ७. बाल विकास एवम् पूर्व प्राथमिक शिक्षा | ४ |
| ८. आधारभूत शिक्षा | ७ |
| ९. माध्यमिक शिक्षा अन्तर्गत प्राविधिक/व्यवसायमूलक शिक्षा | १० |
| १० अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षा | १२ |
| ११ शिक्षक व्यवस्थापन र पेसागत विकास | १४ |
| १२ विद्यार्थी सिकाइ मूल्याङ्कन | १८ |
| १३ विद्यालय सुरक्षा तथा विपद जोखिम न्यूनीकरण | २० |
| १४ संस्थागत विद्यालयहरु : | २६ |
| १५ परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरुको वर्तमान स्थिति | २९ |
| १६ विद्यालय शिक्षामा सार्वजनिक लगानी | ३३ |
| १७ बिद्यालय शिक्षामा **ICT** को प्रयोग | ३६ |
| १८ विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा | ३८ |
| १९ अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिकाको लागि शिक्षामा पहुँच | ४० |
| २० विद्यालयहरुमा भौतिक सुविधा सुधार | ४२ |
| २१ विद्यार्थीहरुको स्वास्थ्य, पोषण, खेलकूद तथा अतिरिक्त क्रियाकलाप र सङ्गीत | ४४ |
| २२ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम : | ४६ |
| २३ बालक्लव, **N.C.C.** जु.रे.स./युवा सर्कल, स्काउट आदि | ४९ |
| २४ शैक्षिक गुणस्तर सुधार : | ५२ |
| २५. विद्यालय शिक्षामा पहुँच विस्तार | ५६ |
| २६. शैक्षिक व्यवस्थापन सूचना प्रणाली **(EMIS)** | ५८ |
| २७. संस्थागत क्षमता विकास | ६० |
| २८ अनुसूचीहरु (विद्यालयहरु र शिक्षक कर्मचारीको विवरण | ६२-९८ |

# हाम्रो भनाई

लम्कीचुहा नगरपालिका कैलालीले नेपालको संघीय संरचना अनुसार आफ्नो नगर क्षेत्र भित्र स्थानीय स्वायत्त शासन संचालनको क्रममा संघले तोकेका अधिकार भित्र रहि कार्यक्रम संचालन गर्ने क्रममा नगरपालिकालाई ऐन,नियम तथा नीति को आबश्यकता महसुस गरी शिक्षा क्षेत्रमा ब्यापक सुधार ल्याउने उद्देश्यका साथ मिति २०७४ पौष १८ गतेको नगर कार्य समितिको बोर्ड बैठकले स्थानीय शिक्षा नीति निर्माण गर्न लम्कीचुहा नगरपालिकाका वार्ड न. १ का अध्यक्ष एवम सामाजिक बिकास शाखा प्रमुख श्री जनक बहादुर बमज्युको संयोजकत्वमा स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, बिद्यालय निरीक्षक, स्रोतब्यक्ति र शिक्षकहरु सम्मिलित एक शिक्षा नीति निर्माण समिति गठन गरी उक्त कार्यमा लाग्ने आबश्यक बजेट समेत बिनियोजन गरी आफ्नो नगर शिक्षानीति आफै तयार गर्ने जस्तो महत्वपूर्ण जिम्मेवारी यस समितिलाई सुम्पिएको ब्यहोरा अबगत गराउन चाहन्छौ । यस समितिका सबै सदस्य तथा पदाधिकारीहरु विद्यालयहरुको अवलोकन, तथ्याङ्क सङ्कलन, विश्लेषण, तथा मस्यौदा लेखनमा तदारुकताका साथ संलग्न भएर मस्यौदालाई निर्णायक मोडमा पुऱ्याउन हामीले स्मरणीय सहयोग पाएका छौं । प्रमुख राजनीतिक दलका प्रतिनिधिज्यूहरु यस समितिमै बसेर मस्यौदा निर्माणमा सघाउ पुऱ्याउनु भएकोमा पनि हामीलाई थप ऊर्जा प्राप्त भएको छ ।

शिक्षा नीति निर्माण जस्तो गहन जिम्मेवारी पूरा गर्ने क्रममा यस समितिले यस नगरपालिका भित्र रहेका ४४ वटा सामुदायिक बिद्यालयहरु, ४२ वटा संस्थागत विद्यालयहरु, ४ वटा समुदायमा रहेका सामुदायिक बाल बिकास केन्द्रहरु र २ वटा सामुदायिक अध्ययन केन्द्रहरु तथा एक उच्च शैक्षिक संस्था लम्की बहुमुखी क्याम्पसको प्रत्यक्ष अनुगमन गरी बिद्यालयहरु तथा संस्थाहरुको भौतिक पूर्वाधार, शैक्षिक गतिबिधि, परीक्षाको मूल्याङ्कन, बिद्यार्थी संख्या, शिक्षक कर्मचारी संख्या, शिक्षक कर्मचारीहरुको सेवा सुबिधा, प्रयोगशाला, पुस्तकालय, जग्गा आदिको बर्तमान अबस्थाको बारेमा तथ्याङ्क संकलन गरी उक्त तथ्याङ्कको आधार लिँदै यस नीति निर्माणको अबधिमा सरोकारवाला पक्ष बिद्यालय ब्यवस्थापन समितिका अध्यक्षहरु, विद्यालय व्इवस्थापन समिति, महिला सदस्यहरु, शिक्षकहरु, शिक्षक अभिभावक संघका अध्यक्षहरु, प्रधानाध्यापकहरु, शिक्षकहरुका पेशागत संघ संगठनका प्रतिनिधिहरु, राजनीतिकदलका प्रतिनिधिहरुको भरपूर सहयोग र सुझाव प्राप्त भयो ।

विशेषज्ञको रुपमा कैलाली बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख तथा शिक्षविद् प्रा.डा. हेमराज पन्तज्यू, सहप्राध्यापक श्रीभवानसिंह चलाउनेज्यू, टीकापुर बहुमुखी क्याम्पसका सहप्राध्यापक श्रीनाथुराम चौधरीज्यू, कैलाली जिल्लाका जिल्ला शिक्षा अधिकारी श्रीगणेशबहादुर सिंहज्यूको मार्गदर्शनले यो नीतिनिर्माणको मस्यौदा तयार पार्न उल्लेखनीय योगदान पुऱ्याएको छ ।

लम्कीचुहा नगरपालिकाका प्रमख श्रीमहादेव बजगाईज्यू, उपप्रमुख टीका थापाज्यू, वडा अध्यक्षज्यूहरु, प्रदेश सभा सदस्य मा. रतन थापाज्यू लगायतका महानुभावहरुबाट अन्तरक्रिया, छलफल, कार्यशाला आदि बिधिका माध्यमबाट सुझाव संकलन गरी सत्य तथ्य र सकारात्मक सुझावका आधारमा लम्कीचुहा नगरपालिकाको शिक्षा ऐन, नियमावली र नीति तयार पारिएको हो । साथै लम्कीचुहा नगरपालिकाका वर्तमान शिक्षा अधिकृत श्री लोकेन्द्रप्रसाद भट्ट र स्रोतव्यक्ति श्री टीकाराम जोशीको अहोरात्र परिश्रमले शिक्षा नीतिको मस्यौदा निर्माणमा ठूलो योगदान रहेको छ । नगरप्रमुखज्यूको सचिवालयका कम्प्युटर अपरेटर ना. सु. श्रीविष्णुप्रसाद खनालको सहयोग पनि उल्लेखनीय छ ।

सकेसम्म यसलाई अनुकरणीय, बिश्वसनीय, निर्बिवाद दीर्घकालीन रणनीति हासिल गर्ने उद्देश्य सहितको बनाउने प्रयास गरिएको छ । आशा छ यो शिक्षा नीति यस नगरपालिकाको शिक्षा क्षेत्रमा आगामी दिनमा गुणात्मक परिबर्तन ल्याई शिक्षा क्षेत्रमा देखिएका बिकृति बिसङ्गतिहरुको अन्त्य गरी शिक्षक, विद्यार्थी र अभिभावकहरुको संयुक्त प्रयासबाट शैक्षिक क्षेत्रमा नमूना नगरपालिकामा स्थापित गराउन कोसेढुङ्गा साबित हुने छ ।

यस मस्यौदामा कैलाली जिल्लाको भौगोलिक अवस्थिति, सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, भाषिक तथा शैक्षिक झलक पनि प्रस्तुत गरिएकोछ । आधारभूत तथा माध्यमिक शिक्षाको उद्देश्य, दूरदृष्टि, लक्ष्य, आर्थिक पक्ष, अनुमन तथा

मूल्याङ्कन आदि विषयको उठानका साथै नगरपालिकाले नगरक्षेत्रभित्र सञ्चालित आधारभूत तथा माध्यमिक विद्यालयको समुचित व्यवस्थापन, विकास र नियमनको लागि एवं गुणस्तरीय शैक्षिक प्रबर्द्धनका लागि अख्तियार गरिनुपर्ने नीति, रणनीति, कार्यनीतिका साथै लम्कीचुहा नगरपालिकाको वर्तमान शैक्षिक अवस्था, समस्या, जोखिम, चुनौती तथा समाधानका उपाय र सुझावहरु समेटिएका २१ वटा शीर्षकमा शिक्षा नीतिहरुको विस्तृत विश्लेषण गर्ने प्रयास गरिएको छ ।

लम्कीचुहा नगरपालिकाभित्र सञ्चालनमा रहेका विभिन्न तहका सामुदायिक, संस्थागत एवं धार्मिक प्रकृतिका विद्यालयहरुको भौतिक पूर्वाधार, शैक्षिक गतिबिधि, परीक्षाको मूल्याङ्कन, बिद्यार्थी संख्या, शिक्षक कर्मचारी संख्या तथा नामावली, शिक्षक कर्मचारीहरुको सेवा सुबिधा, प्रयोगशाला, पुस्तकालय, घेरबार, जग्गा, अतिरिक्त क्रियाकलाप आदि विषयको बर्तमान अबस्थाको बारेमा तथ्याङ्क संकलन गरी पछाडिपट्टि अनुसूचीको रुपमा समावेश गरिएको छ । नगरपालिकाको लागि आवश्यक पर्ने शिक्षा ऐन २०७४ र शिक्षा नियमालवली २०७४ तयार पारी प्रस्तुत शिक्षा नीतिलाई परिपक्व र सहज बनाउने प्रयास गरिएको छ । शिक्षा ऐन र नियमावली सकेसम्म पछि बन्ने संघको संशोधन हुने नियमावली र प्रदेशको नियमावलीसित नबाझिने गरी तयार गरिएको छ । समयको हिसाबले करिब ८१ दिन यो नीतिनिर्माणमा खर्चिएको देखिए तापनि सरोकारवाला सबै पक्षको राय सुझाव र अनुमोदनका लागि यो समय अत्यन्त महत्वपूर्ण थियो ।

अन्तमा यस शिक्षा नीति निर्माण गर्ने क्रममा टाईपिङ्ग तथा प्रिन्टीङ्ग गर्ने काममा अहोरात्र खटि सहयोग पुऱ्याउनु हुने आशा डिजिटल फोटो स्टुडियोका प्रोप्राईटर श्री बजारु चौधरी ज्यूलाई हार्दिक धन्यवाद दिदै, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सल्लाह सुझाव दिनुहुने बिशेषज्ञहरु सहितका सम्पूर्ण महानुभावहरु, यस नगरपालिकाका सम्पुर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिकदलका प्रतिनिधिहरु, अभिभावकहरु, पत्रकार एवम संचारकर्मीहरु, शिक्षक संगठनका प्रतिनिधिहरु, वि.व्य.स.र शिक्षक अभिभावक संघका अध्यक्ष तथा सदस्यहरु, प्रधानाध्यापकहरु लगायत यस नगरपालिकालाई बिकास निर्माणमा राष्ट्रिय स्तरमा पहिचान गराउन सफल, जसले हामीलाई पुर्ण बिश्वासका साथ शिक्षा नीति निर्माण जस्तो गहन जिम्मेवारी दिई निरन्तर सल्लाह र सुझाब सहित सम्पुर्ण सहयोग पुऱ्याउनु हुने नगर प्रमुख श्री महादेव बजगाईज्यू लगायत सबैलाई यस शिक्षा नीति निर्माण समितिको तर्फबाट हार्दिक धन्यबाद दिन चाहन्छौ ।

कुम्भराज बडुवाल
सदस्य सचिव

जनक बहादुर बम
संयोजक

मिति : २०७४/१२/२०

लम्कीचुहा नगरपालिका

# लम्कीचुहा नगरपालिका कैलालीको नगर शिक्षा नीति २०७५

## १ भौगोलिक अवस्थिति (Geographical Situation)

लम्कीचुहा नगरपालिका नेपालको ७ नम्बर प्रदेश, सेती अञ्चल अन्तर्गत कैलाली जिल्लामा पूर्वपश्चिम महेन्द्र राजमार्गसँग जोडिएको एक नगरपालिका हो । जुन बिश्वको नक्शामा भौगोलिक हिसाबले ८१ं ०७' ४१" पुर्वि देशान्तर र २८ं ३८' १५" उत्तरी अक्षांशमा अवस्थित रहेको छ । यस कैलाली जिल्लाको सदरमुकाम र ७ नम्बर प्रदेश को राजधानी धनगढी उ म न.पा. ७५ कि.मि.पश्चिममा पर्छ भने लम्कीचुहा नगरपालिका १३ कि.मि.पूर्वमा रहेको कर्णाली नदीसँग जोडिएको छ । यसको उत्तर तर्फ मोहन्याल गाउँपालिका, पश्चिममा बर्दगोरिया गाउँपालिका, पूर्वमा कर्णाली नदी तथा बर्दिया जिल्ला, दक्षिणमा जानकी गाउँपालिका र दक्षिण पश्चिममा जोशीपुर गाउँपालिका पर्दछ । लम्कीचुहा नगरपालिका २०७१ वैशाख २५ गते घोषणा गएिको हो भने २०७३ फागुन २२ गतेदेखि तत्कालीन प्रतापपुर गा. वि. स. का सबै वडाहरु यस नगरपालिकामा मिसाएर १० वडामा विभाजन गरिएको हो । यस क्षेत्रको औसत तापक्रम ४१ डिग्री सेल्सियस र न्यूनतम १० डिग्री सेल्सियस रहेको पाइन्छ ।

यस नगरपालिकाको जम्मा घरधुरी १४,७५७ र कुल जनसंख्या ७५,४२५ रहेको छ जसमध्ये पुरुषको संख्या ३५,४०८ र महिलाको संख्या ४०,०१७ रहेको छ । जातिय आधारमा थारु २८.६५ ब्राह्मण २२.८६, क्षेत्री २२.२८, कामी ८.४४, ठकुरी ३.९७, मगर ३.३१ दमाई/ढोली २.६५ प्रतिशतमा मुख्यतया बसोबास गर्दछन् । यसअतिरिक्त सन्यासी/दशनामी, सार्की, बादी, लोहार, गुरुङ, हलवाई, राजवंशी, तामाङ, लिम्बु, हजाम र र केही अन्य जातिहरु पनि केही मात्रामा बसोबास गर्दछन् । नगरपालिकामा सबैभन्दा बढी बोलिने भाषा नेपाली हो, यो भाषा ६९.४७ प्रतिशतले बोल्ने गरेका छन् भने थारु भाषा २८.१५ प्रतिशतले बोल्ने गर्दछन् । साथै मगर, मैथली, हिन्दी, तामाङ, नेवार, गुरुङ, सन्थाली र शेर्पा भाषाभाषी हरु पनि यस नगरपालिकामा बसोबास गर्दछन् । धर्मका आधारमा ९६.८४ प्रतिशत हिन्दू धर्मावलम्बीहरु छन् । यस अतिरिक्त क्रिश्चियन, बौद्ध, इस्लाम, किराँत, जैन आदिको पनि उपस्थिति छ ।

यस नगरपालिकाको भू उपयोगलाई हेर्दा २३.९७ प्रतिशत जग्गा खेतीयोग्य छ भने ६५.९२ प्रतिशत जग्गा सदाबहार वनले ढाकेको छ । १५ देखि ५९ वर्ष उमेरका मानिसहरु आर्थिक क्षेत्रमा सक्रिय छन् । मुख्य पेसा कृषि रहेको छ । यस नगरपालिकाको कुल साक्षरता दर ७३.१७ रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८२.७० र महिला साक्षरता दर ६३.६५ रहेको छ ।

लम्कीचुहा नगरपालिकाको शैक्षिक परिसूचकलाई नियाल्दा हाल यो नगरपालिका शैक्षिक नगरीको रुपमा विकसित भइरहेको छ । नगर क्षेत्रमा एकमात्र पब्लिक क्याम्पस लम्की बहुमुखी क्याम्पस २०६४ सालदेखि सञ्चालित छ । जनजागृति मा. वि. चौरीमा प्राविधिक धारको शिक्षा कक्षा ९ देखि सञ्चालन भइरहेको छ र कक्षा ११/१२ मा विज्ञान विषय २०६७/०६८ देखि सञ्चालनमा आएको छ । राष्ट्रिय नमूना मा. वि. मोतीपुर नमूना मा. वि. को रुपमा सञ्चालनमा रहेको छ । यसै गरी सरस्वती मा. वि. प्रतापपुरले CTEVT को ANNEX कार्यक्रम को सुरुवात गर्दैछ । यस नगरपालिकामा कक्षा ११/१२ सञ्चालन भएका सामुदायिक र संस्थागत गरी ९ वटा विद्यालय छन् । सामुदायिक विद्यालयको संख्या ४२ र धार्मिक प्रकृतिका सरकारी स्वीकृति प्राप्त विद्यालय ३ वटा छन् भने संस्थागत विद्यालयको संख्या ४१ रहेको छ । दुईवटा संस्थागत विद्यालयले अनुमति प्राप्त गर्न बाँकी रहेको देखिन्छ । नगरक्षेत्रमा १०५ वटा बालविकास तथा पूर्वप्राथमिक कक्षाहरु सञ्चालित छन् । तिनमा १०५ जना बालविकास सहयोगी कार्यकर्ताहरु कार्यरतछन् । यस नगरपालिकामा सरकारी शिक्षक दरबन्दी ज्यादै न्यून रहेको छ । सरकारी शिक्षक दरबन्दी प्रा. वि. ६०, नि. मा. वि. ८ र मा. वि. ८ गरी जम्मा ७६ जना मात्र रहेको छ । सरकारी राहत शिक्षक दरबन्दी प्रा. वि. ६१, नि. मा. वि. ४० र मा. वि. २७ गरी जम्मा १४७ जना छ । त्यसै गरी धेरै विद्यालयमा शिक्षक दरबन्दी कम रहेकोले १८२ जना शिक्षकहरु स्थानीय स्रोतमा भर्ना गरिएका छन् । उच्च मा. वि. कक्षाका लागि

लम्कीचुहा नगरपालिका

राहत ११ र अनुदान कोटा ८ पनि कार्यरत छन् । यसरी ४०५ जना शिक्षक कार्यरत रहेको पाइन्छ । बालविकास तहमा सरकारी विद्यालयको विद्यार्थीहरुको आँकडा २०४८ जति मात्र छ भने संस्थागत विद्यालयमा करिब ५,६३३ को हाराहारीमा छात्र छात्रा हरु छन । कक्षा १ देखि १२ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या १५,३१६ जना रहेको छ । जसमा छात्राहरुको संख्या ७८३४ छात्रहरुको संख्या ७४८२ रहेको छ । सिकाइ उपलब्धि औसतमा करिब ४५ रहेको छ ।

## २.पृष्ठभूमि (Background)

कैलाली जिल्ला प्राबिधिक शिक्षा र स्वास्थ्य क्षेत्रमा पिछडिएको र शिक्षित जनशक्ति बेरोजगारीबाट ग्रसित नेपालकै सबभन्दा बढी प्रभावित जिल्लाहरु मध्येको रुपमा चिनिएको छ । यस नगरपालिकामा कर्णाली, भेरी, राप्ती र सेती अञ्चलका पहाडी जिल्ला लगायत नेपालभरि बाटै बसाइँ सरी आएका पहाडीहरुको बस्ती छ भने पुर्खौदेखि बस्दै आएका थारुजातिको बस्ती पनि उल्लेखनीय नै छ । नेपालको संबिधान २०७२ अनुसार नेपाल संघीय गणतन्त्रात्मक मुलुकको रुपमा घोषणा भै २०७४ सालमा शक्ति विकेन्द्रीकरणको नीति अनुसार नेपालको शासकीय स्वरुप संघ, प्रदेश र स्थानीय तह गरी ३ तहमा बिभाजन भै २०७४ सालमै निर्वाचन सम्पन्न भै स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार समेत गठन भै सकेको छ । स्थानीय सरकारले पूर्णता पाई केन्द्रले तोकेका र जिम्मेवारी दिएका काम कारवाही अगाडि बढाउने क्रममा कार्यबिधिका धेरै नीतिहरु मध्ये केन्द्र, प्रदेश संग नबाझिने गरी स्थानीय शिक्षा नीति यस लम्कीचुहामा पनि बनाउन आबश्यक ठानी मिति २०७४ पौष १८ गतेको लम्कीचुहा नगरपालिकाको कार्यपालिकाको बैठकले शिक्षा नीति निर्माण गर्न एक समिति गठन गरी जिम्मेवारी दिएकाले स्थानीय सरकारलाई शिक्षा क्षेत्रमा काम गर्न मार्ग निर्देशन होस भन्ने हेतुले लम्कीचुहा नगरपालिकाका सम्पूर्ण ४५ वटा सामुदायिक बिद्यालयहरु र ४३ वटा संस्थागत बिद्यालयहरुको भौतिक पूर्वाधार, शैक्षिक व्यवस्थापन र बाहय वातावरणको प्रत्यक्ष अवलोकन पश्चात बर्तमान मौजुदा अवस्था र भविष्यमा सुधार गर्नुपर्ने पक्षहरु सहितको चिरफार सहित लम्कीचुहाको यो शिक्षा नीति तयार पारिएको हो ।

राज्यका प्रत्येक नागरिकको शिक्षामा सहज पहुँच र गुणस्तरीय एवं समय सापेक्ष शिक्षा प्राप्त गर्ने अवसरको सुनिश्चितताका साथै मौलिक हकका रुपमा स्थापित भैसकेको बर्तमान सन्दर्भमा नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको संचालन एवम् व्यवस्थापनको जिम्मा स्थानीय सरकारका रुपमा रहेका गाउँपालिका र नगरपालिकालाई प्रदान गरेको छ ।

यसका अतिरिक्त बिगतमा केन्द्रबाट हुने गरेका अधिकांश नीतिगत निर्णय एवम् कार्यक्रमहरुको जिम्मा समेत अब स्थानीय सरकारको काँधमा आईपरेको अवस्था बिद्यमान छ । बिद्यालय तहका शिक्षाका सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारुपको निर्धारण लगायतका राष्ट्रिय नीतिगत बिषयहरु अब केन्द्रबाट निर्माण गरिने भए पनि स्थानीय आवश्यकता, प्राथमिकता, सामाजिक आर्थिक आवश्यकता तथा बिशिष्टताहरु स्थानीय निकाय पिच्छे फरक हुन सक्ने भएकाले संबिधान द्वारा प्रदत्त अधिकारको प्रयोग गरी शिक्षा क्षेत्रको समग्र विकासको माध्यमबाट एउटा सभ्य र समुन्नत समाजको निर्माण गर्न स्पष्ट दिशा निर्देश हुन आजको आबश्यकता भएको छ । स्थानीय स्तरमा गुणस्तरीय बिद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित हुने, बिद्यालय उमेरका सबै बालबालिकाहरुले बिद्यालय शिक्षा पूरा गर्ने, शिक्षालाई अधिकतम जीवनोपयोगी र ब्याबहारिक बनाउँदै लैजान स्थानीय सरकारले स्पष्ट दूरदृष्टि, गन्तब्य र लक्ष्य सहितका रणनीति तथा कार्यनीति तय गर्न अपरिहार्य हुन्छ । देश केन्द्रीकृत शासन ब्यवस्थाबाट संघीय संरचनामा प्रवेश गरे पछि शिक्षा क्षेत्रले पनि बिगत लामो समय देखि भोग्दै आएका समस्या समाधानको अपेक्षा गरिएको छ । यस नगरपालिका क्षेत्रभित्र विद्यालय स्तरमा समाजका सबै बर्ग र समुदायका बालबालिकाहरुको सहज पहुँच सुनिश्चित गर्न, बिद्यालय शिक्षालाई गुणस्तरीय बनाउन, राष्ट्रिय पाठ्यकम प्रारुपले तोकेका सक्षमताहरु विकास गर्न,

शिक्षण संस्थालाई बालमैत्री बनाउन र शैक्षिक संस्थाहरुको बिकास, व्यवस्थापन र नियमनका लागि लम्कीचुहा नगरपालिका कैलालीले नगर शिक्षा नीति २०७४ तर्जुमा गरेको छ ।

## ३) दूरदृष्टि (Vision)

लम्कीचुहा नगर क्षेत्र भित्रका विद्यालय उमेरका सबै बालबालिकाहरुले शिक्षाको राष्ट्रिय उद्देश्यले परिकल्पना गरेका सक्षमता हासिल गर्नका लागि समय सापेक्ष गुणस्तरीय शिक्षाका अबसरहरु प्रदान गर्ने उत्कृष्ट संस्थाका रुपमा शैक्षिक संस्थाहरुको विकास एवं व्यवस्थापन भएको हुनेछ ।

## ४) उद्देश्य (Objectives/Goals)

**क**) नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका सबै तहका बिद्यालयहरुलाई भौतिक,शैक्षिक एवम् व्यवस्थापकीय दृष्टिले सबल र सक्षम शैक्षिक संस्थाको रुपमा बिकास गर्ने ।

**ख**) बिद्यालय शिक्षाको अवसरमा प्रत्येक बालबालिकाको सहज पँहुच सुनिश्चित गरी बालबालिकाहरुको सिकाइ उपलब्धि बृद्धि गर्दै टिकाउ दर र उत्तीर्ण दर शतप्रतिशतको नजिक पुऱ्याउने ।

**ग**) बिद्यालय तहमा बाल बालिकाहरुलाई जीवनोपयोगी सीप, नैतिक मूल्य र मान्यता लगायतका व्यवहार निर्माणका कियाकलापहरु पनि प्राथमिकताका साथ संचालन गर्ने ।

**घ**) रोजगारमूलक शिक्षाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको शिक्षण प्रशिक्षण कार्यक्रमलाई अगाडि बढाउने ।

**ङ**) दक्ष, अनुशासित र प्रतिभाशाली जनशक्ति तयार गर्ने र सो कार्यका लागि सबै प्रकिया पूरा गर्ने ।

च) शैक्षिक क्षेत्रको बिकासका लागि भौतिक तथा आर्थिक पक्षलाई सबल बनाउन आर्थिक लगानी बृद्धि गर्ने ।

**छ**) शैक्षिक क्षेत्रमा स्तरीय जनशक्ति भित्र्याउने ।

## ५) आर्थिक पक्ष (Economic Aspect)

यस लम्कीचुहा नगरपालिका भित्र संचालन गरिने सबै स्तरका बिद्यालयहरुको भौतिक पुर्वाधार निर्माण,शैक्षिक सामग्री,शिक्षकहरुलाई सेवा सुबिधा वृदि, शिक्षक तालिम, प्राविधिक तालिम, शैक्षिक भ्रमण, खेलकूद सामग्री, कम्प्युटर, प्रोजेक्टर लगायत शैक्षिक गुणस्तर वृदि गर्ने कार्यका लागि अति आवश्यक सामग्रीमा लाग्ने बजेट यस नगरपालिकाले जुटाई प्राथमिकताका साथ विनियोजन गर्ने छ ।

## ६) अनुगमन तथा मूल्याङ्कन (Monitering and Evaluation)

यस लम्कीचुहा नगरपालिकामा शैक्षिक गुणस्तर वृदि गर्न र सबै स्तरका विद्यालयहरुको नियमित पठनपाठन कियाकलाप, बाल मैत्री कक्षा संचालन, निरन्तर मूल्याङ्कन प्रकिया, शैक्षिक सामग्रीको निर्माण, नियमित कक्षा संचालन , छात्रवृत्ति वितरण, खेलकुद प्रतियोगिता, अतिरिक्त कियाकलाप, गृहकार्य जाँच, परीक्षाको मूल्याङ्कन सार्वजनिक, शिक्षक विद्यार्थी अभिभावक बीच छलफल लगायतका कार्य नियमित रुपमा वा आवश्यकतामा भएको छ छैन भनी लम्कीचुहा नगर कार्य पालिकाका पदाधिकारी तथा सदस्यहरु, नगर शिक्षा समितिका पदाधिकारी तथा सदस्यहरु, स्रोतब्यक्ति, वि.नि. तथा स्थानीय शिक्षा अधिकृतसहितको टोली द्वारा एक विद्यालयमा १ महिनामा कम्तिमा एक पटक अनुगमन तथा सुपरिवेक्षण गरिने छ ।

## नीतिगत क्षेत्र

**१ बाल विकास एवम् पूर्व प्राथमिक शिक्षा** Child (Development and Pre Primary Education)

बाल विकास शिक्षा तथा पूर्व प्राथमिक शिक्षा औपचारिक शिक्षा आराम्भ गर्ने अवस्था हो । नेपालको सन्दर्भमा शिक्षा ऐन नवौ संशोधन अनुसार कक्षा १ भन्दा पूर्वको कक्षालाई पूर्व प्राथमिक तह भनिन्छ । पूर्व प्राथमिक तहमा ३ देखि ५ वर्षसम्मका बालबालिकाहरुले औपचारिक रुपमा शिक्षा आरम्भ गर्दछन् । बालबालिकालाई पढ्ने बानीको विकास गर्नका लागि उनीहरुको उमेर र रुचि अनुसार बाल शिक्षण गर्न बाल सामग्री सहित न्यूनतम ३ देखि ४ घण्टासम्म विद्यालय वा समुदायमा बालमैत्री कक्षाकोठाको व्यवस्थापन गरेर सहयोगी कार्यकर्ता नियुक्ति गरी पठन-पाठ्न तथा सिकाइको लागि संचालन गरिएको कक्षा बाल विकास कक्षा हो ।

## लम्कीचुहा नगरपालिकामा बाल विकासको वर्तमान अवस्था

Present Condition of Child Devrelopment in LCM

कैलाली जिल्लाको लम्कीचुहा नगरपालिकामा बाल विकास कक्षा संचालन गर्न जम्मा १०५ जना सहयोगी कार्यकर्ताहरुको कोटा निर्धारण गरिएको छ । जसमध्ये १०१ जना विद्यालयमा कार्यरत छन् भने ४ जना समुदायमा कार्यरत रहेको अवस्था छ । सामुदायिक विद्यालयमा रहेका बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकाहरुमा ८८० जना छात्र र १०९१ जना छात्रा गरी जम्मा १९७१ जना बालबालिका अध्ययनरत रहेको अनुगमनका क्रममा देखिएको छ भने समुदायमा रहेका ४ बाल विकास केन्द्रमा ३७ जना छात्र र ४० जना छात्रा गरी जम्मा ७७ जना बालबालिकाहरु अध्ययन गरिरहेका छन् । यसरी विद्यालय र समुदायको बालबालिका जोड्दा ९१७ छात्र र ११३१ छात्रा गरी जम्मा २०४८ जना छात्रछात्राहरु लाई १०५ जना सहयोगी कार्यकर्ताहरुले अध्यापन गरिरहेका छन् । बाल विकास शिक्षक विद्यार्थी अनुपात १:२० रहेको छ ।

## समस्या र चुनौतीहरु (Problems and Chailanges)

भविष्यका कर्णधार बालबालिकाहरुलाई बाल शिक्षा दिनु निकै चुनौतीपूर्ण कार्य हो । किनकि आमाको काखबाट छुटाएर विद्यालय वा समुदायको पाठशालामा आमावुवाको निगरानीबाट टाढा राखी बाल शिक्षण गर्नु स्याहार सुसार गर्नु महत्वपूर्ण कार्य हुँदाहुँदै पनि ती बालबालिकालाई सीप सिकाउने सहयोगी कार्यकर्ताहरु विगत लामो समयदेखि न्यून पारिश्रमिकमा सरकारी अनुदान पाउँदै आएकोमा उक्त पारिश्रमिकले गुजारा गर्न धौधौ परिरहेको अवस्थाका कारण कैयौ विद्यालयका सहयोगी कार्यकर्ताहरु स्नातक र स्नातकोत्तर तहसम्मको शैक्षिक योग्यता हाँसिल गरी सकेकाले उनीहरु बाल विकासमा विद्यार्थी भर्ना गर्न नसकी माथिल्लो कक्षामा विद्यालयबाट थप पारिश्रमिक लिएर अध्यापन गरिरहेको अवस्था छ ।

यसरी थप पारिश्रमिक पनि समयानुकुल पारिश्रमिक तथा तलव बढ्दै जाँदा विद्यालयमा आयस्रोतको अभाव मै धान्न नसक्ने अवस्था रहेको र त्यस्ता कैयौ विद्यालय वर्षौ घाटामा गइरहेको अवस्था छ । विद्यालयको थप कक्षा अनुमति धमाधम ल्याउने तर दरबन्दी प्राप्त गर्न नसक्ने विद्यालयको समस्याको कारण पनि सहयोगी कार्यकर्ताहरुलाई विद्यालयबाट थप रकमको व्यवस्था गरी उही समयमा माथिल्लो कक्षा पढाउन लगाएर केही हदसम्म केही विद्यालय र बाल विकास सहयोगी कार्यकर्ताहरुलाई राहत मिलेको अवस्था छ । तर निजी विद्यालयसँग अधिकांश सामुदायिक विद्यालयहरुले प्रतिष्पर्धा गर्न नसकिरहेको अवस्थामा निजी विद्यालयहरुले समुदायको ध्यान तान्न सफल भएको र तडकभडक समेतका कारण एउटा विद्यालय बाहेक सामुदायिक विद्यालयमा बाल विकास सहयोगी कार्यकर्ताको अनुपातमा बालबालिका भर्ना नभएको टड्कारो समस्या देखा परेको छ । यसरी सरकारले सहयोगी कार्यकर्ताको नियुक्ति गरेर पारिश्रमिक समयानुकुल वृद्धि नगर्नु, सहयोगी कार्यकताको अनुपातमा बालबालिका भर्ना नहुनु र भर्ना गर्न नसक्नु, बालमैत्री कक्षाकोठा र पठनपाठन नहुनु, सहयोगी कार्यकर्ताहरुमा मन्टेश्वरी तालिमको अभाव हुनु चुनौतीपूर्ण अवस्था रहेको छ ।

लम्कीचुहा नगरपालिका

## नीतिहरु (Policies)

नेपाल जस्तो न्यून आर्थिक वृद्धि भईरहेको मुलुकमा जनताका छोराछोरीहरुले न्यून मूल्यमा समुदाय वा सामुदायिक विद्यालयमा पठन सीपको विकास गरी प्राथमिक तहमा विद्यार्थी भर्नादर बढाउनुका साथै साक्षरता प्रतिशतमा वृद्धि गर्ने सरकारको नीति रही आएको छ ।

यसका साथै शिक्षा क्षेत्रमा राज्यले ठूलो आर्थिक लगानी गरिरहेको सन्दर्भमा त्यसलाई सार्थक बनाउन र देशको विकासको लागि दक्ष नागरिक तयार पार्ने सिलसिलामा पहिलो खुटकिलोको रुपमा रहेको प्रारम्भिक बाल विकास कक्षा संचालन गरी शिक्षाको राष्ट्रिय नीति तथा हालको संघीय र प्रदेश नीतिलाई सफलीभूत पार्न कोही पनि बालबालिका शिक्षाबाट वञ्चित नहुन् भन्नको लागि बाल विकास केन्द्रलाई व्यवस्थित गरी नमूना बालविकास कक्षा बनाउने यस लम्कीचुहा नगरपालिका कैलालीको नीति रहेको छ ।

## रणनीतिहरु तथा कार्यनीतिहरु (Strategies)

बाल विकास केन्द्र, बाल विकास सहयोगी कार्यकर्ताहरुलाई उचित व्यवस्थापन गरी बाल विकास कक्षामा बालबालिकाको भर्ना बृद्धि गरी उनीहरुलाई बालमैत्री शिक्षण गर्न गराउन लम्कीचुहा नगरपालिकाले निम्नानुसारको रणनीति तयार पारेको छ ।

१) बाल विकास केन्द्र तथा बाल विकास कक्षाको भौतिक पूर्वधार तयार पार्ने ।
२) सहयोगी कार्यकार्ताहरुलाई समयानुकूल तालिमको व्यवस्था गर्ने ।
३) बालमैत्री खेल सामाग्रीको व्यवस्थापन गर्ने गराउने ।
४) समुदायका वढी भन्दा वढी विद्यार्थीहरुलाई सामुदायिक विद्यालयमा भर्ना गर्ने वातावरण बनाउने ।
५) बाल विकास केन्द्र वा पूर्व प्राथमिक तहमा अध्यापनरत सहयोगी कार्यकताको समयानुकूल सेवा सुविधा वृद्धिमा नगरपालिकाले पहल गर्ने ।
६) तोकिएको संख्यामा बालबालिका भर्ना नभएका विद्यालय र बाल विकास केन्द्रबाट बालबालिकाको चाप वढी भएको केन्द्रमा कोटा मिलान गर्ने । (कनिष्ठताको आधारमा सरुवा गर्ने)
७) बाल विकास तथा स.का.लाई पोशाकको व्यवस्था गर्ने ।
८) सामुदायिक विद्यालयहरुमा बालबालिकाको चाप बृद्धि गर्ने खालको कार्यक्रम ल्याउने ।
९)सहयोगी कार्यकताको नियुक्ति लिई सेवा सुविधा लिने तर कार्यक्षेत्रमा गएर अध्यापन नगर्नेलाई नियमअनुसार कारवाही गर्ने ।

## सम्भावित जोखिम

यस लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका बाल विकास केन्द्रहरु र त्यहाँ अध्यापनरत सहयोगी कार्यकताहरुलाई पूर्णरुपमा व्यवस्थित गर्न निम्नानुसारका जोखिमहरु रहेका छन् ।

१) सहयोगी कार्यकर्ताहरुलाई तलव तथा पोशाक लगायतका सेवा सुविधा राज्यले दिन नसकेको अवस्थामा नगरपालिकाले दिन गाह्रो हुने ?
२) बाल कक्षामा अध्यापन गरिरहेका सहयोगी कार्यकताले न्यून तलव सुविधामा नगरपालिकाले अपेक्षा गरेअनुसारको परिणाम दिन नसकरिहेको अवस्था छ ।
३) विद्यालयमा रहेका सहयोगी कार्यकताले पूर्व प्राथमिकमा अध्यापन नगराई थप सुविधा लिएर माथिल्लो कक्षामा अध्यापन गराइरहेकोमा उनीहरुलाई आफ्नै तहमा जिम्मेवार बनाउन जरुरी छ ।
४) सामुदायिक विद्यालयहरु र समुदायमा रहेका बाल विकास केन्द्रहरुमा बालबालिकालाई आकर्षण बढाउन खेल सामग्री, पौष्टिक आहार र भौतिक पूर्वाधारको व्यवस्थापन हुन सकेको छैन ।
५) सहयोगी कार्यकताहरुलाई विद्यार्थीको चाप अनुसार कोटा मिलान तथा सरुवा गर्नैपर्ने अवस्था छ ।

लम्कीचुहा नगरपालिका

**समाधानका उपायहरु :**
यस लम्कीचुहा नगरपालिकाले नगर क्षेत्रभित्र भएका सामुदायिक विद्यालयहरु र समुदायमा रहेका बाल विकास केन्द्रहरुमा बालबालिकाहरुलाई आकर्षण गरी बालमैत्री कक्षा संचालन गर्न र सहयोगी कार्यकर्ताहरुलाई मनोबल बढाई कार्य गराउन निम्न उपायहरु अपनाउनेछ ।

१) पूर्व प्राथमिक तहका बालबालिकाहरुलाई पढ्ने छुट्टै कोठा नभएका विद्यालयमा शिक्षण सामग्री, खेलसामग्री सहित नगरपालिकाले क्रमशः २ वर्षभित्र भौतिक पूर्वाधार तयार पार्न बजेट विनियोजन गर्नुपर्ने ।
२) सहयोगी कार्यकर्ताहरुको अतिरिक्त कोटा कम विद्यार्थी भएको ठाउँबाट वढी भएको ठाउँमा यसै आ.व. २०७४/०७५ भित्र मिलान गर्ने र सहयोगी कार्यकर्तालाई पोशाक र बालबालिकालाई पौष्टिक आहारको व्यवस्था नगरपालिकाले स्रोत साधनले भ्याउने गरी गर्नुपर्ने ।
३) सहयोगी कार्यकर्ताहरुलाई प्रत्येक वर्ष शैक्षिक सत्रको सुरुमा न्यूनतम ५ दिने मन्टेश्वरी तालिमको व्यवस्था गर्नुपर्ने ।
४) सहयोगी कार्यकताको नियुक्ति लिई माथिल्लो तहमा पढाइरहेकाहरुलाई पूर्व प्राथमिक तहमा कक्षा लिन लगाउने, लिन लगाउँदा अटेर गरेमा निजलाई हटाई अर्को व्यक्ति विज्ञापनद्वारा नियुक्त गर्ने ।
५) उपरोक्त बमोजिमका सबै कार्यहरु स्रोतव्यक्ति, नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले निर्णय गरी कार्यान्वयन गराउने ।
६) यस नगरपालिका भित्र पूर्व प्राथमिक लगायत सबै तहको शैक्षिक गतिविधिको नियमित अनुगमन गर्न एक निष्पक्ष अनुगमन समिति बनाई अनुगमन गराउने ।
७) नगरपालिकाले शिक्षक तालिम दिन विषय विशेषज्ञ पहिचान गरी प्रत्येक वर्ष रोष्टर प्रशिक्षक नियमानुसार सुविधा सहित नियुक्ति गर्ने ।

लम्कीचुहा नगरपालिका

**२ आधारभूत शिक्षा**

आधारभूत शिक्षा, शिक्षा ऐन नवौं संशोधन अनुसार कक्षा १ देखि ८ सम्म ६ वर्ष उमेर देखि १३ वर्ष उमेर समुह सम्मका बालबालिका लाई दिइने औपचारिक शिक्षा लाई जनाउँछ । जुन शिक्षा सामुदायिक, सँस्थागत, धार्मिक, विद्यालयहरुबाट यस लम्कीचुहा नगरपालिका भित्र पनि अध्ययन अध्यापन विगत देखि हुँदै आएको छ । आधारभूत तहमा विशेषगरी अनिवार्य विषयहरु सँगै कम्प्यूटर शिक्षा, संस्कृत शिक्षा, उर्दू शिक्षा, पेशा व्यवसाय र प्रविधि र नैतिक शिक्षा समेत पठन पाठन हुदै आएको छ ।

## वर्तमान अवस्था

हाल लम्कीचुहा नगरपालिकामा ३ वटा धार्मिक गरि ४५ वटा जम्मा सामुदायिक विद्यालयहरु रहेका छन् भने ती मध्ये कक्षा १ देखि ५ सम्म १६ वटा र कक्षा १ देखि ८ सम्म ७ वटा विद्यालयहरु गरि जम्मा २३ वटा विद्यालयमा आधारभत तहको कक्षाहरु सञ्चालन भइरहेका छन् । यसै गरी सँस्थागत विद्यालयहरु जम्मा ४२ मध्य २७ विद्यालयहरुले आधारभूत तहको शिक्षासम्म कक्षा संञ्चालन गरिरहेका छन् । यसरी निजी विद्यालयमा जम्मा ५,६३३ जना छात्रछात्राहरु अध्ययनरत छन भने सामुदायिक विद्यालयहरुमा ७,४८२ छात्र ७,८३४ छात्रा गरि जम्मा १५,३१६ छात्रछात्राहरु अध्ययनरत छन् ।

## समस्या र चुनौतिहरु

यस लम्कीचुहा नगरपालिका भित्र रहेका सबै खाले विद्यालयहरुको भौतिक पूर्वाधार शैक्षिक गुणस्तर , विद्यालय व्यवस्थापनका समस्या र चुनौतीहरु प्रयाप्त मात्रामा छन् । जुन यसप्रकारका छन् :-

१.अधिकांश संस्थागत विद्यालयहरुले पर्याप्त मात्रामा बाल मैत्री कक्षाकोठा तथा भवन निर्माण नगरी अव्यवस्थित पूर्वाधार निर्माण गरेका छन् ।

२. सामुदायिक विद्यालयहरुमा भौतिक पूर्वाधार तर्फ भवन तथा कक्षा कोठा भए पनि विद्यार्थी संख्या , सरसफई, फर्निचर , शिक्षकको सेवा सुविधा निकै नै कमजोर देखा परेको छ । जसले गर्दा पढाईको वातावणमा समेत नकारात्मक प्रभाव परेको देखिन आएको छ ।

३. कतिपय आधारभूत तथा प्राथमिक विद्यालयहरु विद्यार्थी नभएपनि राजनीतिक दबाबमा अनावश्यक ठाउँमा अनुमति ल्याई चलाएको तर त्यहाँको व्यवस्थापन कमजोर रहेको पाइएको छ ।

४. लम्कीचुहाका २ वटा धार्मिक गरि १२ वटा सामुदायिक विद्यालयहरुमा अनुमति छ तर एक जना पनि सरकारी दरवन्दी तथा अनुदानवाला शिक्षक कर्मचारी नहुँदा विद्यालयको आर्थिक स्रोतले धान्न नसकी कमजोर अवस्थामा छन् ।

५. लम्कीचुहाका कैयौ ८ सम्म संचालित आधारभूत विद्यालयमा कक्षा ५ सम्म न्यून संख्यामा दरवन्दी भएपनि कक्षा ८ सम्मको अनुमति लिई कक्षा संचालन भएको तर कक्षा ६, ७ र ८ चलाउन पूर्ण रुपमा स्थानीय स्रोतमा भरपर्नु परेकाले स्थानीय स्रोत शिक्षकहरुलाई सेवा सुविधा अत्यन्त न्यून रकम दिन नसकेको र विद्यालय घाटामा चलाई अस्त व्यस्त अवस्थामा रहेको पाइएको छ ।

६. लम्कीचुहाका कैयौं विद्यालयमा फर्निचर, विद्यालयको जग्गा, पुस्तकालय, तारवार, पर्खालको अभाव देखिएको छ ।

७. शिक्षक दरवन्दी प्राप्त गर्न नसकेका विद्यालयहरुले आफ्ना सीमित स्थानीय स्रोत शिक्षकलाई वर्षौंदेखि तलव दिन नसकिरहेको अवस्थामा ती शिक्षकहरु कुनै बेला छोड्न सक्ने र अर्को शिक्षक पनि ढुक्कसँग प्रवेश गर्न नसक्ने अवस्थामा विद्यार्थीहरुको भविष्य अल्यौलमा पर्न गई अभिभावकको छोरा छोरी माथिको लगानी बालुवामा पानी हाले जस्तो हुने त होइन भन्ने शंका लाई निवारण गर्न विद्यालयहरुलाई चुनौती छ ।

८. विद्यालय व्यवस्थापन समिति गठन गर्दा सबै राजनीतिक दलहरु सक्रिय हुने तर विद्यालयमा समस्या पर्दा निष्क्रिय हुने अवस्थाले विद्यालय राजनीति गर्ने थलो मात्र त होइन भन्ने भान हुन्छ ।

९. निजी विद्यालयमा पढाउने छोरा छोरीको रेखदेख नगर्ने अभिभावकमा रहेको चेतनाको कमीलाई विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनले अभिभावकको चेतनास्तर बढाउन नसकेको अवस्था छ ।

१०. वि.व्य.स., शि.अ.संघ, शिक्षकहरु, जनप्रतिनिधिहरु आफ्ना छोराछोरीहरुलाई निजी विद्यालयमा भर्ना गर्ने तर दोष अर्कालाई थोपर्ने प्रवृतिको विकास समस्याको रुपमा छ ।

लम्कीचुहा नगरपालिका

**नीतिहरु :**

१. आधारभूत तह सम्मको शिक्षामा सबै बालबालिकाको पहुँच वृद्धि गर्ने ।
२. गुणस्तरीय शिक्षामा बृद्धि गर्ने ।
३. सबै आधारभूत बिद्यालयहरुमा सरकारी अनुदान, सरकारी दरबन्दी तथा पटके अनुदानको व्यवस्था गरी शिक्षकहरुको तलबको समस्या समाधान गर्ने ।
४. आधारभूत तह सम्मको शिक्षा अनिवार्य तथा निशुल्क गर्ने ।
५. बिदयालय गाभ्न, सार्न वा बन्द गर्न सकिने ।
६.आबश्यकता अनुसार मात्री भाषामा शिक्षा दिने बिद्यालय खोल्न अनुमति दिने ।

**रणनीति तथा कार्यनीतिहरु**

यस लम्कीचुहा नगरपालिका भित्रका आधारभूत तह सम्मका सामुदायिक विद्यालयहरु लाई पूर्ण व्यवस्थित गरी शिक्षाको क्षेत्रमा खस्केको गुणस्तरलाई माथि उठाउन स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुने नै छ । साथमा स्थानीय अभिभावकको जिम्मेवारी पनि उत्तिकै हुने छ । बिगतको कमजोरीको दोष अरुलाई थोपरेर सम्भव छैन बरु भविष्यको योजना सफल बनाउन सबै पक्ष लाग्नु जरुरी छ । जसको लागि निम्नानुसारका रणनीति तथा कार्य नीतिहरु अवलम्बन गरिने छ :-

१. विद्यार्थीको अभावले, आर्थिक अभावले चल्न नसक्ने अवस्था देखिएका विद्यालयहरु कक्षागत रुपमा, तहगत रुपमा र आवश्यकतामा पूरै विद्यालय नजिकको विद्यालयमा गाभ्ने ।
२. बिद्यार्थी संख्या पर्याप्त भएका, शिक्षक दरवन्दी नभएका वा कम भएका विद्यालयहरु सफलतापूवर्क चलेको अवस्थामा भए त्यस्ता विद्यालयहरुमा अन्यत्रबाट दरबन्दी लाई पूरा गर्ने वा त्यहाँ भएका सीमित दरवन्दी अन्यत्र सारी पूर्ण रुपमा एकमुस्ट अनुदान पाउने गरी संचालन गर्ने ।
३. जनप्रतिनिधि, वि.व्य.स., शि.अ.संघ, शिक्षकहरुलाई आफ्ना छोरा छोरी सामुदायिक विद्यालयमा भर्ना गर्ने कार्यक्रम ल्याउने त्यसो नगरी अटेर गरेमा सुविधाबाट वञ्चित गर्ने ।
४. विद्यालयहरुमा विद्यालय समयभित्र बन्द हडताल, राजनीतिक गतिबिधि कसैले गर्न नपाउने ।
५. विद्यालयहरुको नियमित अनुगमन गर्ने, शिक्षक तालिमको व्यवस्था गर्ने, न्यूनतम २२५ दिन विद्यालय खोली २०० दिन वार्षिक पठनपाठन गराउने, शिक्षक कर्मचारीहरुलाई नियमित गराउने, आफ्नो कर्तव्य पूरा नगर्ने शिक्षक कर्मचारीलाई दण्डको व्यवस्था गर्ने, राम्रो कार्य सम्पादन गर्ने लाई पुरस्कारको व्यवस्था गर्ने ।
६. विद्यालयहरुमा स्रोत साधन बृद्धि गरी शिक्षकहरुको सेवा सुविधा समेत नियम अनुसार उपलब्ध गराउदै जाने ।
७. यस नगरपालिका भित्रका बालबालिकाहरुलाई बिद्यालयमा नपठाउने अभिभावकहरुलाई नगरपालिका बाट उपलब्ध गराउने सुबिधा बाट बञ्चित गर्न सकिने छ ।
८. माथिका सबै कार्यहरु नगर शिक्षा समिति मार्फत कार्यविधि बनाएर प्रकिया पूरा गर्ने ।

**सम्भावित जोखिम र समाधानका उपायहरु**

यस लम्कीचुहानगरपालिका भित्रका सामुदायिक तथा नीजी विद्यालय, विद्यालयका शिक्षक, कर्मचारीलाई व्यवस्थित र भौतिक पुर्वाधारले सम्पन्न गराउन नसकेमा वा नगरपालिकाले कार्यान्वयनमा ढिलाई गरेमा, राजनीतिक आँखाले हेरेमा, पुर्वाग्रहि भई कार्य गरेमा कमजोरी पक्ष पत्ता लगाई नगर शिक्षाको स्तर

उन्नतिमा विभिन्न बाधा अवरोध आई विद्यालयहरुका बालबालिकाको भविष्यमा नकारात्मक प्रभाव पर्न सक्ने र अभिभावकको लगानी खेर जाने जोखिम भएकाले न.पा.ले निष्पक्ष रुपमा कार्यनिर्देशन गर्न सकेमा विग्रेको वातावरणमा सुधार आई लम्कीचुहा नगरपालिका भित्रका विद्यालयहरुको शैक्षिक अवस्था राष्ट्रिय औषत भन्दा माथि उठाउन सकिएमा राष्ट्रिय स्तरमा यसलाई नमूना नगरपालिका को रुपमा चिनाउन सकिने छ । जसका लागि निम्नानुसारका उपायहरु अपनाउनु पर्ने छ।

१. गुणस्तरीय शिक्षाका लागि आधारभूत तहसम्मका विदालयहरुलाई व्यवस्थित गनु पर्ने छ।

२ वि.व्य.स., शि.अ.संघ, शिक्षकहरु, जनप्रतिनिधिहरुका आफ्ना छोराछोरीहरुलाइ सामुदायिक बिद्यालयमा भर्ना गर्नु पर्ने।

३ आधारभूत तहसम्म बिद्यार्थी भर्ना गर्न गाउँघरमा प्रभावकारी अभियान चाल्ने।

४ अनुगमनकार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने।

५ शिक्षक दरबन्दी मिलान, स्रोत साधनको अभाव र चल्न नसक्ने अवस्थाका बिद्यालयहरुलाई मर्ज गर्ने।

६ सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन गराउन आवश्यक व्यवस्था गर्ने।

७. यस नगरपालिका भित्रका हरेक अभिभावकलाई बिद्यालय जाने बालबालिकालाई विद्यालयमा भर्ना गर्न प्रोत्साहित गर्नु पर्ने।

लम्कीचुहा नगरपालिका

## ३ माध्यमिक शिक्षा अन्तर्गत प्राविधिक/ व्यवसायमूलक शिक्षा

### विगतका प्रयासहरु :

माध्यमिक तहको शिक्षा भन्नाले कक्षा (९-१२) सम्मको शिक्षा भन्ने बुझिन्छ । लम्कीचुहा न.पा. भित्र कक्षा ९-१० सम्म संचालन भएका विद्यालयहरु समेत रहेको देखिन्छ । विद्यालय मार्फत नै दिइने प्राविधिक तथा व्यवसाय उन्मुखतर्फ हेर्दा एकवटा विद्यालयमा I.Sc, IT (जन जागृति मा.वि.मा) संचालन भएको पाइन्छ भने कक्षा ९-१० इच्छाधीन विषयहरुमा १०० पूर्णाङ्कको कृषि लगायतका विषयहरु पठन-पाठन भएको पाइन्छ । त्यसैगरी आधारभूत तह (तत्कालीन नि.मा.वि.) मा कक्षा ६-७ र ६-८ मा पूर्व व्यावसायिक शिक्षा, कम्प्युटर शिक्षा पठन-पाठन भएको पाइन्छ ।

## संक्षेपमा विगत

१ वटा मा.वि.मा कक्षा ११-१२ मा I.Sc, IT
मा.वि. हरु कक्षा ९-१० मा व्यावसायिक विषयहरु १०० पूर्णाङ्क
आधारभूत तहमा (तत्कालीन नि.मा.वि.) मा ५० पूर्णाङ्कको पूर्व व्यावसायिक शिक्षा र १०० पुर्णाङ्कको कम्प्युटर शिक्षा लागु गरेको पाइन्छ ।

## वर्तमान अवस्था :

- . Politechnical महेन्द्रनगरको एउटा शाखाको रुपमा कृषि सम्बन्धी Agronomy) शिक्षा विभाग
- TSLC कक्षा (९-१२) अन्तर्गत कक्षा ९ मा सिविल इन्जिनियरिङ कोर्ष (जन जागृति मा.वि. चौरीको पठन-पाठन
- CTEVT को ANNEX कार्यक्रम अन्तर्गत सिविल इन्जिनियरिङको ओभरसियरको लागि भौतिक तथा अन्य अनुगमन भएको सरस्वती मा.वि. प्रतापपुर
- मा.वि./ आधारभूत तहमा कम्प्युटर र पेशा व्यवसायको पठन-पाठन सबै आधारभूत तहमा ।

## समस्या र चुनौतीहरु :

- भौतिक तथा जनशक्ति व्यवस्थापन ।
- भौतिक पुर्वाधार तथा जनशक्तिको लागि आर्थिक व्यवस्थापन ।
- निरन्तरताको समस्या ।
- स्नातकहरु (उत्तीर्ण भइसकेकाहरु) को काम पाउने समस्याहरु

## नीतिहरु :

## रणनीतिहरु/ कार्यनीतिहरु :

१) प्राविधिक/व्यवसाय उन्मुख शिक्षालाई निम्नानुसार उल्लेख गर्न सकिने न.पा. अन्तर्गतका माध्यमिक विद्यालयहरु :
   क) साधारण माध्यमिक विद्यालय
   ख) संस्कृत माध्यमिक विद्यालय
   ग) प्राविधिक तथा व्यवसाय उन्मुख विद्यालय
   घ) 'क' वा 'ख' मा कुनै एक विषय थपि पठन-पाठन गर्ने विद्यालयहरु ।

२) कृषि, भेटनरी, इन्जिनियरिङ, होटल व्यवस्थापन, कम्प्यूटर जस्ता विषयहरुको पठन-पाठन हुने गरी बेग्ला-बेग्लै केन्द्र (वडा/दुरी मिलाउँदै) मा स्थापना गर्ने ।

३) साधारण वा संस्कृत माध्यमिक विद्यालयहरुमा न.पा.को अध्ययनमा दुरीगत/वडागत रुपमा थप १०० वा २०० पूर्णाङ्कको सहायक विषयको रुपमा (कृषि सम्बन्धी अति आवश्यक वन बिज्ञान, पशुपालन, प्लम्बीङ्ग, विद्युत जडान, जुस/कफी बनाउने, कुक, कपाल काट्ने, वर्कसप सम्बन्धी ज्ञान आदि) राख्न सकिने ।

४) ANNEX कार्यक्रम अन्तर्गत CTEVT लगायत अन्य व्यवसायिक विषयहरु विद्यालयमा राख्न सकिने । त्यसको लागि विद्यालय र न.पा.को संयुक्त सहमतिमा गरिने ।

५) नगर शिक्षा समितिमा त्यस्ता प्राविधिक/व्यवसायउन्मुख विषय अध्यापन गराइने विद्यालयहरुका प्रतिनिधि (प्र.अ./वि.व्य.स.) अध्यक्षहरु मध्ये एक जना राख्ने व्यवस्था गर्न सकिने ।

६) प्राविधिक/व्यवसायउन्मुख विषयहरु सञ्चालन गर्दा न.पा.र उक्त विद्यालयसँग सम्झौता गर्ने र प्रतिबद्धता व्यक्त गर्न लगाउने ।

७) नगरपालिकाले त्यस्ता विषय पठन-पाठन गर्ने विद्यालयहरुलाई आवश्यक पर्ने भौतिक/आर्थिक लगायत अन्य सहयोग गर्ने ।

८) नगरपालिकाले माध्यमिक तहसम्मका विद्यार्थीहरुलाई स्वस्थ तथा नैतिकवान् बनाउन बजेट विनियोजन गरी योग शिक्षा लागु गर्नु पर्ने ।

- **सम्भावित जोखिमहरु :**

सम्भावित जोखिम अन्तर्गत समस्या र चुनौतीमा उल्लेख भए अनुसार लगायत निम्न सम्भावित जोखिम रहन सक्ने छन ।

क) प्रतिबद्धता जनाउने समुहहरु तथा पदाधिकारीहरु परिवर्तन हुँदा कार्यक्रम मर्म अनुसार नहुने ।

ख) चलाइएका व्यावसायिक विद्या (विषयहरु) दीर्घकालीक नभएमा आवश्यकता महसुस कम भई लगानी खेर जाने ।

ग) बजारमा विक्ने जनशक्ति उत्पादन गर्न नसक्दा त्यस विषयप्रति रुचि कम हुँदै जाने ।

घ) यस्ता विषयहरु सञ्चालनमा अत्यधिक लगानी समेत हुन सक्ने हुँदा अन्य क्षेत्र ओझेलमा पर्न सक्ने ।

- **समाधानका उपायहरु :**

क) प्रतिबद्धता जनाउने समूहका कुराहरुलाई व्यापक ( सार्वजनिक) गरिनु पर्ने ।

ख) दीर्घकालीक र मानवीय आवश्यकतालाई दृष्टिगत गरी विधा (विषयहरु) छनौट गर्न विज्ञको सहायता लिने ।

ग) व्यापक परामर्श र विज्ञवीच छलफल चलाउने ।

घ) आवश्यकताअनुसार व्यवसायिक विषय र अन्य सामाजिक नैतिक विधालाई निश्चित रकम छुट्याई अनुपातका आधारमा प्राविधिक/व्यावसाय उन्मुख शिक्षा दिइने नीति अवलम्बन गर्न गरिने ।

## ४. अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षा

लम्कीचुहा नगरपालिकामा अनौपचारिक शिक्षाको स्थिति ज्यादै चिन्तनीय र गम्धीर छ । यस नगर पालिकाका १० वटै वडामा विगत वर्षहरुमा अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षा कार्यक्रमका थुप्रै कक्षाहरु सञ्चालन हुँदै आएका छन् । विगतमा पनि विभिन्न संघसंस्थाले प्रौढशिक्षाका नाममा अनेकौं कक्षाहरु सुचारु नभएका होइनन् । तर कार्यक्रममा संलग्न सहयोगी कार्यकर्ता सिकारुहरुको अरुचि र अनौपचारिक शिक्षाका कक्षा सञ्चालनको कामलाई सामान्य आर्जनका हिसाबले हेर्ने दृष्टिकोणले यस नगर पालिकाका वडा तहको साक्षरता दरमा खासै भिन्नता आउन नसकेको देखिन्छ । निरक्षर व्यक्तिहरुका लागि अवसरको रुपमा लिएर समाजका प्रबुद्धवर्ग, निरक्षरका परिवारका सदस्य, सामाजिक अगुवा समेतले चासो लिन थालेको थोरै भएको छ । यस चासोलाई कार्यरुपमा बदल्दा यस नगर पालिकाको निरक्षरता उन्मूलन हुने कुरामा दुबिधा छैन ।

लम्कीचुहा नगरपालिका

२०६७ सालमा ज्ञानकुञ्ज सामुदायिक सिकाइ केन्द्र बलियाको स्थापना भएपछि यस केन्द्रले ७ वटा गाउँविकास समिति हेर्ने गरी अनौपचारिक शिक्षाको पाटो पनि यस केन्द्रलाई जिम्मा दिइयो । तर अनौपचारिक कक्षाहरु सञ्चालन गर्ने पूरै जिम्मेवारी भने केन्द्रलाई मात्र नदिई अन्य गैरसरकारी संस्थाहरुलाई समेत दिइएको थियो । २०७० सालमा यो केन्द्र लम्कीचुहा नगरपालिकाको मात्र केन्द्र बन्न पुग्यो र सोही वर्षदेखि केन्द्रले पेस गरेको अनौपचारिक शिक्षाका निरक्षरहरुको तथ्याङ्कमा आधारित भएर पूरै नगरपालिकाको निरक्षरता उन्मूलन गर्ने गरी निरन्तर शिक्षाका कक्षाहरु सञ्चालन भए । २०७०/०७१ मा ४३० कोटा, २०७१/०७२ मा ३४२ कोटा, २०७२/०७३ मा २२ कोटा, २०७३/०७४ मा २२ कोटा र चालु आ. व. २०७४/०७५ मा २२ कोटा सञ्चालनमा रहेका छन् । यस नगरपालिकाको हालको साक्षरताको दर ७५ प्रतिशत नाघेकोछ । बाँकी रहेको २५ प्रतिशतमा जतिपटक साक्षरता सर्वे गरेपनि कामकाजी महिला, दीर्घरोगी, वृद्धवृद्धा, अशक्त-अपाङ्ग, मुक्तकमैया, दलित परिवारका व्यक्तिहरुका साथै केही लोपोन्मुख जातिभित्र पनि साक्षरता कक्षामा रुचि नभएको देखिन्छ ।

**लक्षित वर्ग :**

यस लम्कीचुहा नगरपालिकाका भित्री बस्तीमा रहेका गरिबीको रेखामुनिका गरिबहरु, मजदूरहरु, कामदारहरु, विद्यालय जानबाट वञ्चित १५ वर्ष माथिका किशोरकिशोरी र ६० वर्ष मुनिका प्रौढ व्यक्तिहरु साक्षरता कक्षाका लागि लक्षित गरिएका हुन्छन् ।

**समस्या र चुनौतीहरु :**

१- स्थानीय व्यक्तिको अभिरुचि कम हुनु ।
२- कामदारवर्गका लागि साक्षरता कक्षामा सरिक हुने समय अभाव हुनु ।
३- शिक्षण प्रक्रियाका स्रोत, साधन र सामग्रीको अभाव हुनु ।
४- पाको उमेरका व्यक्तिहरु लाज, सरम र हिचकिचाहटका कारण कक्षामा सहभागी नहुनु ।
५- अधिकांश महिलाहरु निरक्षर रहेकोमा घरेलु कामबाट फुर्सद नहुनु ।
६- सहयोगी कार्यकर्ताको उदासीनता ।
७- निरन्तर अनुगमनको अभाव ।
८- निरन्तर शिक्षाका कक्षाको अपर्याप्तता ।

**नीतिहरु :**

१- विभिन्न उमेर समूहका व्यक्तिहरुलाई उनीहरुको आवश्यकता अनुसार व्याहारिक ज्ञान, सिप र सूचना दिइनेछ ।
२- शिक्षाको अवसरबाट वञ्चित तथा बिचैमा विद्यालय छाडेकाहरुलाई अवसर दिइनेछ ।
३- पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीलाई स्थानीयकरण गर्दै लगिने छ ।
४- समावेशी कक्षाहरु सञ्चालन गरिने छ ।
५- कार्यक्रमलाई सबलीकरण गर्न र कार्यरत जनशक्तिको कार्यक्षमता बढाउन तालिम र अनुगमन कार्यलाई प्राथमिकता दिइने छ ।
६- सामुदायिक सिकाइ केन्द्रलाई भौतिक सुबिधासम्पन्न र चुस्तदुरुस्त बनाइने छ ।
७- कक्षा ९-१२ मा सामाजिक अध्ययन तथा समाजशास्त्र विषयका विद्यार्थीहरुलाई प्रत्येकले १० जना निरक्षरलाई साक्षर गराउने जिम्मा दिइने छ ।

**रणनीतिहरु :**

१- प्रौढ साक्षरताका कक्षाहरुलाई प्राथमिक तहको समकक्षी सिकाइ मान्ने व्यवस्था मिलाउने र प्राथमिक तह कक्षा ५ उत्तीर्ण सरहको प्रमाण-पत्र दिने ।
२- नगरक्षेत्रभित्र खुला विद्यालय सञ्चालन गर्ने ।
३- छलफल सत्र, सञ्चार सूचनाका कार्यक्रम सञ्चालन गरी मौखिक साक्षरता कक्षा सञ्चालन गर्ने र स्वास्थ्य तथा कानुनीजस्ता सल्लाह दिने ।

लम्कीचुहा नगरपालिका

४- आयआर्जनसँग सम्बन्धित साक्षरोत्तर कक्षा सञ्चालन गर्ने ।

**कार्यनीतिहरु :**

१- बालबालिका, युवायुवती, दलित, जनजाति, महिला, धार्मिक समूह र जातजातिलाई कामको प्रकृति हेरी अनौपचारिक शिक्षामा सरिक गराइने छ ।

२- स्थानीय निकायको प्रत्यक्ष सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन रहनेछ ।

३- सम्बन्धित क्षेत्रकै सहयोगी कार्यकर्ता छनोट गरी सहज शिक्षणको वातावरण तयार पारिने छ ।

४- मातृभाषामा साक्षरता-सामग्री तयार पारिने छ ।

५- अनौपचारिक शिक्षासँग सम्बन्धित मानवीय स्रोतको विकास गरिने छ ।

**सुझावहरु :**

१- साक्षरता कक्षाहरु निरन्तर सञ्चालन गराउने ।

२- साक्षरतातर्फ छुट्याइएको रकम फ्रिज नहुने व्यवस्था मिलाउने ।

३- सिकाइ केन्द्रको पहुँच नभएको क्षेत्रमा विद्यालयहरुलाई पनि साक्षरताकोजिम्मेवारी दिने ।

४- दुबैवटा सिकाइ केन्द्रलाई स्रोतसम्पन्न बनाई विभिन्न तहका कक्षा सञ्चालन गर्ने जिम्मेवारी दिने ।

५-उपलब्धिका आधारमा सहयोगी कार्यकर्ता तथा सामाजिक परिचालिकालाई पुरस्कृत/प्रोत्साहित गर्ने ।

६-अनुगमन कार्यक्रमलाई एकीकृत गर्ने र स्थानीय तहका पदाधिकारीद्वारा सुपरीवेक्षणको व्यवस्था गर्ने ।

७- स्थानीय तहमा पाठ्यपुस्तक निर्माण गरी स्थानीय आवश्यकताका विषयहरु छनोट गरी अध्यापन गर्ने ।

## ५ शिक्षक व्यवस्थापन र पेसागत विकास

शिक्षाको गुणस्तर सुधार र व्यवस्थापन गर्न शिक्षक व्यवस्थापन गर्नु आवश्यक छ । विद्यालयको कक्षाकोठाको तहमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने समूह शिक्षक हो । देशका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने जिम्मा शिक्षकको हो ।

हाम्रो पूर्वीय सभ्यतामा शिक्षक अर्थात् गुरुको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । हाम्रा स्मृति, पुराण, उपनिषद्हरुमा गुरुलाई अथाह ज्ञानको भण्डारका रुपमा लिइएको छ । प्राचीन कालमा देवगुरु वृहस्पति र दानवगुरु शुक्राचार्यको चर्चा पाइन्छ । त्यस्तै वशिष्ठ, भारद्वाज, अत्रि, गौतम, दुर्वासा, मार्कण्डेय, परशुरामहरु आ-आफ्ना कालखण्डका ज्ञानका भण्डार थिए ।

विद्यालयका निश्चित तहमा निश्चित योग्यता र तालिम पूरा गरेका शिक्षकको आवश्यकता पर्दछ । विशेष गरी नेपालमा वि. सं. २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि शिक्षकको योग्यता, तह, तालिम, सेवा-सुबिधा आदिका बारेमा नीति बनेको पाइन्छ ।

**वर्तमान स्थिति :**

लम्कीचुहा नगरपालिकाका १० वटै वडामा हाल सरकारी अनुदान जाने सामुदायिक विद्यालय ४२ वटा र ३ वटा धार्मिक विद्यालय (गुरुकुल २ र मदरसा १) सञ्चालनमा आएका पाइन्छन् । संस्थागत विद्यालयको संख्या ४३ रहेको छ । संस्थागत विद्यालयमा शिक्षक संख्या पर्याप्त भएपनि शिक्षकको योग्यतामा कमी, तालिम, पुनर्ताजगी आदि पेसागत तालिमको पनि कमी रहेको र सेवाको अनिश्चितता र सुबिधा ज्यादै न्यून रहेको पाइएको छ । धेरैजसो संस्थागत विद्यालयमा भौतिक पूर्वाधारको राम्ररी व्यवस्थापन हुन नसकेको देखिन्छ । स्वीकृत कक्षाभन्दा बढी कक्षाहरु सञ्चालन गरेको र संरचना नै स्वीकृत नभएका विद्यालय सञ्चालन गरेको देखिन्छ । संयुक्त विद्यालय खोल्ने अनुमति कतैबाट पनि लिएको देखिएन । संस्थागत विद्यालयको शिक्षक भर्नाको लागि पनि निश्चित मापदण्ड र विद्यालयको वर्गीकरण गर्नु एकदम जरुरी भएको छ । वर्गीकरण गरेर मात्र मापदण्डका आधारमा शुल्क निर्धारणको प्रक्रिया तोक्नुपर्ने हुन्छ ।

**समस्या र चुनौती :**

यस लम्कीचुहा नगर पालिकाका सरकारी अनुदान प्राप्त विद्यालयहरुमा शिक्षक दरबन्दी अत्यन्त कम छ । सरकारी अनुमति प्राप्त विद्यालयमा कुनै प्रकारको दरबन्दी नभएका धेरै विद्यालय छन् । जनसिर्जना प्रा. वि. भल्का, सरस्वती प्रा. वि. डुमरिया बर्राचौर, सूर्योदय प्रा. वि. तोरीपुर, चम्किलो तारा प्रा. वि. चैनपुर, ज्ञानोदय प्रा. वि. चौरी, पुर्णिमा प्रा. वि. कौवापुर, शिवशक्ति श्रीविद्यापीठ गुरुकुल विद्याश्रम लम्की, कालिका गुरुकुल बलचौर र तेघरीमा रहेको मदरसामा सरकारी अनुदान वा राहतको कुनै पनि दरबन्दी छैन । यी विद्यालयहरु भौतिक पूर्वाधारको अभाव पनि बेहोरिरहेका छन् ।

बालविकासका सहयोगी कार्यकर्ताहरु भने केही ठाउँमा कार्यरत छन् । अन्य व्यवस्थापन स्थानीय स्रोतमा अपर्याप्त रुपमा भएको छ । यीमध्ये अधिकांश विद्यालय मर्ज हुनसक्ने अवस्थामा देखिन्छन् । जनचेतना प्रावि मोतीपुर, जनचेतना प्रा. वि. थपालीपुर, सहिदस्मृति मा. वि. लम्की, सरस्वती मा. वि. दक्षिण भुरुवा, रा. मा. वि. थापापुर, दुर्गा आ. वि. मैनवाडाँडा, लक्ष्मी आ. वि बङ्गालीपुर, बाँसघारी प्रा. वि. खरौला, रा. मा. वि. गप्का आदि विद्यालयहरु पनि एकदम रुग्ण अवस्थामा सञ्चालनमा रहेका छन् । अधिकांश शिक्षकहरु स्थानीयस्रोतमा नियुक्त गरिएका छन् । तलबभत्ताको स्रोत कतैबाट पनि व्यवस्था गरिएको छैन । लाखौं रुपियाँ विद्यालयको नाममा ऋण चढेको छ । जथाभावी शिक्षक भर्ना गर्ने र विना आर्थिक स्रोत व्यवस्थापनको तलबभत्ता वृद्धि गर्ने रबैयालाई नगरपालिकाले तुरुन्त रोक लगाउनु पर्दछ । माग भएर आउनेबित्तिकै स्रोत व्यवस्थापनलाई नहेरी विद्यालय खोल्ने अनुमति पनि दिनु हुँदैन । स्थलगत अध्ययन गरी जनप्रतिनिधिहरुको समेत सहमतिमा सरकारी विद्यालयको अनुमति दिनुपर्दछ ।

यस नगरपालिकाका १० वटै वडामा भएका सामुदायिक विद्यालयमा करिब १५३१६ विद्यार्थी कक्षा १ देखि १२ सम्म अध्ययनरत छन् । शिक्षक भने सरकारी दरबन्दीमा ७६ जना मात्र छन् । राहत शिक्षक १४७ जना र स्थानीयस्रोत शिक्षक १८२ जना कार्यरत छन् । यस अतिरिक्त लेखापाल, कार्यालय सहयोगी, ग्रन्थपाल, चौकीदार, माली, स्विपर आदि पनि स्थानीय स्रोतमा कार्यरत छन् । थुप्रै विद्यालयमा आंशिक शिक्षकको पनि व्यवस्था गरिएको छ । १०५ जना बालविकास स. का. कार्यरत छन् । सरकारी दरबन्दीका शिक्षकको शिक्षक विद्यार्थी अनुपात १:२०१.५२ रहेको छ । सरकारी र राहतको शिक्षकविद्यार्थी अनुपात १ : ६९ रहेको छ भने स्थानीयस्रोत शिक्षक जोड्दा शिक्षकविद्यार्थी अनुपात १ : ३८ रहेको पाइन्छ ।

आफ्नो तहमा नियुक्ति भएका तर सो तहबाट विद्यालयको आन्तरिक व्यवस्था अनुसार मा. वि., नि. मा. वि., उ. मा. वि. तहमा थप सेवासुबिधा लिई पढाइरहेका शिक्षकहरु पनि छन् । एक विद्यालयको एउटा तहमा कार्यरत शिक्षक सोही समयमा अर्को विद्यालयमा कार्यरत रहेको पनि देखिएको छ । बाल विकास स. का. ले आफ्नो तह छाडि प्रा. वि. नि. मा. वि. कक्षा लिने र थप सुबिधा लिने गरेको पाइएको छ । अध्यापन अनुमति पत्र नलिएका शिक्षकहरुको संख्या १०० भन्दा बढी छ ।यो अराजकता र बिल्लीबाँठलाई

लम्कीचुहा नगरपालिका

नगरपालिकाले नियन्त्रण गर्नु आवश्यक छ । बिना आवश्यकता खुलेका विद्यालय मर्ज गरी विद्यालयक्षेत्रको नक्शाङ्कन गर्नुपर्छ । विद्यालयबाहिर रहेका विद्यार्थीहरुको तथ्याङ्क विवरण सङ्कलन गरी आवश्यक ठाउँमा विद्यालय सञ्चालन अनुमति दिनुपर्दछ ।

**नीतिहरु :**

१- यस लम्कीचुहा नगरपालिका भित्रका विद्यालयहरुलाई साधनस्रोत सम्पन्न बनाई आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गरिने छ ।

२- विद्यालय र समुदायमा कार्यरत बालविकास स. का. हरुको उचित व्यवस्थापन गरी साबिक पदको सेवाप्रति प्रतिबद्ध बनाइने छ । न्यून योग्यता भएका बालविकासका स. का.हरुलाई आवश्यक योग्यता हासिल गर्ने अवसर दिइने छ ।

३- सबै तहका शिक्षकहरुको दरबन्दी मिलान गरिने छ ।

४- सबै शिक्षकहरुलाई गोग्यता विकास, तालिम र पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ ।

५- शिक्षकहरुलाई पेसागत सङ्गठनबाहेक कुनै राजनीतिक सङ्गठनमा आबद्ध हुन दिइने छैन ।

६- शिक्षकले नियुक्ति पाएको तहमा मात्र कार्यरत रहन पाउने छन् ।

७- शिक्षकलेआफू कार्यरत रहेको विद्यालयमा पूरै समय बिताउनु पर्नेछ ।

८- हालसम्म स्थानीय स्रोतमा काम गरेका तर अध्यापन अनुमतिपत्र नलिएका, प्रक्रिया नपुऱ्याई नियुक्त गरिएका र उमेरहद नाघेका शिक्षकहरुलाई सेवाबाट हटाइने छ ।

९- स्थानीयस्रोत शिक्षकमा नियुक्ति लिई लामो समयदेखि तलबभत्ता पाउन नसकेका शिक्षकहरुलाई उचित पारिश्रमिक र सुबिधा दिई सेवाबाट हटाइने छ र नगरपालिकाको आवश्यकता अनुसार अन्य सेवामा प्राथमिकता दिई नियुक्त गर्न सकिने छ ।

१०- कुनै पनि पूर्णकालीन शिक्षक अर्को कुनै पनि विद्यालय वा संस्थामा पूर्णकालीन नियुक्ति लिई कार्यरत रहन पाउने छैन ।

११- कुनै शिक्षकले आफू कार्यरत रहेको विद्यालयको समय अघि वा पछिको समयमा शिक्षण वा अन्य लाभको काम गर्नुपर्ने भएमा सम्बन्धित विद्यालयको सिफारिसमा नगरपालिका शिक्षा समितिको पूर्वस्वीकृति लिई आंशिक रुपमा काम गर्न सक्नेछ ।

१२- जथाभावी विदा बस्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ । बिदा स्वीकृत नगराएर बिदा बसेको देखिएमा सो अवधिको शिक्षकको तलब कट्टा गरी विद्यालय कोषमा जम्मा गरिने छ ।

**रणनीतिहरु :**

१-लम्कीचुहा नगरपालिकाका शिक्षकहरुको नियन्त्रण, रेखदेख र सुपरीवेक्षण स्थानीय शिक्षा शाखाबाट हुनेछ ।

२- शिक्षकहरुको नियुक्ति प्रक्रियाको लागि नगरपालिका क्षेत्रभित्र स्थानीय शिक्षा शाखाको मातहतमा एउटा शिक्षक छनोट उपसमिति रहनेछ । छनोट उपसमिति नगर शिक्षा समितिले ३ वर्षका लागि गठन गर्नेछ र उपसमितिको काम, कर्तव्य र अधिकार नगर शिक्षा समितिले तोकेबमोजिम हुनेछ । छनोट उपसमितिले शिक्षक छनोट गर्दा सम्बन्धित विद्यालयको प्र. अ.लाई अनिवार्य रुपमा छनोट समितिमा सदस्य-सचिवको रुपमा समावेश गर्नेछ । शिक्षक छनोट गर्दा बढीमा २ जना सम्बन्धित विषयविज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

३- शिक्षकहरुलाई शिक्षणबाहेक अन्य काममा खटाउँदा वरिष्ठताका आधारमा खटाइने छ । तर योग्यता विकासमा सबै शिक्षकहरुलाई समान अवसर दिइने छ ।

४- सामुदायिक विद्यालयमा प्रधानाध्यापकको नियुक्ति सकभर स्थायी शिक्षकबाट गरिने छ ।

५- लामो समयसम्म एउटै विद्यालयमा काम गरिरहेका शिक्षकहरुलाई दरबन्दी तथा विषय मिलान गरी सकभर विपायक नपर्ने गरी लम्कीचुहा नगरक्षेत्रभित्र अन्तरविद्यालय सरुवा गरिने छ ।

**कार्यनीतिहरु :**

१- यस नगरपालिकामा कार्यरत सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुको पेसागत हकहितको पूर्णतया सुरक्षा गरिने छ ।

२- यस नगरपालिका क्षेत्रभित्र खुलेका मापदण्ड पूरा गरी वर्गीकृत गरिएका संस्थागत विद्यालयहरुले वर्गीकरण गरिए अनुसार शुल्क लिन पाउनेछन् र प्रचलित नियम अनुसारको तलबभत्ता शिक्षकहरुलाई उपलब्ध गराउनेछन् ।

३- विद्यालयहरुको कमजोर आर्थिक अवस्था र न्यून सुबिधा लिई सेवा दिइरहेका शिक्षकहरुको अवस्थालाई हेरी विद्यालयहरु मर्ज गर्न सकिने छ । विदालय मर्ज गर्दा विद्यालयको आर्थिक, भौतिक अवस्था, विद्यार्थी संख्या र समुदायको चासोलाई ध्यान दिइने छ ।

४- विद्यालय मर्ज हुँदा मर्ज भएको तहको शिक्षक संख्या गाभिएको विद्यालयमा समायोजन गरिने छ । गाभिएको विद्यालयमा बढी शिक्षक हुने भएमा मात्र अन्यत्र सरुवा गरिने छ वा अर्को व्यवस्था गरिने छ

५- कक्षा ११/१२ का विषयहरुको पठनपाठन स्नातकोत्तर योग्यता पुगेका शिक्षकहरुलाई मात्र अध्यापन गर्न लगाइने छ ।

**सम्भावित जोखिम तथा सुझावहरु :**

१- कक्षा १ देखि १२ सम्मका कक्षाहरु एउटै समयमा बिहान १० बजेदेखि सञ्चालन गर्नुपर्ने ।

२- विद्यालय मर्ज गर्दा शिक्षक संख्या फाजिल हुने, निर्माण भैसकेका भौतिक संरचना प्रयोग विहीन भई खेर जाने र समुदायका साना बालबालिकाहरुलाई विद्यालयसम्म पुग्न असजिलो हुने स्थिति देखा पर्न सक्छ । यस्तो स्थितिमा बालविकास तथा पूर्वप्राथमिक कक्षाहरु सोही विद्यालयमा कायम गर्ने, खालि रहेका भौतिक संरचना भवनहरु नगरपालिकाको प्रयोजनका लागि प्रयोग गर्ने, अन्यसामग्री गाभिएको विद्यालयमा प्रयोगमा ल्याउने र शिक्षकहरुलाई अन्य विद्यालयमा समायोजन गर्ने ।

- विद्यालय मर्ज गर्दा वा गाभ्दा आवश्यकता अनुसार कुनै तह, कक्षा वा पूरै विद्यालय गाभ्न सकिनेछ ।
- यसरी मर्ज गर्दा वा गाभ्दा विद्यालय व्यवस्थापन समितिको परामर्श आवश्यक हुनेछ ।

३- सबैतहका सबै प्रकारका शिक्षकहरुको पोसाकमा एकरुपता ल्याउने र स्थानीय स्रोत शिक्षकहरुलाई समेत सरकारी दरबन्दीमा कार्यरत शिक्षकले पाउने रकमको आधा रकम विद्यालय कोषबाट उपलब्ध गराउने ।

४- माध्यमिक तहको शिक्षकले एक हप्तामा  कम्तीमा २४ पिरियड शिक्षण गर्नु अनिवार्य हुनेछ ।

५- राहत शिक्षकमा कार्यरत शिक्षकको सरकारी शिक्षकसरह विदा सञ्चित हुनेछ । स्थानीयस्रोत शिक्षकको हकमा विद्यालयले निर्णय गरेबमोजिम हुने ।

६- कक्षा ९ देखि १२ मा इच्छाधीन विषयहरु छनोट गर्दा कृषि लगायतका व्यावसायिक तथा प्राविधिक विषयहरु छनोट गर्ने ।

७- कक्षा ९/१२ मा छुट्टै इच्छाधीन विषय समूह राख्दा कम्तीमा पनि १० जना विद्यार्थी हुनु अनविार्य गर्ने ।

८- विद्यालयले कक्षा ११/१२ मा विषय समूह चलाउँदा विज्ञानबाहेक अन्य २ समूहमात्र चलाउन पाउने

९- विद्यालयको भौगोलिक अवस्थितिलाई हेरी विषयसमूह वा विषयहरु मिलान गरी कक्षा सञ्चालन गर्न दिइने छ ।

१०- सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने व्यवस्था मिलाउने । तत्काल सो सम्भव नभएका विद्यालयमा गणित, विज्ञान, कम्प्युटर, पेसा तथा व्यवसाय र सबै प्राविधिक विषयहरु अंग्रेजी माध्यममा पठनपाठन गराउन अनिवार्य गर्ने ।

११- लम्की चुहा नगरपालिका स्वयंले वा नगरक्षेत्रभित्र रहेका संघसंस्थाले स्थानीय निकायको सहमति र निर्देशनमा सम्झौता गरी निश्चित अवधिका लागि भौतिक संरचना, शिक्षक दरबन्दी र शैक्षणिक सामग्रीको बन्दोबस्त गरी व्यवस्थित नमूना विद्यालय सञ्चालन गर्ने र त्यस्ता विद्यालयको सम्पूर्ण खर्च विद्यालय खोल्ने संस्थाले बेहोर्नुपर्ने छ ।

१२ लम्कीचुहा नगरपालिकाले अति विपन्न गरिब, दलित, लोपोन्मुख र असहाय परिवारका छात्राहरुका लागि कोटा तोकी कक्षा १ देखि १० सम्म सञ्चालन हुने गरी कन्या विद्यालय (Girls School) खोल्ने छ र शिक्षक तथा कर्मचारीहरु पनि महिला नै भर्ना गर्ने व्यवस्था मिलाउने छ । उक्त विद्यालय आवासीय हुनेछ ।
१३- शिक्षकहरुलाई विभिन्न सुविधाको व्यवस्था गरी योग्यतम जनशक्ति शिक्षण पेसामा भित्र्याउने व्यवस्था गर्ने ।
१४- स्थानीयस्रोत शिक्षकको तहगत आधारमा तलबभत्तामा एकरुपता कायम गरिने छ ।
१५- धार्मिक प्रकृतिका विद्यालयलाई भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्ने, अनुदान दिने, छात्रवृत्ति, पुस्तकवापतको रकम र शैक्षणिक सामग्रीको सहयोग गर्ने, त. भ. अनुदान र एकमुस्ट अनुदान दिने तथा व्यवस्थित गर्ने ।
१६- कालीमाता आश्रम बलचौरमा सञ्चालन हुन नसकेको कालिका गुरुकुललाई नीतिनियमको दायरामा ल्याई सञ्चालन गराइने छ र नियमानुसार सञ्चालन नभएको पाइएमा गुरुकुल बन्द गरिने छ ।
१७-आवासीय रुपमा सञ्चालन भएका गुरुकुल विद्यालय, आश्रम तथा मदरसालाई धार्मिक आवासीय तर्फको विनियमावली अनिवार्य रुपमा बनाई नगरपालिकाबाट स्वीकृत गराई लागू गर्न लगाइने छ र लागू भएनभएको कडाइका साथ अनुगमन गरी पालन गर्न लगाइने छ ।
१८- कुनै अनुमति प्राप्त सामुदायिक विद्यालयले आफूलाई प्राप्त सबै दरबन्दी नगरपालिकाको शिक्षा शाखालाई फिर्ता गरी शिक्षकलगायत विद्यालय व्यवस्थापनका सम्पूर्ण पक्षहरु आफैले व्यवस्थापन गर्ने गरी विद्यालयलाई प्राप्त हुने एकमुस्ट अनुदान लिन चाहेमा तोकिएको सर्तभित्र विद्यालय सञ्चालन गर्ने गरी एकमुस्ट अनुदान पाउने व्यवस्था गर्न सकिने छ ।
१९- राम्रो काम गर्ने शिक्षकलाई तहवृद्धि, ग्रेडवृद्धि अन्य सुबिधा वृद्धि गरी प्रोत्साहित गरिने र आफ्नो काममा लापर्बाही गर्ने, आर्थिक हिनामिना गर्ने, पटकपटक गैरहाजिर हुने, मादक पदार्थ सेवन गरी शिक्षण संस्थामा जाने, भ्रष्ट व्यवहार गर्ने, शिक्षणमा समुचित सुधार गर्न नसक्ने, पटक-पटक कमजोरी दोहोऱ्याउने शिक्षकलाई स्पष्टीकरण माग गर्ने, ग्रेड रोक्का गर्ने, घटुवा गर्ने आदि गरी दण्डित गरिने छ र अन्ततः नोकरीबाट हटाउने सम्मको कार्यबाही गरिने छ ।

## ६ विद्यार्थी सिकाइ मूल्याङ्कन

**अवधारणा :**

❖ for Achievement भन्ने धारणालाई व्यवहारमा ल्याउँदा विद्यार्थीको सिकाइलाई समृद्ध बनाउन सकिन्छ ।

**वर्तमान अवस्था :**

❖ समिति गठन कुनै विषयवस्तुको विशेषतासम्बन्धी निर्णय दिने कार्य मूल्याङ्कन हो । विद्यार्थीको सिकाइ उस्रोतकेन्द्र स्तरीय

❖ परीक्षा पलब्धि मूल्याङ्कनले विद्यार्थीको ज्ञान, सीप, धारणा र व्यवहारका गुणहरुसम्बन्धी निर्णय दिने कार्य गर्दछ ।

❖ जाँच वा परीक्षा Test/Examination मापन Measurement विश्लेषण Assessment र निर्णय दिनु Discision Providing मूल्याङ्कन प्रक्रियाका अनिवार्य चरणहरु हुन् । यी प्रत्येक चरणहरुभित्र पनि पूरा गर्नुपर्ने विभिन्न आवश्यक प्रक्रियाहरु हुन्छन् ।

❖ विद्याालय तह पाठ्यक्रमले निर्माणात्मक र निर्णयात्मक दुबै खालका मूल्याङ्कन गर्नुपर्ने व्यवस्था निर्दिष्ट गरेको छ ।

❖ सिकाइको मूल्याङ्कन Evaluation of Achievement भन्ने धारणालाई बदलेर सिकाइका लागि मूल्याङ्कन Evaluation भएको ।

लम्कीचुहा नगरपालिका

- ❖ स्रोतकेन्द्र स्तरीय परीक्षा समितिले निर्णयात्मक मूल्याङ्कन (प्रथम त्रैमासिक, द्वितीय त्रैमासिक, अन्तिम परीक्षा) लाई मात्र आधार मानी प्रतिफल प्रकाशित गर्ने गरेको ।
- ❖ गृहकार्य जाँच, नियमित कक्षा हाजिरी, अतिरिक्त क्रियाकलापहरु र सहक्रियाकलापहरु सञ्चालन गर्ने गरेको ।
- ❖ केही विद्यालयहरुमा मात्र निरन्तर मूल्याङ्कन गर्ने प्रयास भएको ।
- ❖ प्रश्नपत्र निर्माणमा आलोपालो प्रणाली लागू भएको ।

**समस्या र चुनौतीहरु** :

- ❖ प्रश्नपत्रमा वैधताको कमी तथा परीक्षा सञ्चालनलाई विश्वसनीय बनाउने आधार नहुँदा देखिएका समस्या ।
- ❖ विशिष्टीकरण तालिकाको प्रयोग नगरी प्रश्नपत्र निर्माण गर्दा प्रश्नहरुको व्यापकतामा समस्या ।
- ❖ शिक्षकहरुमा निरन्तर मूल्याङ्कन विधि सम्बन्धी अनुभव तथा तालिमको कमी ।
- ❖ मूल्याङ्कनलाई सिकाइको गुणस्तर वृद्धिमा सहयोग पुग्ने गरी कसरी उपयोग गर्ने भन्ने उत्साहको अभाव ।
- ❖ आधारभूत तहमा उदार कक्षा उन्नति LPP लाई सफल बनाउन निरन्तर मूल्याङ्कन प्रणाली CAS अनिवार्य लागू कसरी गर्न सकिन्छ ? नीति र अनुगमनको अभाव ।
- ❖ पास हुने गरी शिक्षण गर्नुपर्ने धारणालाई फेल गर्न नपाइने बुझाइ रहेको ।

**नीति :**

- ❖ गुणस्तरीय शिक्षाका लागि मूल्याङ्कन प्रक्रियालाई विधिवत् सञ्चालन गर्ने ।

**रणनीति :**

- ❖ विशिष्ट कक्षाहरुको छनोट गरी ती कक्षाहरुको अन्तिम परीक्षा केन्द्रीकृत मूल्याङ्कन केन्द्रमा परीक्षा लिई मूल्याङ्कन विश्लेषण गर्ने ।
- ❖ उपयुक्त स्थान छनोट गरी तालिम हब HUB छनोट गरी शैक्षिक सत्रको सुरुमा निरन्तर मूल्याङ्कन सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गर्ने र प्रत्येक ६/६ महिनामा अनुगमनको व्यवस्था गर्ने ।

**कार्यनीतिहरु :**

- ❖ कक्षा ३, ५ र ८ का लागि अन्तिम परीक्षाको केन्द्र तोकी समूह CLUSTER मा परीक्षा लिई उत्तरपुस्तिका “क्रस जाँच” मार्फत मूल्याङ्कन विश्लेषण गर्ने ।
- ❖ कक्षा १० को योग्यता परीक्षाको मूल्याङ्कन पनि कन्द्रीकृत गर्ने ।
- ❖ निरन्तर मूल्याङ्कनका लागि तालिम हब HUB मा अभिलेख सङ्कलन गर्नुका साथै विद्यालयहरुको ससाना समूह CLUSTER मा अन्तरक्रियाहरुको आयोजना गर्ने ।
- ❖ सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप ऋीग्क्त्भ्च मार्फत आयोजना गरी प्रतिस्पर्धा गराउने र ती क्रियाकलापहरुको रेकर्ड राखी निरन्तर मूल्याङ्कनमा प्रयोग गर्ने ।
- ❖ दैनिक हाजिरी कक्षागत नगरी विषयगत बनाउने र सो को अभिलेखलाई निर्माणत्मक मूल्याङ्कनमा प्रयोग गर्ने ।
- ❖ विद्यार्थीका मनोवैज्ञानिक पक्षहरु जस्तै : सहयोगी भावना, अनुशासित, उत्साहित, सृजनशील, सहनशील आदिलाई व्यावहारिक बनाई कार्य सञ्चयिकामा अभिलेख राख्ने ।
- ❖ कक्षाकार्य, गृहकार्य, स्वअभ्यास जस्ता नियमित परीक्षणको पृष्ठपोषण गरी अभिलेखमा राख्ने ।

नगरपालिका

**सम्भावित जोखिम र समाधानका उपायहरु :**

- ❖ केन्द्रीकृत मूल्याङ्कन केन्द्र, विद्यालय समूह Cluster तालिम हब छनोट गर्दा विद्यालयको नक्शाङ्कन गर्नुपर्ने हुन्छ । अड्कलको भरमा सो कार्य सम्पन्न गर्दा परिणाम उल्टो आउन सक्छ ।
- ❖ विद्यालय प्रधानाध्यापक, वि. व्य. स. प्रतिनिधि, विद्यालय निरीक्षक, स्रोतव्यक्ति र नगरपालिकाको प्रतिनिधि सहितको अन्तरक्रियाबाट उक्त छनोट कार्य सम्पन्न गर्न सकिन्छ ।
- ❖ प्रश्नपत्र सँगालो त्तगभकतष्यल द्बबलप निर्माण उत्तरपुस्तिका परीक्षण, विशिष्टीकरण तालिका निर्माण, परीक्षा योजना क्यालेन्डर निर्माण आदिका लागि विज्ञ छनोटमा विभिन्न कारणहरु बाधक हुन सक्छन् ।
- ❖ उल्लेखित कार्य सम्पन्न गर्न विज्ञको आधार योग्यता पहिले नै निर्धारण गरी नगर शिक्षा समितिले छनौट गर्ने ।
- ❖ मूल्याङ्कन प्रक्रियाले सिकाइको गुणस्तर वृद्धि गर्न उल्लेखित कार्य सम्पन्न गर्न आर्थिक भार थपिन सक्छ ।
- ❖ नगरको शैक्षिक बजेट र विद्यालयहरुको परीक्षाको आम्दानीले उक्त कार्यहरु सुरु गर्न सकिन्छ ।
- ❖ मूल्याङ्कन प्रक्रियाहरु सम्पन्न गर्दा शिक्षण समय अवधी घट्न सक्छ ।
- ❖ अतिरिक्त क्रियाकलाप, निरन्तर मूल्याङ्कन कार्यक्रम, गोष्ठीहरु सकेसम्म विद्यालय बिदाको समय उपयोग गर्नु उपयुक्त हुन्छ ।
- ❖ परीक्षालाई मर्यादित बनाउन नगर परीक्षा बोर्डको गठन गर्ने र विभिन्न विषयका विशेषज्ञ शिक्षक राखी प्रश्नपत्र निर्माण, मोडरेसन गर्ने र उत्तरपुस्तिा पनि विज्ञद्वारा नै परिष्कार गराउने व्यवस्था गर्नुपर्दछ ।
- ❖ सिकाइ उपलब्धि परीक्षणका लागि स्याम्पल परीक्षाको आयाजना गर्नुपर्दछ ।
- ❖ सामुदायिक विद्यालयबाट SEE र कक्षा १२ को परीक्षामा राम्रो GPA ल्याउने कम्तीमा पनि ५ जना छात्र र ५ जना छात्रालाई प्रोत्साहन स्वरुप नगरपालिकाबाट पुरस्कार वा छात्रवृत्तिको व्यवस्था गर्नुपर्दछ ।

**७ विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण**

**क) वर्तमान अवस्था :**

हाम्रो विद्यालय सुरक्षा योजना व्यवस्थित छैन । विद्यालयका भौतिक संरचना मापदण्ड अनुसार बनेका छैनन् । शिक्षा कार्यालयबाट प्राप्त भौतिक संरचनाको मापदण्ड तोकिए पनि सो मापदण्ड निर्माण कार्यमा कार्यान्वयन हुन सकेको छैन । भवन निर्माण कार्यमा आवश्यक प्राविधिक जनशक्तिको अभाव, गुणस्तरहिन निर्माण सामाग्रीको प्रयोग, आर्थिक अपारदर्शिता, काम गर्ने जनशक्तिलाई तालिमको व्यवस्थाको कमीका कारण निर्माण गरिएका अधिकांश भौतिक संरचना सुरक्षित छैनन् । विद्यालय क्षेत्रमा निर्माण गरिने भौतिक कार्य गर्नुभन्दा अगावै निर्माण स्थलको परिक्षण र दिगोपना, त्यसले बालबालिकाको दैनिक जीवनमा पार्ने प्रभाव, विपद् प्रतिरोधी क्षमता, बहु आयामिक विपद् जोखिम न्यूनीकरण क्षमता जस्ता महत्वपूर्ण विषयमा शुक्ष्म विश्लेषण नगरी निर्माण गरीने वर्तमान पद्धतिले दिन प्रति दिन विद्यालय असुरक्षित बन्दै गईरहेका छन् ।

विद्यमान सरकारी संयन्त्रमार्फत बाल विकास, शिक्षक, प्र.अ., वि.व्य.स, अभिभावक, समुदाय, शिक्षासंग सम्बन्धित अधिकारी लगायत सबै तहका पक्षलाई जानकारी गराउनका लागि विद्यालयमा विपद् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षाका न्यूनतम प्याकेजको पहिचान गर्न सकिएको छैन । विपद् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षाको मुलप्रवाहीकरण सुनिश्चित गर्न शिक्षा मन्त्रालय तथा विभागका नेतृत्वदायी अधिकारीहरुलाई सहयोग पुऱ्याउन विपद् जोखिम न्यूनीकरण सम्वद्ध मुख्य पात्रहरु तथा चालु एवम् भविष्यमा सञ्चालन हुने कार्यक्रमको विस्तृत आकलन हुन सकेको छैन ।

यसरी सबै प्रकारका विद्यालयहरु विपद प्रति प्रतिरोधी भएको सुनिश्चित गर्नका साथै सबै विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्राप्तगर्न, सुरक्षित स्थान सुनिश्चित गर्न, सुरक्षित स्थानको छनोट, भवन

संहिता, विपद् प्रतिरोधी, डिजाइन, प्रवलीकरण, निर्माण कार्यको सुपरिवेक्षण तथा गुणस्तरको नियन्त्रण गर्न आवश्यक देखिन्छ ।

हाम्रा विद्यालयहरुमा विपद पहिचान, विश्लेषण तथा प्रतिरोधका पूर्वतयारी, योजना निर्माण, कार्यान्वयन जस्ता सबलीकरण सम्बन्धी कार्यहरु गर्न सकिएको छैन । तर २०७२ को महाभुकम्प पश्चात सरकारी तथा गैरसरकारी तहबाट विद्यालय सुरक्षा तथा विपद जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन भईरहेका छन्, यस लम्कीचुहा नगरपालिका क्षेत्रका करिब १८ विद्यालयमा सामाजिक विकासका लागि सचेत समाज, जनगहीले विपद पहिचान, विद्यालय सुरक्षा यिोजना, प्रकोप न्यूनीकरण तथा पूर्वतयारी जस्ता महत्वपूर्ण कार्यक्रम संचालन गरिहेरहेको छ । विद्यालयका सरोकारवाला सबैलाई सक्रिय गराई विद्यालय सुरक्षा योजना निर्माण गरी त्यसलाई कार्यान्वियन गर्न जरुरी देखिन्छ ।

## २. विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरणमा देखिएका समस्या तथा चुनौतीहरु

कुनै पनि समस्याको समाधान गर्न योजना महत्वपूर्ण पक्ष हो, योजना विना गन्तव्य हाँसिल गर्न सकिदैन । नगरक्षेत्र भित्र संचालित सबै किसिमका विद्यालयमा सम्भावित प्रकोप, त्यसले निम्त्याउन सक्ने विपदका साथै बालबालिका तथा शिक्षण कार्यमा पार्ने प्रभावका बारेमा कुनैपनि पूर्वतयारी सम्बन्धी योजना निर्माण गर्ने पद्धति विकास नहुनु समस्याको रुपमा लिन सकिन्छ । विपद व्यवस्थापन सम्बन्धी गोष्ठी, छलफल, अन्तरक्रिया गर्ने प्रावधानको थालनी गरिएको छैन । जोखिम न्यूनीकरण सम्बन्धी समूह तथा समिति गठन गरिएका छैनन् । कार्ययोजना निर्माण र स्वमूल्याङ्कन गर्ने, परिपाटी देखिदैन सुरक्षा योजना तर्जुमा, प्रतिकार्यका लागि तयारी, समुदाय, परिवार र सार्वजनिक निकायहरु बिच सूचना आदान प्रदान गर्ने, सम्पर्क तथा समन्वय गर्ने गरिएको छैन । यसका साथै विद्यालय सुरक्षा तथा विपद जोखिम न्यूनीकरण सम्बन्धी वर्तमान समयमा निम्न समस्या तथा चुनौतीहरु देखिन्छन ।

- नगरक्षेत्रभित्र रहेका सबै सामुदायिक तथा संस्थागत विद्यालय भौतिक संरचना विपद प्रतिरोधी नहुनु ।
- भौतिक संरचना निर्माण प्रक्रिया परम्परागत हिसाबले बनेका
- भवन निर्माण आचार संहिता सम्बन्धी मापदण्ड लागु नभएको
- बहुआयमिक विपद प्रतिरोधी नाप, नक्सा आपूर्ति सम्बन्धी प्राविधिक जनशक्तिको अभाव देखिनु
- विपदप्रति विद्यालय सरोकार पक्ष सचेत भए पनि त्यसले निम्त्याउन सक्ने जोखिम प्रति संवेदनशिल नभएका
- भौतिक निर्माण प्रक्रियामा आर्थिक चुहावटका कारण गुणस्तर कायम गर्न कठिनाई भईरहेको
- सम्भावित प्रकोप, त्यसले विद्यासलय तहमा शिक्षण कार्यमा पार्ने प्रभावका बारेमा छलफल गरी न्यूनीकरण सम्बन्धी प्रतिकार्य योजनाको अभाव
- विद्यालय तहमा प्रकोप न्यूनीकरण सम्बन्धी समिति, उपसमिति गठन गर्ने कार्य योजना नभएको
- विद्यालयहरुले सम्भावित विपद पहिचान र जोखिम न्यूनीकरण सम्बन्धी विपद न्यूनीकरण सम्बन्धी कार्यपात्रो तयार गर्ने योजना बनाउने परिपाटी नभएको
- प्रकोप न्यूनीकरण तथा विद्यालय सुरक्षा कार्यक्रम संचालन गर्न आर्थिक अभाव सृजना हुने अवस्था देखिने
- सबै प्रकारका विद्यालयलाई सुरक्षित विद्यालय, बालमैत्री, अपाङ्ग मैत्री शिक्षक मैत्री वातावरण निर्माण गर्न ऐन, नियमको अभाव
- जिम्मेवार सरकारी निकायहरु बिच सूचना आदान प्रदान र समन्वयको अभाव

लम्कीचुहा नगरपालिका

## ३. विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण नीतिहरु

२०७२ साल बैशाख १२ गतेको महाभुकम्पबाट १४ जिल्लाका करिब ९ हजार विद्यालय नराम्ररी प्रभावित भएका छन भने १० लाख बालबालिकाको दैनिक पटनपाठन असर परेको छ । भुकम्प गएको २ वर्ष वितिसक्दा पनि भुकम्प प्रभावित क्षेत्रका विद्यालय संचालन, पुनःनिर्माण हुन सकेका छैन भने पठनपाठन सुचारु हुन सकेको छैन ।

नेपालका जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा सम्बन्धी नीतिहरु २०३९ सालमा केन्द्रिय सरकाद्वारा पारित गरिएको दैविक प्रकोप उद्धार ऐन पहिलो नीतिको रुपमा आएको देखिन्छ । त्यसमा प्रकोप प्रतिरोधको बारेमा ठोस नीति नभएता पनि प्रकोप पश्चात उद्धार कार्यक्रमका लागि केन्द्रिय, क्षेत्रीय र जिल्ला तहमा विपद उद्धार समिति तथा उपसमिति गठन गर्ने नीति रहेकमो छ ।

यसरी हाम्रो देशको सन्दर्भमा विपद जोखिम न्यूनीकरण तथा विद्यालय समुदाय सुरक्षा कार्यक्रमका निमित्त लागु गरिएका मोजुदा नीति, नियम तथा कानुनहरु निम्न प्रकार रहेका छन् ।

क) मोजुदा नीतिहरु :

१) दैविक प्रकोप उद्धार ऐन २०३९
२) स्थानीय स्वायत्त शासन ऐन २०५५
३) विपद जोखिम न्यूनीकरण व्यवस्थापन राष्ट्रिय रणनीति २०६६
४) विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका २०६८
५) राष्ट्रिय विपद प्रतिकार्य ढाँचा २०६९
६) विद्यालय क्षेत्र विकास योजना सन २०१६-२०२२

ख) **लम्कीचुहा नगरपालिका क्षेत्रभित्र आवश्यक पर्ने नीतिहरु**

१) विद्यालय क्षेत्र पहिचान नक्साङ्कन एकीकृत योजना निर्माण
२) नगरक्षेत्रभित्रका सम्भावित जोखिम पहिचान र विश्लेषणका साथै ततसम्बन्धी प्रतिकार्य योजना तर्जुमा रणनीति र स्पष्ट निर्देशिका सहितको पाठ्यक्रम
३) जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षाका लागि प्रकोप पहिचान, त्यसको सम्भावित असर तथा प्रकोप पात्रो निर्माण र त्यसको कार्यान्वयनको लागि विद्यालय तहमा उपसमिति र नगर क्षेत्रमा समावेशी समिति गठन र अनुगमन नीतिहरु
४) विपद जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा कार्यका लागि आवश्यक पर्ने प्राविधिक सहयोगका साथै स्रोत साधन उपलब्ध गराउने सम्बन्धी कार्ययोजना निर्माण गरी आगामी २०७५ बाट लागु गर्नुपर्ने देखिन्छ ।
५) सबै विद्यालय सुरक्षित, सबै बालबालिका सुरक्षित बनाउन भवन निर्माण नीति, निर्माण स्थल छनोट सम्बन्धी आवश्यक नीति

## ४. विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण रणनीति यस प्रकार छन्

### ५.१(अ) सुरक्षित सिकाइका सुविधा

५.१.१. सामुदायिक संस्थागत, धार्मिक लगायत सबै प्रकारका विद्यालयहरुमा सबै प्रकारका सिकाइ सुविधाहरु विपद प्रतिरोधी बनाउने ।

५.१.२. नयाँ विद्यालय भवन निर्माणका नमुना, डिजाइनहरु बहु प्रकारका विपदप्रति संवेदनशिल र अपाङ्ग,मैत्री बनाउने ।

लम्कीचुहा नगरपालिका

५.१.३ विद्यालयहरुको निर्माण तथा प्रवलिकरण कममा अधिकार प्राप्त सरकारी निकाय मार्फत प्राविधिक सहयोग तथा प्रमाणीकरण गराउने ।

५.१.४ सुरक्षित तथा जोखिम प्रतिरोधी विद्यालय भवन निर्माण मा सामुदायिक सङलग्नता सुनिस्चित गर्नका लागि स्पष्टमार्ग निर्देश तयार पार्ने

५.१.५ विद्यालय भवन निमार्णमा सङलग्न सबै संस्थाहरुलाइ सरकारी नियम कानुनको परिपालना गराउने,

५.१.६. स्रोत तथा लागत (मुल्याङ्कन, योजना, सुपरिवेक्षण, कार्यान्वयन परामर्श, समन्वय, अनुसन्धान र विकास, सचेतना तथा क्षमता विकास) को प्रतिबद्धता सहित सुरक्षित विद्यालय भवन निमार्ण पुन निमार्णका लागि  कार्य योजना बनाउने,

## ५.१(आ) विद्यालय विपद व्यवस्थापन

५.२.१. विभिन्न प्रकारका विपदका लागि विपद सम्बन्धी मुख्य सन्देश सहितको स्तरीय कार्य सञ्चालन प्रक्रियाहरु विद्यालयमा हुनुपर्ने छ। यसलाई विपद व्यवस्थापन सम्बद्ध अधिकारीहरुको समन्वयमा शिक्षा अधिकारीहरुबाट स्वकृत गर्ने ।

५.२.२. शिक्षक तालिम कार्यक्रममा जोखिम न्यूनिकरण सम्बन्धि सबै प्रमुख सन्देशहरु समेटी र विद्यार्थी, शिक्षक, वि.व्य.स. शि.अ.संघ तथा समुदायमा विभिन्न संयन्त्र मार्फत तिनको प्रचार-प्रसार गर्ने ।

५.२.३. शिक्षक प्र.अ. वि.व्य.स. लगायत नेपालमा जोखिम न्यूनिकरण तथा विद्यालय सुरक्षा सम्बद्ध सबै व्याक्ति वा निकायहरुका लागि सरकार द्धारा स्वकृत विपदका जोखिम न्यूनिकारण विषयक पाठय सामग्रीको सेट तयार गर्ने ।

५.२.४. भिडियो डिभिडी तथा नाटक जस्ता श्रव्य-दृश्य शिक्षण सिकाइ सामग्रीको निर्माण गरी प्रयोग गर्ने ।

५.२.५. विद्यालय सुधार योजनामा जोखिम आकलन तथा विद्यालय सुरक्षा योजनाको समायोजन गर्ने, सन्दर्भमा प्र.अ. तथा वि.व्य.स.लाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

५.२.६. विपद जोखिम न्यूनिकारण गर्ने सन्दर्भमा वि.व्य.स.ले. निवार्ह गर्नु पर्ने भुमिका तथा कार्यलाई दृष्टिगत गरी तिनको काम, कटवर्य अधिकारको पुनरावलोकन तथा परिमार्जन गर्ने ।

५.२.७.  जोखिम न्यूनिकारणमा सक्रिय सहभागिता सुनिश्चित गर्नका लागि बालबालिका, अभिमावक, परिवारका सदस्य तथा समुहदायलाई विपदका जोखिम न्यूनिकारण सम्बन्धि गतिविधिमा आवद्ध गराउने

५.२.८. बालबालिका तथा युवाहरुलाई परिवर्तनका सेवाहरु मानी तिनलाइ विपदका जोखिम न्यूनिकरणका सिकाइ क्रियाकलापमा सक्रिय रुपले सरिक गराउने ।

५.२. ९. यस प्रयोजनका लागि बालबल्व, इकोकल्व, युवाकल्व लगायत संघसंस्थालाई उपयोग गर्ने ।

५.२.१०. विपद व्यवस्थापन सम्बन्धि सबै सामग्रीहरुमा सबैको सहज पहुँच सुनिश्चित गराउने, त्यस्ता सामग्रीको विकास लैङ्गिक समानता तथा सामाजिक समावेशिताको सिद्धान्त अनुरुप हुने छन ।

५.२.११. २०७२ साल बैसाख १२ मा गएको भुकुम्प बाट हाँसिल अनुभवका आधारमा विपदको आपतकालीन योजना तथा तयारी योजनाहरुको पुनरावलोकन परिमार्जन एवम निरन्तर परिक्षण गराउने ।

## ५.३ (इ) विपद जोखिम न्यूनिकरण तथा उत्थानशिल्ता (Resolience)

५.३.१. शिक्षा

बालशिक्षा तथा विकासका चरण देखि माध्यमिक शिक्षा पाठयक्रमको पुनरावलोकन गरी तिनमा विपद जोखिम न्यूनिकरण तथा विद्यालय सुरक्षा शिक्ष्ननका सिकाइ उपलब्धि समायोजन गर्ने ।

५.३.२. परिमार्जित पाठनक्रमका आधारमा पूर्व सेवाकालिन-सेवाकालिन लगायत सबै प्रकारका शिक्षक तालिम सामग्रीलाई अध्यावधिक गर्ने ।

५.३.३. विपद जोखिम न्यूनिकरणका रणनितिप्रति विद्यार्थीहरु पुर्ण सचेत भएको तथा जोखिम युक्त वातावरणको आकलन गर्न सक्षम भई विपदका वेला मानवीय क्षतिलाई न्यून गराउने विषयको

सुनिश्चित गर्ने ।

५.३.४. जोखिम न्यूनकरण शिक्षालाई लैङ्गिक समानता एवम सामाजिक समावेशिकरणका सिद्धान्त अनुरुप बनाउने र सो माथी सबैको पहुँच सुनिश्चित गर्ने ।

५.३.५. विपद जोखिम न्यूनिकरण विषयबस्तु सबै तहका औपचारिक अनौपचारिक पेसागत एवम आधारभुत चेतनाको तह हरेक व्यावसायिक तालिम सम्मका पाठ्यक्रममा एकीकृत गर्ने ।

५.३.६. जोखिम न्यूनिकरण तथा उत्यानशिल्ता शिक्षा प्रदान गर्न स्थानीय पाठयक्रम लगायतका प्रावधानको प्रयोग गर्ने ।

५.३.७. उपयुक्त स्थानको प्रयोग गरी अनौपचारिक शिक्षाको माध्याम बाट जोखिम न्यूनिकरण तथा जोखिम उत्यानशिल्ता शिक्षाको प्रविधिकरण गर्ने ।

५.३.८. बालबालिका अभिभावक, तथा समुदायमा यसलाई प्रविधिकरण गर्ने विभिन्न साधनहरुको प्रयोगको प्रर्बधन गर्न एउटा सञ्चार रणनितिको विकास गर्ने ।

## ५. विद्यालय सुरक्षा तथा विपद जोखिम न्यूनिकरण कार्यनीति

५.१ सामुदायिक तथा संस्थागत विद्यालय तहमा सम्भावित जोखिम न्यूनिकरणका लागि बहुयामिक कार्ययोजना निमार्ण र कार्यानवयन पक्षमा विशेष जोड दिइने छ ।

५.२. सबै तहका विद्यालयमा विपदको सम्मावित क्षतिको विष्लेषणात्म आकलन गरी विद्यालय सरोकारवाला सम्मिलित विपद व्यवस्थापन समिति गठन गरिने छ ।

५.३. विद्यालयमा भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय मापदण्ड र भवन निर्माण आचारसहिंता बनाई नगर क्षेत्रमा लागु गरिने छ ।

५.४. सरकारी, गैरसरकारी, दातृ निकायमा सबैसँग समन्वय गरी विपद जोखिम न्यूनिकरण तथा विद्यालय सुरक्षा आचारसहिंता, निमार्ण सामग्री, परिक्षण, कामदारलाई तालिम, गुणस्तरियता जस्ता पक्षमा संयुक्त साझेदारीको निति अवलम्वन गरिने छ ।

५.५. **बहुआयामिक** सुरक्षा योजना, दिगो भौतिक निर्माणका लागि आवश्यक निति निर्माण गरी लागु गरिने छ ।

५.६. आगामी बर्ष सुरु गरिने भौतिक निर्माण सम्बन्धि तत्काल आवश्यक पर्ने कक्षाकोठा नभएका विद्यालयमा दिर्घकालीन निमार्णकार्यका लागि प्रकोप प्रतिरोधी निमार्ण कार्यमा विशेष जोड दिइने छ ।

५.७. प्रत्येक विद्यालयमा मौसमी प्रकोप पात्रो निमार्ण गरी विद्यालय सुरक्षाका लागि यसको प्रयोगमा विशेष जोडदिने कार्यको थालनी यसै बर्ष बाट गरिने छ ।

५.८. विद्यालय क्षेत्र विकास योजना, विद्यालय सुधार योजनामा विद्यालय सुरक्षा कार्यक्रमका साथै विपद जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना निमार्ण र कार्यन्वयन पक्षमा विशेष जोड दिइने छ ।

५.९ विद्यालय सुरक्षा तथा विभिन्न प्रकृतिका विपद जोखिम कार्य योजना निमार्ण छलफल, गोष्ठी, भेला आदीमा आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

५.१०. विद्यालय सेवा क्षेत्र समुदायमा हुने गरेका विभिन्न प्रकारका स्थमिक प्रकोप जस्तै, सर्पको टोकाइ, जंगली जनावरको आक्रमण मौसम अनुसार हुने सम्भानित जोखिमलाई क मगर्न पूर्व तयारी योजना निमार्ण गरी कार्यान्वियन पक्षमा विशेष जोड दिइने छ ।

५.११. विद्यालयहरुलाई प्रकोपको सम्भावना पहिचान सम्बन्धि आवश्यक ज्ञान, सिप र स्रोतका साथै आवश्यक तालिमको व्यवस्था मिलाइने छ ।

५.१२. समुदाय तथा गाउँमा हुने विपदजन्म घटना जनधनको क्षतिका आधारमा प्रकोप नकसाङकना तथा स्तरिकरण सुची तयार गरी कार्यान्वयन पक्षमा विद्यालयलाई प्रोत्सहित गरिने छ ।

५.१३. विद्यालय सुरक्षा तथा विपद जोखिम न्यूनिकरण कार्य योजना निमार्ण गरी प्रकोप सामना गर्न व्यवहारिक रुपमा सफल विद्यालयहरुलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिने छ ।

५.१४. विद्यालय सुरक्षा तथा विपद जोखिम न्यूनिकरण गर्न विद्यालयको सुरक्षा योजना सुदृद वनाउन सरोकारबालालाई विभिन्न प्रकारको क्षमता अभिवृर्दि गर्न, तालिमको व्यवस्था मिलाइने छ ।

५.१५. नगर क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयमा सुरक्षित स्थान पहिचान सहितको नकसाङकन गर्ने कार्य अगाडी बदाइने छ ।

५.१६. सामुदायिक विद्यालयमा भौतिक निमार्ण अपाङ्ग मैत्री, बालमैत्री प्रकोप प्रतिरोधक सरचना अगामी २०७५ बाट कार्यान्वयन गरिने छ ।

५.१७. संस्थागत, निजि, धार्मिक लगायत नगरपालिकामा सञ्चालित सबै विद्यार्थीलाई गुणस्तारीय शिक्षा प्राप्त गर्न सुरक्षित स्थान सुनिश्चित गर्ने यस अन्तरगत सुरक्षित स्थानको छनोट विपद प्रतिरोधी डिजाइन प्रवलिकरण, निमार्ण कार्यको सुपरिवेक्षण तथा गुणस्तरको नियन्त्रण गर्नु ।

५.१८. राष्ट्रिय देखि विद्यालय तह सम्मका बहुआयामिक जोखिमहरुको मूल्याङ्कन गरिने छ ।

५.१९. विपद पश्चात गरिने पुनर्स्थापना पुनः निमार्णको चरणमा बन्ने अस्थामी TLC स्थायी भौतिक संरचना अपाङ्ग,मैत्री बनाइने छ ।

५.२०. नमुना साझेदारीको अवधारणा विकास गर्न संस्थागत सामाजिक उतरदायित्वलाई (Corporate Social Responsibility) लाई संस्थागत गरिने छ ।

५.२१. नगर क्ष्नेत्रका विद्यालयका सम्मावित जोखिम बहआमिक मुल्याङ्कन तथा नकसाङ्कनका अनधारमा विद्यालय क्षेत्रमा विपद व्यवस्थापन, (संरचनागत, गैर संरचनागत) सम्बन्धमा तत्परता तथा जोखिम न्यूनिकरण क्षमता को सुदृढीकरण गर्ने, विद्यालय सुधार यनेजनामा विद्यालय सुरक्षालाई समावेस गर्ने, शैक्षिक निरन्तरताको योजना निमार्ण, विपदको प्रतिकार्य तथा पूर्व तयारी क्षमताका साथै सामुदायिक जागरण तथा सचेतनालाई अन्तर बस्तु बनाइने छ ।

५.२२. विपद जोखिम न्यूनीकरण तथा विद्यालयको शिक्षण प्रतिमा सुरक्षाका लागि प्रतिरोध क्षमता हाँसिल गर्न स्थानीय पाठयक्रम मार्फत शिक्षको पेशागत विकास कार्य क्रमलाई औपचारिक तथा अनौपचारिक शिक्षामा मुल प्रवाहीकरण गरिने छ ।

## ६. विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनिकरण सम्भावित जोखिम तथा समाधानका उपायहरु

| क्र.सं. | विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनिकरणका जोखिमहरु | समाधानका उपायहरु | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | मापदण्ड विना भवन निमार्ण गरिएका र निर्मित भौतिक संरचना बाट जोखिम निम्तिन सक्ने । | नगर क्षेत्रमा निमार्ण गरिएका भौतिक संरचना अवलोकन गरी जोखिम युक्त भवनमा स्टीकर टाँस गर्नु पर्ने । | संघिय प्रोदेशिक तथा स्थानीय तहका विषयगत विभागहरु |
| २ | निमार्ण स्थल, निमार्ण सामग्री परिक्षण तथा गुणस्तर जाँच नगरी भौतिक संरचना निमार्ण गरिएका र निमार्णकर्तालाई तालिम नदिएको र संरचना कमजोर भएका | भवन निमार्ण कार्य गर्दा निमार्ण सामग्रीको गुणस्तर चेक जाँच निमार्ण स्थलको परिक्षण र कामद्धार लाई तालिमको व्यवस्था गर्ने कानुन निमार्ण गरी कार्यान्वयन गर्ने । | संघीय तहका विषयगत मगालय, प्रदेश तहका विषयगत मन्त्रालय र स्थानीय तहका विषयगत विभाग |
| ३ | निमार्ण तथा पुन निमार्ण कार्यका लागि प्राविधिक स्तरिय जनसक्रिय, स्रोतसाधन, परिस्कुत स्तरिय योजनाको कमी हुने, | भौतिक संरचना निमार्ण तथा पुनःनिमार्णका लागि अनवश्यक स्रोतसाधन, स्तरिय योजना र प्राविधिक जनसक्रिय माथिल्लो निकायसँग माग गर्ने, | स्थानीय, सरकार, प्रादेशिक सरकार प्राविधिक शाखा, |
| ४ | सम्पुर्ण विद्यालयमा प्रकोप प्रतिराधी कार्यक्रम लागु गर्दा आर्थिक भार थपिने, | प्रकोप प्रतिरोधी कार्यक्रम सञ्चालनमा संघ/संस्था प्रदेश सरकार र संघिय सरकारसँगको | संघिय, प्रादेशिक विषयगत प्राविधिक शाखा, शिक्षा मन्त्रालय र स्थानिय सरकार विषयगत |

नरेन्द्र नगरपालिका

| | | | |
|---|---|---|---|
| | | साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने समन्वय गर्ने, | विभाग, |
| ५ | विद्यालय क्षेत्र वन क्षेत्रमा रहेका र विद्यालयको नाममा जग्गाको स्वामित्व नभएको स्वामित्व कायम गर्न कानुनी बाधा पर्ने जस्ता समस्या रहेका, | विद्यालय रहेको जमिनको स्वामित्व विद्यालयको नाममा हस्तानतरण गर्न, सम्बन्धित वन विभाग वातावरण मन्त्रालयसँग समनन्वय गरी आवश्यक पर्ने कानुन निमार्ण गरी स्वामित्व हस्तानतरण गर्ने, | स्थानिय निकाय, वन तथा वातावरण मन्त्रालय, प्रादेशिक तथा संघिय सरकारका विषयगत विभागहरु, |
| ६ | विपद् प्रभावित क्षेत्रमा रहेका विद्यालय तथा विद्यार्थीहरुको लागी आवश्यक पहुँच र गुणस्तर सुनिश्चित गर्न नसकिएको | प्रभावित क्षेत्रमा पुननिमार्ण काय गर्दा गुणस्तर सुनिश्चित र सबैको पहुँच हुने आवश्यक कानुन निमार्ण गर्नु पर्ने, | स्थानिय सरकारका विषयगत विभाग प्रदेश तथा संघिय सरकारका प्राविधिक विभागहरु |
| ७ | अधिकास विद्यालय सम्मावित प्रकोप बारे अनमिज्ञ रहेका, प्राकृतिक तथा मानव सृजित विपद्, मौसमी प्रकोप पात्रो, आदी निमार्ण र प्रयोग गर्ने प्राबधान नभएको, | विद्यालय क्षेत्रमा आउनसक्ने सम्भावित प्राकृतिक तथा मानव सृजित प्रकोपको विष्लेषण गरी मौसमी तथा प्रकोप पात्रो निमार्ण गर्ने कार्यलाई कडाइका साथ लागु गर्ने कानुन निमार्ण गर्ने, | स्थानिय निकाय, प्राविधिक जनसक्रिय, विद्यालय प्रशासन शिक्षक, वि.व्य.स.सि.अ.संघ गैरसरकारी संस्था बालकुल्व तथा यूवाकल्व ञु.रे.स. |

१)पुराना भवनहरुको जोखिम बढी वर्तमान स्थीति
२) विद्यालय भवन तथा भौतिक संरचनाको बिमा (निति)
३) नगर पालिका भित्र भवन निमार्णका मिस्त्रीलाई भवन निमार्ण मापदण्ड, सिप, भवन संहिता जोखिम विपत व्यावस्थापन सम्बन्धी तालिम दिइने र परीक्षा लिइ प्रमाण पत्र दिइने निति लागु गरीनेछ।

लमकीचुहा नगरपालिका

**८ संस्थागत विद्यालयहरु :**

व्यक्ति, समूह वा संघ/संस्थाहरुको लगानी र अभिभावकहरुको योगदानबाट नेपाल सरकारको नियम परिधिभित्र रही खुलेका विद्यालयहरु नै संस्थागत विद्यालय हुन् । लम्कीचुहा नगरपालिकामा विगत २ दशकअघि न्यून संख्यामा संचालनमा रहेका निजी तथा संस्थागत विद्यालयहरु आजका दिनसम्म आइपुग्दा देशको राजनीतिक वातावरण सँग्लिँदै गएपछि एवं विद्यालय खोल्न सहज वातावरण बनेपछि सामुदायिक विद्यालयकै हाराहारीमा +२ सम्म संचालित सहित जम्मा १५ मा.वि. र २६ आधारभूत गरी जम्मा ४३ विद्यालय संस्थागत रुपमा अनुमति ल्याई संचालन हुँदै आइरहेका छन् भने सेती भिजन एकेडेमी अनुमती बिनै संचालनमा रहेको छ । स्वयम्भूनाथ र सर्वोदय जस्ता बिद्यालय तालुक अड्डाको अनुमति विना संयुक्त रुपमा सञ्चालन गरेको पाइएको छ ।

**वर्तमान अवस्था :**

शिक्षाको गुणत्मक विकासमा पुऱ्याएको योगदानको कदर गर्दै संस्थागत विद्यालयहरुमाथि राज्यले गरेको आशा र विश्वासलाई अँझ भरपर्दो बनाउन, सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न यस्ता विद्यालयलाई निश्चित मापदण्डका आधारमा नियमन र नियन्त्रण गर्नु नितान्त आवश्यक छ । स्थानीय निकायको ध्यान यतातिर नजाने हो भने संस्थागत विद्यालयहरु केबल नाफामुखी मात्र हुन जाने र शैक्षिक अराजकता बढ्ने देखिन्छ । त्यस कारण संस्थागत विद्यालयहरुलाई मापदण्ड अनुसार वर्गीकरण गरी द्यिालयमा भौतिक सुबिधाको पर्याप्तता र शैक्षिक गुणस्तरमा अभिवृद्धिका लागि निश्चित नियमन प्रक्रिया अपनाउनु जरुरी छ । सेवामूलक भावनाले खुलेका यस्ता विद्यालयहरुमा हजारौं अभिभावक र विद्यार्थीहरुको भविष्य जोडिएको छ । बजारदेखि ग्रामीण क्षेत्रसम्म ४१ वटा विद्यालयहरु प्रा. लि. को रुपमा कम्पनीमा दर्ता भई सरकारी अनुमति प्राप्त गरी सञ्चालनमा रहेका छन् । संस्थागत विद्यालयहरुमा जम्मा १४,२८९ छात्रछात्राहरु अध्ययन गरी रहेका छन् भने ६४८ जना शिक्षकहरु अध्यापन कार्यमा संलग्न छन् ।

लम्कीचुहा नगरपालिका

## समस्या र चुनौतीहरु :

यस लम्कीचुहा नगरपालिकाभित्र संचालनमा आएका संस्थागत तथा निजी विद्यालयहरुले राज्यको भार नपर्ने गरी सेवा गरेर ठूलो योगदान दिएको छ तापनि यस संगै केही समस्या र चुनौती थपिएका छन् । जुन यस प्रकार छन् ।

१) सिमित विद्यालयहरुले मात्र निजी तथा संस्थाको नाममा जग्गा र भौतिक पूर्वाधार तयार पारेको र तयारीको अवस्थामा रहेकाले अधिकांश विद्यालयहरुको ध्यान जग्गा, भवन, बालमैत्री कक्षा कोठाको व्यवस्थापनमा ध्यान दिन नसकेको अवस्था छ ।

२) निजी तथा संस्थागत विद्यालयमा खोल्ने नाममा एउटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई अस्वस्थ प्रतिस्पर्धाको आधारमा विद्यार्थीहरु आकर्षण गर्ने तर विद्यार्थीहरुको लगानी अनुसार सेवा सुविधा दिन नसकेको अवस्था छ ।

३. अधिकांश निजी तथा संस्थागत विद्यालयहरुको पठनपाठन तथा विद्यालय खुल्ने दिन बढी हुँदाहुदै पनि परीक्षा प्रणालीलाई आवधिक रुपमा संञ्चालन गरे पनि स्तर तथा निमार्णत्मक मूल्याङ्कनमा फितलो भै अङ्क धेरै दिने कारणले विद्यार्थीहरुमा भएको क्षमता भन्दा बढी मूल्याङ्कन देखिने हुँदा पछि गएर उच्च शिक्षामा धेरै त्यस्ता विद्यार्थी मात्र सफल भएको देखिएको छ ।

४. अधिकांश विद्यालयले सरकारले तोकेको मापदण्ड विपरीत न्युन पारिश्रमिकमा, तालिम अप्राप्त, शैक्षिक योग्यता र विषय नमिलेका शिक्षकहरुबाट अध्यापन गराउने गरेको देखिएको छ ।

५. अभिभावक बाट असुल गरिएको शुल्कको तुलनामा विद्यालयमा फर्निचर, कम्प्युटर, शैक्षिक सामाग्री लगायतको व्यवस्था गर्न नसकेको अवस्था छ ।

६. सामुदायिक विद्यालयको तुलनामा राम्रो सिकाइ गर्ने नाममा खोलिएका केही संस्थागत विद्यालयहरुले अभिभावकसँग चर्को शुल्क लिई गुणस्तरीय शिक्षा दिन नसकेको अवस्थामा अभिभावकको लगानी खेर जाने त होइन भन्ने आशंका थपिएको छ ।

७. शिक्षकहरुलाई नियुक्ति, तलवमान दिदा अधिकांश विद्यालयले प्रक्रिया नपुऱ्याई जति खेर हटाउन सक्ने खालको परिस्थिति सिर्जना भै पुन शिक्षक कति खेर छोड्ने हो त्यसको ठेगान नहुने र विद्यार्थीको पठन पानठ दक्ष शिक्षक अभावमा प्रभावित हुन सक्ने खतरा छ ।

८. शुल्क असुलीमा विना मापदण्ड आफु खुसी चर्को शुल्क निर्धारण गरेको ।

९. विपन्न बालबालिकाहरुलाई राम्रा विद्यालयहरुले नि.शुल्क शिक्षा दिने व्यवस्था कम गरेको

## नीतिहरु :

संस्थागत विद्यालयहरुले शैक्षिक क्षेत्रमा गरेको योगदान महत्वपूर्ण छ । राज्यको व्ययमार समेत बोकेका यस्ता विद्यालयहरुलाई स्वस्थ प्रतिस्पर्धाको आधारमा दक्ष जनशक्ति तयार गर्न र नाफामुखी मात्र नभै सेवामुखी बनाउन निम्नानुसारका रणनीति तथा कार्यनीतिहरु अबलम्वन गरिने छ ।

१) सबै संस्थागत र गुठि अन्तरगत निजी विद्यालयहरुलाई अनुमति लिएर मात्र संचालन गर्न दिने ।

२) यस अघि संचालनमा रहेका तर पूर्वाधार कमजोर रहेका विद्यालयहरुलाई विद्यालयको जग्गा, भौतिक पूर्वाधार र शिक्षण सामग्रीको उचित व्यवस्थापन गर्न अनिवार्य गर्ने ।

३) अध्यापन कार्यमा संलग्न शिक्षकहरुलाई शैक्षिक योग्यता सहित अध्यापन अनुमति पत्रको व्यवस्था अनिवार्य गर्न लगाउने ।

४) संस्थागत विद्यालयहरुको शुल्क निर्धारण गर्दा नगरपालिकाले वर्गीकरण गरेको स्तर अनुसार नगर शिक्षा समितिको रोहबरमा संस्थागत विद्यालयका प्रतनिधिमूलक संस्थाको बैठकबाट गर्ने ।

५) उपयुक्त विद्यार्थी संख्या र भौतिक पूर्वाधार नभएका विद्यालयको अनुमति खारेज गर्ने ।

लम्कीचुहा नगरपालिका

६) संस्थागत विद्यालयले कर बुझाउँदा नगरपालिकाले तोकेको कर तिर्न लगाएर सिफारिस लिने व्यवस्था गर्ने ।

७) संस्थागत विद्यालयको वार्षिक कोषबाट १% रकम विपन्न बालबालिकाको शिक्षाको लागि नगरपालिकामा जम्मा गर्न लगाउने ।

८) उत्कृष्ट शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयलाई प्रत्येक वर्ष नगरपालिकाको विशेष कार्यक्रमबाट सम्मान गर्ने ।

९) संस्थागत बिद्यालयको अनुमती दिने सन्दर्भमा नगरपालिकाको जनसंख्याको अनुपातलाई हेरी शहरी इलाकाका वडाहरुमा आधारभुत तहका १५ र माध्यमिक तहका १० भन्दा बढी बिद्यालयलाई अनुमती दिइने छैन । यो नीति निर्माण गर्नुभन्दा अगावै खुलि सकेका भए त्यस्ता बिद्यालयको संचालनमा रोक लगाइने छैन ।

**जोखिम र समाधानका उपायहरु :**

१) लम्कीचुहा नगरपालिका भित्रका संस्थागत विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गरी बालमैत्री कक्षाकोठा बनाउन संचालक समितिलाई अनिवार्य गराउने ।

२) शुल्क निर्धारणको मापदण्ड तयार पारी संस्थागत विद्यालयहरुको वर्गीकरण गरी शुल्क निर्धारण गर्न लगाउने ।

३) विद्यार्थी संख्या अनुसार रकम आम्दानीको आधारमा नगरपालिकाले विपन्न बालबालिकाको लागि निश्चित कर निर्धारण गरी उठाउने ।

४) निरन्तर मूल्याङ्कन सहित परीक्षा प्रणालीमा सुधार गर्ने ।

५) अस्वस्थ प्रतिस्पर्धाबाट भईरहेको विद्यार्थी भर्ना बन्द गर्ने ।

६) कुनै बिद्यालयले अनुमती लिएको तह भन्दा बढी कक्षाहरु संचालन गरेको भए वा अनुमती नै नलिई संचालन गरेको पाइएमा त्यस्ता बिद्यालयहरुलाई बन्द गराइने छ ।

लम्कीचुहा नगरपालिका

## ९. परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरु

### वर्तमान स्थिति :

१.१. प्राचीनकालदेखि हाम्रो आयावर्त क्षेत्र त्रिकालदर्शी तत्वद्रष्टा ऋषिमुनिहरुको जप, तप, योग, यज्ञभूमिको रुपमा रहिआएको छ । ज्ञान, ध्यान, ब्रह्मकर्म, वेदवेदाङ्ग, ज्योतिष, कर्मकाण्ड, आयुर्वेद, धनुर्वेद आदि धर्मविज्ञान भूमिको रुपमा हाम्रो हिमालय क्षेत्र चर्चित रहँदै आएको हो । हाम्रा प्राचीन आर्य वैज्ञानिकहरुको अभूतपूर्व चिन्तन यिनै हिमालयका गुफाकन्दरामा हुँदै आयो । हाम्रा मन्त्रद्रष्टा ऋषिमहर्षिहरुले आफ्नो समाधिद्वारा वैदिक मन्त्रहरुलाई सम्यक् चिन्तन र परिशीलनबाट “कृण्वन्तो विश्वमार्यम्” भन्दै थर्काएको यो देवभूमि नेपालमा परापूर्व कालदेखि गुरुकुलीय परम्परा रहेको विश्व इतिहासले स्विकारेको कुरा हो ।
यानविमान आदि यन्त्रकलाका निर्माता इन्जिनियर महर्षि विश्वकर्मा, महर्षि ऋभु, महर्षि भारद्वाज, व्योयानतन्त्रका वैज्ञानिक महर्षि शौनक, यानविन्दुका रचयिता महर्षि वाचस्पति, विमान चन्द्रिकाका रचयिता महर्षि नारायण मुनि, प्रसिद्ध खगोलशास्त्री गर्गाचार्य, शक्तिसूत्रका महर्षि अगस्त्य, आयुर्वेद विज्ञानका महर्षि अश्विनीकुमार शस्त्रअस्त्र विद्याविशारद महर्षि वशिष्ठ, विश्वामित्र, महर्षि भार्गव, द्रोणाचार्य प्राचीन आर्यनारी विदुषी ममता, विश्वधारा, अपाला, घोरा, गार्गी, मैत्रेयी, लोपमुद्रा, अनशुया आदिले प्राप्त गरेको ज्ञानगरिमाले हाम्रो गुरुकुलीय परम्परा विश्वचर्चित छ ।
सत्य, त्रेता, द्वापर युगमा धार्मिक ग्रन्थका आधारमा शिक्षा आर्जन गर्ने कुरा ऋषिमहर्षि आदिका प्रसङ्गबाट जानकारी हुन्छ । किराँतकालमा शिक्षा दरवार र ऋषिको कुरामा सीमित थियो । लिच्छवी कालमा संस्कृतलाई नेपालको मूलभाषा तथा राष्ट्रिय भाषा मानिएको थियो ।

१.२. प्राचीनकालमा शिक्षाको विकास असंगठित तथा न्यून भए पनि त्यस समयमा मानिसको आचरण, व्यवहार सच्चरित्रवान् थियो । मानिसहरु नैतिक चरित्रवान् हुन्थे । हाल शिक्षाको विकास संगठित र बैज्ञानिक पद्धतिबाट भएको मानिए तापनि नैतिक चरित्रमा ह्रास, संगठित अपराध जस्ता अमानवीय मूल्यमान्यता बढ्दै गएको देखिन्छ ।
वर्तमान समयमा परम्परागत धार्मिक विद्यालय भन्नाले संस्कृत पाठशालाहरु, बौद्धधर्मका गोन्पाहरु र मीस्लम धर्मका मदरसाहरु मुख्य रुपमा सञ्चालन हुँदै आइका छन् । आजका मानिसहरुमा सस्कार संस्कृति प्रति उदासिनता देखिन्छ । यस्तो अवस्थामा प्रत्येक स्थानीय तहमा माध्यामिक तहसम्मको संस्कृत, तथा अन्य प्रकारका धार्मिक विद्यालयको स्थापना टड्कारो आवश्यकता देखिन्छ । यस्ता प्रकृतिका विद्यालय यस ल्मकीचुहा नगरपालिकामा हाल ३ वटा सञ्चालन भइरहेका छन् । शिवशक्ति श्रीविद्यापीठ गुरुकुल विद्याश्रम लम्कीचुहा-१, कालिका गुरुकुल ल्मकीचुहा ३ बलचौर र लम्कीचुहा १० तिघरीमा मदरसा १ अनुमति प्राप्त छन् । तर कालिमाताद्वारा सञ्चालित कालिका गुरुकुल बलचौरले अनुमति लिए पनि सञ्चालन मा छैन ।

लम्कीचुहा नगरपालिका

## २. परम्परागत धार्मिक प्रकृतिका विद्यालयहरुका समस्या र चुनौतिहरुः

धार्मिक प्रकृतिका विद्यालय सञ्चालन गर्न थुप्रै समस्या र चुनौतिहरु रहेको देखिन्छन् :

२.१. परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालय लोप हुने अवस्थामा पुगेका छन ।

२.२. सामाजिक प्रतिष्ठा, नैतिक मूल्यमान्यता, आचरण, अनुशासन जस्ता मानवीय गुणहरु ह्रास भएको अवस्थामा यस्ता खालका विद्यालय सहजरुपमा सञ्चनलनको वातावरण बन्न कठिन देखिन्छ ।

२.३. परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालय सञ्चालन गर्न विश्वासिलो वातावरण बन्न कठिन देखिन्छ, साथै त्यस्ता शिक्षण संस्था सञ्चालन गर्ने, आर्थिक लगानीको विश्वासिलो आधार बन्न धेरै मेहनत गर्नुपर्ने देखिन्छ ।

२.४. अभिभावकले आफ्ना बालबालिका लाई परम्परागत धार्मिक शिक्षा पढाउन चाहँदैनन्, र त्यस्ता विद्यालयमा सरकारले पनि पर्याप्त लगानी गरिरहेको देखिदैन ।

२.५. धार्मिक विद्यालय न्यून अवस्थामा रहनुका साथै भएका वा सञ्चालनमा आएका विद्यालयमा, भौतिक सरचनाको अभाव, शिक्षकको अभाव, छात्रबासको व्यवस्था नभएको, दरबन्दी नभएको जस्ता अनगिन्ति समस्यावाट ग्रसित भइरहेका छन् ।

२.६. आर्थिक लगानी, भौतिक संरचनाका साथै पाठयक्रम शैक्षिक सामग्री, मानव स्रोत साधनको अभाव, लगानी मैत्री कानुनको अभाव देखिन्छ ।

२.७. यसरी, आर्थिक, भौतिकका साथै स्पस्ट संरक्षण र सहयोगको अभावमा धार्मिक विद्यालय अभिभावक विहिन देखिएका छन् ।

## ३.धार्मिक प्रकृतिका विद्यालय सञ्चालनसम्बन्धी नीतिहरु

१.सामान्यतया धार्मिक विद्यालय मन्दिर, मठ, विहार, गुम्बा, चैत्य, चर्च, मदरसा आदिको संरक्षकत्वमा खोलिने छ ।

२. धार्मिक विद्यालयको भौतिक संरचना तथा पूर्वाधार विकास (विद्यालय, पुस्तकालय, वाचनालय, शौचालय) निर्माणमा नगरपालिकाको अनुदान लगानी जाने व्यवस्था गरिने छ ।

३. प्रत्येक धार्मिक विद्यालयमा कम्तीमा एक जना शिक्षण अनुमति प्राप्त तालिम प्राप्त शिक्षकको व्यवस्था गरिने छ ।

४. धार्मिक विद्यालयहरुलाई पनि संघीय तथा प्रदेश कानुन बमोजिम नियमित वा एकमुस्ट अनुदान दिने व्यवस्था मिलाइने छ ।

५. धार्मिक विद्यालयहरु धर्म, संस्कृतिको संरक्षण, सम्बर्द्धन, अनुशासन, सच्चरित्रता र मर्यादामा आधारित हुनेछन् ।

६. धार्मिक विद्यालयले नेपाल सरकारले तोकेबमोजिमको पाठ्यक्रमको परिधिभित्र रही पठनपाठन गराउनु पर्नेछ ।

७. प्रायः धार्मिक विद्यालयहरु आवासीय प्रकृतिका हुनेछन् ।

८. कुनै पनि धार्मिक विद्यालयमा ५ वर्षमुनिका विद्यार्थीहरु भर्ना गर्न पाइने छैन ।

९. धार्मिक विद्यालय सञ्चालन गर्ने धार्मिक संस्थाले आवासको उचित प्रबन्ध गरेर मात्र धार्मिक विद्यालय खोल्ने अनुमति पाउने छन् ।

१०. कुनै पनि धार्मिक विद्यालयले धार्मिक सद्भाव खल्बलिने खालको गतिविधि गर्न पाउने छैन ।

## ४. परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालय सञ्चालन सम्बन्धि रणनितिहरु

१) शैक्षिक निति तथा कार्यक्रम संघिय ढाचा तथा संविधान अनुकुल बनाउन मोजुदा नियम कानुनको पुनरावलोकन तथा मूल्याङ्कन गर्नु पर्ने,

२) आधारभुत तहको परम्परागत तथा धार्मिक विद्यालय सञ्चालन र सुधारमा विशेष जोड दिने,

३) माध्यमिक तह (९) शिक्षाको पहुँचमा सुधार सुनिश्चित गर्ने खालका आवश्यक कार्यक्रमहरु लागु गर्ने,

४) धार्मिक प्रकृतिका विद्यालयको महत्व सान्दर्भिकता बढाउने खालका कार्यक्रम सञ्चालन गर्ने,

५) मानवीय मूल्य, मान्यता, नैतिक चरित्र निमार्ण, सभ्य र अनुशासित सचरित्रवान् नागरिक तयार गरी यस्ता प्रकृतिका विद्यालय सञ्चनलनका लागि सरल नियम, कानुन निमार्ण गरी कार्यान्वयनमा जोड दिने,

६) यस्ता प्रकृतिका विद्यालय सञ्चालन, व्यवस्थापन गर्न नगरपालिका भित्र) विशेष अनुदान दिने व्यवस्था मिलाउने

७) धार्मिक प्रकृतिका विद्यालयहरुलाई आर्कषक बालमैत्री, अपाङ्गमैत्री बनाउन आवश्यक पूर्वाधार निमार्ण देखि व्यवस्थापन पक्षमा नयाँ निति निमार्ण गरी कार्यानन्वयनमा जोड दिने,

८ समुदायबाट माग भइआएमा त्यस्ता प्रकृतिका विद्यालय सञ्चालन गर्न अनुमतिको व्यवस्था मिलाउने, शैक्षिक भौतिक, पक्षको मूल्याङ्कन गर्ने, धार्मिक कर्म काण्ड, कथा, रुद्री, महायज्ञ जस्ता धार्मिक पवित्र कार्यक्रममा स्थानीय तहमा उत्पादित जनशक्तिलाई प्राथमिकता दिने,

## ५. परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयका कार्यनिति

धामिक प्रकृतिका विद्यालयहरुलाई व्यवस्थि तगर्न र सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन स्थानीय निकायले आवश्यक मौजुदा ऐन, नियम परिमार्जन र आवश्यक ऐन, नियम निमार्ण गर्नु पर्ने देखिन्छ। यस्ता विद्यालय सञ्चालनमा स्थानीय निकायले निम्न कार्यनिति अपनाउनु पर्ने देखिन्छ।

१) यस्ता प्रकृतिका विद्यालय सञ्चालन गर्न, संघीय, प्रान्तीय, सरकारहरुसँग साझेदारी गर्ने गरी नयाँ कार्यनिति निमार्ण गरिने छ।

२) सञ्चालित परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरुमा आवश्यक पूर्वाधार निमार्णका लागी लगानी गर्नु पर्ने, शैक्षिक, भौतिक तथा वातावरणीय क्षेत्र सुधारका लागि आवश्यक बजेट दिने व्यवस्था मिलाइनु छ।

४) यस्ता प्रकृतिका विद्यालय क्षेत्रको पठनपाठनलाई थप प्रभावकारी बनाउन विद्यालय क्षेत्र सुधार कार्यक्रम, सुरक्षित विद्यालयको अवधारणा तत्काल कार्यनन्वयन गर्न विशेष पहल गरिने छ।

५) गुम्वा, मदरसा, विहार, संस्कृत विद्यालय तथा गुरुकुल जस्ता धार्मिक विद्यालयका लागि विशेष आर्थिक प्याकेज उपलब्ध गराउने छ।

६) धार्मिक प्रकृतिका विद्यालयहरुको पहुँच पुग्न नसकेको स्थानमा आवश्यक पर्ने समुदायमा विद्यालय सञ्चालन गर्न कार्यक्रम सञ्चालन गरिने छ।

७) आर्थिक रुपले पछि परेका तर यस्तो प्रकृतिको शिक्षा आर्जन गर्न चाहने बालबलिका लागी निभुल्क पाठयपुस्तक, छात्रबृर्दि, तथा छात्रावास नै बसेर पढने व्यवस्था मिलाइने छ।

८) मौजुदा संरचनाका अनाता आवश्यकता अनुसार बैकल्पिक ढदँचा सहितको नयाँ सरचना निमार्ण गरिने छ।

९) अपाङ्गता भएका बालालिकाका लागि अपाङ्गताको अवस्था, भौगोलिक अवस्था तथा दुरी, गरिवीको अवस्था र प्रतिभाको आधारमा विशेष छात्रवृत्ति वितरण गरिने छ।

१०) अपाङ्ग, सुविधा विहिन, अनाथ, गरिव, पिछडिएका तथा बहिष्कारण मा परि दोहोरो भारमा रहेका बालबलिकाका लागि प्राथमिकता मा राखी छात्रवृत्ति एवम शैक्षिक सहुलियतका कार्यक्रम सञ्चालन गरिने छ।

नगरपालिका

११) अपाङ्ग, टुहुरा, अनाथ, बहिस्करणमा परेका बालबालिकाहरुका लागि स्थानीय निकाय मार्फत छात्रवृत्ति विवरण गरिने छ र सोका लागि स्थानीय निकायमा निश्चित अनुपातमा बजेट विनियोजन गरिने व्यवस्था मिलाईने छ ।
१२) विद्यार्थीहरुको क्षमता, रुची, आवश्यकता हेरी सो अनुसारको बैकल्पिक पठन-पाठन र मूल्याङ्कन प्रणालीको व्यवस्था गरिनेछ ।
१३) परीक्षा तथा मूल्याङ्कन पद्धतिमा अधिकतम रुपमा सूचना प्रविधिको प्रयोग गरिनेछ ।
१४) समावेशी शिक्षासंग सम्बन्धित आधारभूत मानकहरु निर्धारण गरिनेछ ।
१५) परम्परागत तथा धार्मिक विद्यालय शिक्षाका लागि विद्यार्थी तयारी परिवार तयारी, शिक्षक तयारी, विद्यँलय तयारी एवम् समग्र शिक्षा प्रशासनको तयारीका लागि अभिमुखीकरण, प्रवोधीकरण र आवश्यक निर्देशिकाहरु निर्माण गरिनेछ ।
१६) शैक्षिक संस्थाका लागि आवश्यक भवन, कक्षाकोठा, पुस्तकालय, खाजाघर, शौचालय, प्रयोगशाखा, कम्प्यूटर कक्ष, खेलमैदान बालमैत्री बनाइने छ ।
१७) शिक्षण संस्थाभित्र संचालन गरिने, खेलकुद तथा मनोरञ्जन क्रियाकलापमा सबै बालबालिकाको पहुँच सुनिश्चित गरिने छ ।
१८) मापदण्डमा आधारित गुणस्तर सुधार, न्यूनतम सिकाइको वातावरण निर्माण गरी सिकाइ सामाग्रीको चयन नविनतम प्रविधिमा आधारित बनाइने छ ।
१९) हरित शिप, कुशलसिपमा आधारित गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शैक्षिक अवसरहरुको विविधिकरण गरिनेछ ।
२०) सूचना तथा सञ्चार प्रविधिलाई समावेशी शिक्षाको अभिन्न अंग बनाई बालबालिकाको क्षमता अनुकुल प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप संचालन गरिनेछ ।
२१) सम्भावित प्रकोपको क्षति न्यूनिकरणका लागि आयश्यक उपाय अवलम्वन गर्न तथा प्रकोपको समयमा सुरक्षित उपहार र राहत उपलब्ध गराउन सम्बन्धित अभिभावक स्वयम् सेवकलाई प्राथमिकता सहित क्षमता अभिवृद्धि गराइने छ ।

## ६. परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयका सम्भावित जोखिम र समाधानका उपायहरु

वर्तमान समयमा हाम्रो देश तथा नगरपालिका क्षेत्र भित्र परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालय सञ्चालन भइरहेकोमा गुरुकुल शिक्षा लम्कीचुहा-१ लम्कीमा रहेको देखिन्छ । अन्य स्थानमा स्थानमा यस्ता विद्यालय सञ्चालन भएका देखिदैन्न् । सञ्चालन भइरहेको गुरुकुल धार्मिक शिक्षालय पनि विभिन्न समस्याको कारण बाट स्वत स्फूत सञ्चालन हुन सकिरहेको छैन । यस्ता प्रकृतिका विद्यालय सञ्चालनका निम्न जोखिम तथा समाधानका उपायहरुलाई तलको तालिकामा प्रस्टयाउन सकिन्छ ।

| क्र.सं. | सम्भावित जोखिम | समाधानका उपायहरु |
|---|---|---|
| १ | एकिकृत वृहत्तर धार्मिक शिक्षा निति पारित गर्न समय लाग्न सक्ने | स्थानिय सरोकारवालाहरुको सहमति कायम गरी विधेयक पेश गर्ने, |
| २ | सबै विद्यालयहरुको शैक्षिक कार्यक्रममा एकरुपता कायम गर्न समय लाग्न सक्ने | विद्यालय तहमा समन्वय समितिलाई क्रियाशील बनाउने, |
| ३ | बृहत्तर विद्यालय सुधार कार्यक्रय अभाव हुन सक्ने, | विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको सहयोग र साझेदारी बमोजिम लगानी गर्ने वातावरणका लागि साझेदारी नीति कार्यानन्वयन गर्ने, |
| ४ | भुकम्प तथा विपद प्रतिरोधी भवन निर्माण मापदण्ड ऐनमा समय लाग्ने | नगर क्षेत्रभित्र उपलब्ध प्राविधिक जनशक्ति संग परामर्श गरी ऐन, नियम निर्माण गर्ने, |

| | | |
|---|---|---|
| ५ | अपेक्षित शिक्षण सिकाई मापदण्ड पुरा गर्न समय लाग्न सक्ने | सरोकारवालासंग छलफलगरी अपेक्षित सिकाई मापदण्ड पुरा गर्न आवश्यक समिति तथा उपसमिति गठन गरी कार्य विभाजन गर्ने, |
| ६ | परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालय संचालन, व्यवस्थापन रेखदेख, गुणस्तर सुधार सम्बन्धी कानुन, ऐन, नियमको अभाव | विद्यालयसंग सरोकार राख्ने अभिभावक, वि.व्य.स., शि.अ.सं., स्थानीय जनप्रतिनिधि, पेशागत संघ, संगठन, शिक्षक सबै पक्षसंग छलफल गरी आवश्यक ऐन नियम निर्माण र विधेयक पेश गर्ने । |
| ७ | सञ्चालनमा रहेका परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयमा लगानी गर्न मौजुदा वर्तमान अवस्था त्यति भरपर्दो र विश्वासिलो नहुने | सञ्चालित विद्यालयको सम्पूर्ण पक्षको तथ्याङ्क संकलन, लगानीको आधार खडा गर्ने र लगानीका लागि भरपर्दो विश्वासिलो आधार तयार गरी लगानी गर्ने, |
| ८ | शिक्षण सिकाई प्रक्रिया, गुणस्तरीयता सम्बन्धी निश्चित मानाङ्क तयार नभएको हुन सक्ने, | गुणस्तरीयता मापन प्रक्रिया निर्माण गर्ने र निश्चित मानाङ्क तयार गर्न विशेषज्ञहरुको सहयोग लिई सिकाई उपलब्धी मानाङ्क तयार गर्ने, |

लम्कीचुहा नगरपालिका

## १० विद्यालय शिक्षामा सार्वजनिक लगानी

**अवधारणाः-**

शिक्षा विकासको महत्पूर्ण पूर्वाधार हो । शिक्षाको विकास विना देशको विकास सम्भव हुदैन त्यसैले राज्यले सार्वजनिक हितका निम्ती शिक्षामा गर्ने लगानीमा पहिलो प्राथमिकतामा राख्नुपर्छ । विद्यालय शिक्षामा सार्वजनिक लगानीको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले वजेट विनियोजन गर्दा सरकारले पहिलो प्राथमिकता शिक्षालाई दिदै अल्पकालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना वनाई शैक्षिक विकासको अवधारणा ल्याउँदै आएको छ । पछिल्लो राजनैतिक परिवर्तन र यसवाट प्राप्त राज्यको संरचनाले शिक्षाको विकास स्थानीय सरकारको अधिकार क्षेत्रभित्र राखेकोले स्थानीय सरकारले केन्द्र सरकार र प्रदेश सरकारसंग समन्वय गरी आफ्नो क्षेत्रमा विद्यालय शिक्षामा वढी भन्दा वढी सार्वजनिक लगानी वढाउदै लिइने नीति लागु गर्न आवाश्यक देखिन्छ खास गरी स्थानीय सरकारले विद्यालय, समूदाय र आफ्नो क्षेत्रमा शिक्षासंग सरोकार विभिन्न सरकारी, गैर सरकारी संघ-संस्थासंग हातेमालो गर्दै, विद्यालयको भौतिक सुधार, शैक्षिक सूधार एवं विद्यालयको समग्र व्यवस्थापन गर्न प्रयाप्त मात्रामा ध्यान दिइने सोका निम्ति वृहत लगानी प्रवर्द्धन गर्न आवश्यक छ ।

विद्यालयको शिक्षामा विगतमा सरकारले निजी विद्यालयलाई लगानी गरेको नदेखिए तापनि सामुदायिक विद्यालय क्षेत्रमा विभिन्न संघ-संस्था,दातृ निकाय तथा समूदाय संगको समन्वय गरी प्राप्त आर्थिक तथा प्राविधिक सहयोगका आधारमा लगानी गरेको देखिन्छ । स्थानीय स्तर देखि केन्द्र स्तरवाट आर्थिक लगानीमा प्राथमिकता रहे पनि सही ढङगवाट लगानी सदुपयोग भएको अवस्था देखिदैन । भौतिक पूर्वाधारमा वाहेक अन्य पक्षमा अनुपातिक सफलता देखिएको छैन । त्यसले अव उपरान्त विद्यालय शिक्षामा प्रयाप्त सुधारका लागि सार्वजनिक लगानी गर्ने र त्यो लगानीलाई सार्थक बनाउने तिर नीतिगत योजना तर्फमा गर्न आवश्यक देखिन्छ । विगतको लगानीमा देखिएका मुख्य समस्याहरु निम्न रुपमा उल्लेख गरिन्छ ।

१- सरकारले माध्यमिक तह सम्म पूर्ण रुपमा निःशुल्क दिइने भनिए तापनि माध्यमिक शिक्षासम्म निःशुल्क नभई अभिभावकबाट सहयोग शुल्क लिइरहेको अवस्था छ ।

२- समुदायबाट भौतिक निर्माणमा जनश्रमदान हुन नसकेको ।

३- जीर्ण भौतिक संरचनाहरु आर्थिक अभावमा पूर्ण निर्माण गर्न कठिनाइ देखिएको । भौतिक संरचना उच्च जोखिमको अवस्थामा रहेको ।

४- विद्यालय संचालन तथा तह थप गर्दा विना मापदण्ड स्वीकृति दिएको अवस्था रहेको । लगानी तथा भौतिक पक्षलाई पर्याप्त ध्यान नपुगेको ।

५- सरकारी दरवन्दी तथा अनुदान कोटा आवश्यकता अनुसार नहुदा निजी स्तरमा शिक्षक त.भ. व्यवस्थापन गर्न वाधा र हाल तलव खुवाउन कठिनाइ रहेको । अन्य प्रयोजन समेतमा आयको रकम त.भ. मा खर्च मै. अन्य आवश्यक पक्ष व्यवस्थापन कठिनाइ भएको

६- अतिरिक्त क्रियाकलाप, शैक्षिक सामग्री, शैक्षिक गुणस्तर, शैक्षिक मूल्याङकन, कक्षा व्यवस्थापन, वातावरणीय सुधारमा ध्यान नगएको र पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर कक्षाहरुको स्थापना न्यून रुपमा रहेको

७- विद्यालय शिक्षामा भएको लगानीका सम्बन्धमा अनुगमन नभई पारदर्शिताको कमी रहेको ।

८- विद्यालयमा, अभिभावक र वि. व्य. स. एंव शि.अ.संघ जस्ता प्रभावकारी भूमिका खेल्ने पक्ष विद्यालयमा चासो दिइने वातावरण अत्यन्त न्यून हुनु ।

९- विद्यालयमा एकमुष्ट अनुदान, p.c.f रकम घटदै जानु तथा त्यो वन्द हुँदा विद्यालय स्रोतविहीन वन्दै जानु । भौतिक संरचनामा आन्तरिक लगानी लगाउँदा अन्य पक्षहरु प्रभावित हुनु ।

१०- स्थानीय जनप्रतिनिधि विहीन भएका कारण अनियन्त्रित र अव्यवस्थित हुनु ।

## ३. विद्यालय शिक्षामा सार्वजनिक लगानीको आवश्यकता

उपरोक्त कारणले यस न.पा. अन्तरगतका सामुदायिक विद्यालयमा लगानी हुन नसकेको कारण निजी विद्यालयमा सम्बन्धित विद्यालय संचालककहरुसँगको परामर्शमा उपयुक्त लगानी र भौतिक पूर्वाधारको वातावरण तय गर्दै सामूदायिक (नीतिमा थप गर्ने) (विद्यालय शिक्षामा सार्वजनिक लगानी)

४. सामुदायिक विद्यालयमा शुल्क निर्धारणमा एक रुपता कायम गरीने छ । पढाई शुल्क वाहेक आन्तरिक आम्दानीको रुपमा लिइने रजिष्ट्रेशन शुल्क, सर्टिफिकेट शुल्क, सिफारिस शुल्कहरुबाट २५ प्रतिशत 'नगर विकास कोष' मा जम्मा गरिने छ ।

## १) सम्भावित चुनौतिहरु

क. समुदायमा सार्वजनिक लगानी गर्ने व्यक्ति अनुदार रहने र अपनत्वको कमी रहने ।
ख. स्थानीय सरकारलाई अति आर्थिक भार भई सार्वजनिक लगानीका योजना प्रभावित हुने ।
ग. माध्यमिक विद्यालयको तहहरु सञ्चालनमा एकै पटक आर्थिक भार व्यहोर्न नसकिने ।
घ. व्यवसायिक तथा प्राविधिक जनशक्ति उत्पादनमा प्रचुर लगानी गर्ने काम छोटो समयमा सम्भव नहुने ।
ङ. व्यावसायिक तथा प्रा-विधिक उत्पादित जन शक्तिको वजार व्यवस्थापन गर्न अप्ठयारो हुने ।
च. सार्वजनिक लगानीको निरन्तरता नहुने र सञ्चालित कार्यक्रम स्थगित हुन सक्ने ।

कार्यनिति

क. विद्यालयको भौतिक संरचना आवश्यकता हेरी मापदण्ड वनाई एकरुपताको संरचना निर्माण गर्ने
ख. विद्यालय दरवन्दी (STR) का आधारमा स्थानीय रुपमा pcf प्रदान गर्ने
ग. शैक्षिक गुणस्तर हेरी प्रोत्साहन स्वरुप एकमुष्ट अनुदान दिइने र अध्यावधिक गर्ने
घ. पुराना जीर्ण र मर्मत योग्य भवन पुन निर्माणमा निरन्तरता दिने ।
ङ. भौतिक संरचना निर्माणमा जनश्रमदान अनिवार्य गर्ने
च. पारदर्शी लेखा प्रणाली र सो.को सूचना प्रणाली व्यवस्थित गर्न विद्यालयमा लगानी लगाउन आवश्यक देखिन्छ ।

**रणनीतिहरु**

१) समय अनुकुल दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा सञ्चालन आवश्यक पूर्वाधार निर्माण र पूराना जिर्ण भौतिक संरचना पुनर्निर्माण सञ्चालन गर्ने
२) विद्यालयले गर्नुपर्ने अन्य कियाकलाप, खेलकूद मूल्याङकन प्रणाली, शैक्षिक गुणस्तर विकास कियाकलाप, **IT** प्रविधि युक्त शिक्षण विधि, पूर्व, प्रा.वि व्यवस्थापन, विशेष शिक्षा सञ्चालन, विद्यालय पहुच वृद्धिका निम्ति विशेष छात्रवृत्ति, पोषण तथा स्वास्थ्य कार्यक्रम, सञ्चालन गर्ने ।
३) माध्यमिक विद्यालय सम्मको नि.शूल्क शिक्षालाई प्रभावकारी बनाउने ।
४) शिक्षक तालिम व्यवस्थापन गर्ने ।
५) विद्यालय, समूदायको सम्वन्ध सुधार गरी सामुदायिक विद्यालयप्रति आकर्षण बढाउन र शैक्षिक गुणस्तर पर्याप्त बढाउने ।
६) अनुगमन प्रकियालाई प्रभावकारी बनाउन ।

लालबन्दी नगरपालिका

७) स्थानीय स्तरको पाठ्यक्रम विकास गरी संस्थानीय संस्कृति, जैविक विविधताको संरक्षण एंव सम्वर्धन गर्ने ।
८) द्वैध शिक्षाको वातावरणलाई क्रमश न्यूनीकरण गर्दै एक द्वार शिक्षाप्रणालीको विकास गर्न
९) विद्यालय शिक्षामा सार्वजनिक लगानीका लागि तपसिलका नीति तथा रणनीति स्थानीय सरकारबाट अवलम्वन गरिने छ ।

**सुझावहरु**

क. विद्यालय शिक्षामा आर्थिक लगानीका निम्ति एक शैक्षिक विकास कोषको व्यवस्था गरिनु पर्छ ।
ख. क. वमोजिमको कोष सञ्चालन गर्न छुट्टै कोष "सञ्चालन कार्य विधि" तथा लगानी कार्य विधि बनाउनु पर्छ ।

ग. शिक्षा विकासका लागी शिक्षा संग सम्वन्धित विभिन्न गैर सरकारी संस्थाहरुसंग समन्वय गरी एक द्वार प्रणाली अपनाइने छ । सामुदायिक विद्यालयमा आर्थिक उपार्जनका लागि सम्भव भएका ठाउँहरुमा आय मूलक क्षेत्रमा लगानी गरी समूह विद्यालय बनाइनु पर्छ ।
घ. विद्यालयलाई नै क्रियाशील बनाई सानो तिनो आन्तरिक आय वृद्धिका निम्ति प्रेरित गरिनु पर्छ ।
ङ. विद्यालयलाई बोझ हुने गरी शिक्षक भर्ना गर्ने प्रक्रियालाई निरुत्साहित र नियन्त्रण गरिने छ ।
च. विद्यालयलाई आय आर्जन गर्न, वृक्षा रोपन, वारी बगैचा निर्माण, माछापालन, कुखुरा पालन, न्यूनतम अनुदानको व्यवस्था गरी समुदायलाई सक्रिय बनाइनु पर्छ ।
छ. ५ वर्षमा प्रत्येक माध्यमिक विद्यालयमा एक/एक विषयगत व्यवसायिक शिक्षा अनिवार्य सञ्चालन गरिनु पर्छ ।
ज. विद्यालय क्षेत्रभित्र प्राकृतिक स्रोतहरु वन जङगल, गिट्टी वालुवा आदी वाट उठेको केही प्रतिशत रकम सम्बन्धीत विद्यालयको भौतिक सुधारमा खर्च गरीने व्यवस्था गरिनु पर्छ ।
झ. कूल विकास वजेटको २५% रकम विद्यालय शिक्षामा खर्च गरिने व्यवस्था मिलाउने छ । यसरी खर्च गर्दा उक्त रकम १०० मानी विभिन्न खर्च शिर्षक बनाई सम्पूर्ण क्षेत्रमा विनियोजित गरी खर्च गरिने नीति अङ्गीकार गरिनु पर्छ ।
ञ. हाल विद्यालयमा रहेको आर्थिक अस्त व्यस्तताालाई मध्येनजर गरी विद्यालय पूर्ण मर्ज-आंसिक मर्ज र समूह गत मर्ज गर्ने र यस्तो मर्जमा रहेका विद्यालयका शिक्षालाई समायोजन गर्ने र समायोजनका निम्ति आर्थिक मापदण्डको नीति लागु गरिने छ । साथै सोही समूदायको सर्मथन समेत लिइनु पर्छ ।
ट. आर्थिक भार व्यय गर्न नसकेका विद्यालयहरु मध्य आवश्यकता हेरी दरवन्दी दिइने नीति राखिनु पर्छ ।
ठ. प्राविधिक शिक्षा सञ्चालन गरेका विद्यालयमा आवश्यक जनशक्ति व्यवस्थापनका निम्ति नगरपालिका अनुदानको नीति अवलम्वन गर्नु पर्छ ।
ड. संस्थागत विद्यालयमा समेत शैक्षिक गुणस्तर अतिरिक्त क्रियाकलाप गराउन जोखिम न्यूनिकरण स्वास्थ्य तथा वातावरण सुधारका निम्ती अनुदानको मापदण्ड सहित अनुदान सहयोग दिइने व्यवस्था गरिनु पर्छ ।

लमकी चुहा नगरपालिका

## ११ बिद्यालय शिक्षामा ICT को प्रयोग

विश्वव्यापी रुपमा सूचनाको आदान प्रदान गर्ने अत्याधुनिक साधनहरुलाई ICT (Information Communication Technology) भनिन्छ । कम्प्यूटर, ल्यापटप, टेवलेट प्रोजेक्टर आदी (जानकारी मूलक) भित्र पर्दछन् भने मोवाइल, ल्याण्ड लाइन, T.V. इन्टरनेट, मिडिया आदि कम्युनिकेसन भित्र पर्दछन् । यसरी यी सबै प्रविधिलाई सुचारु रुपले चलाउने वा प्रयोग गर्नु भनेको टेक्नोलोजी हो ।

विद्यालय क्षेत्रमा पठन-पाठन कियालाई प्रभावशाली बनाउन ICT को प्रयोग आवश्यक छ । किनभने सूचनाको हक भन्दा बाहिर कसैलाई पनि राख्नहुन्न भन्ने विश्वव्यापी मान्यता अनुसार हरेक विद्यालयहरुमा आधुनिक शिक्षणविधिको रुपमा यसको प्रयोग हुनु आवश्यक छ । नेपालमा पनि केही दशक देखि यसको प्रभावशाली प्रयोग विभिन्न क्षेत्र हुँदै विदयालय सम्म आइसकेको सर्वविदित छ । ICT को प्रयोगबाट विभिन्न विषयहरु जस्तै, भाषा, गणित, विज्ञान आदी सफलताका साथ प्रशिक्षण हुनुका साथै अडियो भिडियोको माध्यमबाट फलदायी शिक्षा दिन सकिन्छ । लाइब्रेरी नभएका विद्यालयहरुमा ICT को प्रयोगले आफूले चाहेको पाठ्यकम वा पुस्तकहरुको खोज गर्न सकिन्छ । यसको प्रयोगले शिक्षक र विद्यार्थि दुबैलाई पुर्न ताजगी दिनुका साथै कियाशील बनाइ रहन्छ ।

हाल इन्टरनेटर मोबाइल फोनमा लेपालकै लागि बनाइएको पुस्तकालय डट ओआरजीबाट सर्च गरेर हजारौ विषय शान्दर्भिक पुस्तहरु पढ्न पाइन्छ । तसर्थ ICT सेवालाई प्रत्यक विद्यालयहरुमा पुऱ्याउनु अत्यन्त आवश्यक छ ।

## विगत र वर्तमान

विगतमा फर्केर हेर्ने हो भने यस लम्कि चुहा नगरपालिकामा ICT सेवा विद्यालयहरुमा भएको पाइँदैन । तर वर्तमान परीप्रेक्षमा हेर्दा यस नगरपालिका अन्तर्गतका केही सरकारी तथा सामुदायिक विद्यालयहरु जस्तै, नमूना मा.वि. मोतिपुर, रा.मा.वि. बल्चौर (व्यवस्थित नगर) नवजागृति मा.वि. चुहा, जनजागृति मा.वि. चौरीमा यसको प्रयोगबाट पठन-पाठन भएको देखिन्छ, त्यस्तै अन्य संस्थागत विद्यालयहरु पायनर्श एकेडेमी, उज्यालो शिक्षा सदन, नमूना मा.वि., गुरुकुल आदी मा पनि ICT को माध्यमबाट केही विषयहरु पढाइएको पाइयो । कतिपय सामुदायिक तथा संस्थागत विद्यालयहरुमा विभिन्न संघ संस्थाहरुले सहयोग स्वरुपमा दिएका कम्प्यूटर, ल्यापटप र प्रोजेक्टर जस्ता साधनहरुको दक्ष जनशक्तिको अभावमा प्रयोग हुन सकेका छैनन् । कम्प्यूटर कक्षाको अभाव र दक्ष शिक्षकको अभावमा ती साधनहरु त्यतिकै खेर गइरहेका छन् । तसर्थ आउँदो भविष्यमा लम्कि चुहा नगरपालिका भित्रका सबै विद्यालयहरुमा अनिवार्य रुपले ICT सेवा दिनसकेमा मात्र शैक्षिक गुणस्तरमा वृद्धि हुनुका साथै दक्ष जनशक्ति उत्पादन हुन सक्ने विश्वास गरिन्छ ।

## चुनौतीहरु

- यस नगरपालिका भित्रका सबै विद्यालयहरुमा ICT को प्रयोग गर्दा ठूलो आर्थिक भार पर्न सक्छ ।
- लापरवाहीका कारण साधनहरु टुटफुट हुने साभावनाका साथै मर्मत सम्हारमा खर्च आउन सक्छ ।
- दक्ष शिक्षक र विषय ज्ञानको अभावमा इन्टरनेटबाट सिकाइने विषयबस्तुको ज्ञान सिमित हुन सक्छ ।
- कम्प्यूटर, ल्यापटप आदी राख्ने उपयुक्त काठाको अभावमा सामग्रीहरु छिट्टै विग्रिने र खुइलिने सम्भावना रहन्छ ।
- सामग्रीहरु विग्रेको अवस्थामा यदी मर्मत सम्हार समयमै हुन सकेन भने लामो समयसम्म कक्षा अवरुद्ध हुनसक्छ ।

- विद्‍यार्थी तथा शिक्षकहरुलाई जथाभावी गर्न दिएमा दुरुपयोग हुनसक्छ।
- विद्युत् सेवा नपुगेका विद्‍यालयहरुमा ICT सम्बन्धित सामग्रीहरु प्रयोग हुनबाट बन्चित हुन सक्छन् ।

**नीतिहरु (Polices)**

- शिक्षा क्षेत्रमा छुट्‍याइएको कुल बजेतको ५ रकम ICT शिक्षणको लागि छुट्‍याइने छ।
- सामुदायिक विद्‍यालयहरुमा अभिभावकहरुको लगानीलाई समेत प्रोत्साहीत गरीने छ।
- यस नगरपालिका भित्र रहेका वा क्रियाशील सम्पूर्ण सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाई समेत आर्थिक ,भौतिक, सहयोगको लागि शक्रिय गराइने छ।
- दक्ष शिक्षकहरुको तालिमको व्यवस्था गरी आवश्यक विद्‍यालयहरुमा खताइने छ।
- ICT सेवा भए नभएका विद्‍यालयहरुको अभिलेखीकरण र अनुगमन गरीने छ

**रणनीतिहरु**

- पाँच वर्षभित्र सबै विद्यालयहरुमा अनिवार्य रुपले इन्टरनेट सेवा दिइने छ।
- सोही अवधीभित्र दक्ष शिक्षकहरु उत्पादन गरी विद्यालयहरुलाई उपलब्ध गराइने छ।
- ICT सेवा उपलब्ध भएका विद्यालयहरुमा प्रत्येक महिना अनुगमन र प्रत्येक परीक्षाको (त्रैमासिक, अर्धवार्षिक, वार्षिक) परिणामलाई मध्यनजर गरी विद्यालयलाई पुरस्कृत गरिनेछ।
- पाँच वर्ष भित्र हरेक विद्यालयहरुमा छुट्टै अत्याधुनिक कम्प्युटर कक्षको निर्माण गरिनेछ।
- यस नगरपालिका विद्यालयहरुको नक्साङ्कन गरिनेछ।

**कार्यविधिहरु**

- प्राथमिकता र आवश्यकताको आधारमा प्रत्येक वर्ष ICT सेवा थप्दै जाने।
- एक वर्षमा कम्तीमा पनि सातवटा सामुदायिक विद्यालयहरुमा ICT सेवा दिने र दक्ष शिक्षक नभएका विद्यालयहरुमा इच्छुक शिक्षकहरुलाई तालिमको व्यवस्था गर्ने।
- ICT सेवामा छुट्‍याइएको बजेटको ठाउँमा विद्यालयलाई सामाग्री उपलब्ध गर्ने । सामाग्री वितरणमा विद्यालयको तहलाई पनि मध्यनजर गरिनेछ।
- सबै सहयोगी दाता तथा संघसंस्थाहरुलाई सम्मान गर्ने र उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने।
- अभिभावकहरुलाई ICT सेवा सम्बन्धी जागरुक गराई बालबालिकाहरु प्रति सचेत गराउने।
- प्रत्येक महिना अनुगमन र निरक्षणको व्यवस्था गर्ने।
- विद्युत नपुगेका विद्यालयहरुमा विद्युत जडान गरी ICT सेवा दिने।
- अनिवार्य रुपमा सबै विद्यालयहरुमा आवश्यकताको सिद्धान्तमा सि.सि. क्यामेरा उपलब्ध गराउने।
- सबै परीक्षा केन्द्रहरुमा सि.सि. क्यामेराको व्यवस्था गर्ने।
- प्रत्येक विद्यालयमा इलेक्ट्रोनिक हाजिरीको व्यवस्था गर्ने।
- प्रत्येक विद्यालयमा प्रोजेक्टर उपलब्ध गराउने छ।
- व्यवसायिक रुपमा उपलब्ध भएको इलेक्ट्रोनिक सामानहरु (कम्प्युटर) आदी क्रमशः सबै विद्यालयहरुमा उपलब्ध गराइने छ।

## १२ विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा

शिक्षा प्राप्त गर्नु हरेक व्यक्तिको नैसर्गिक अधिकार हो भने हरेक व्यक्तिलाई शिक्षाको अवसर दिनु राज्यको अहम् कर्तव्य हो । त्यसैले राज्यले बालबालिकाको उज्वल भविष्य निर्धारण गर्न र नागरिकलाई शिक्षाबाट बञ्चित हुने वातावरणको अन्तगरी हरेक व्यक्तिलाई अनौपचारिक र औपचारिक शिक्षा विकास विस्तार उच्च वृद्धि गर्नुपर्छ । त्यसैले स्थानीय सरकारले आफ्नो शिक्षा नीतिबाट विशेष गरी विशेष नागरिक जस्तै अपाË दृष्टिबिहीन, श्रवण शक्ति कम भएका तथा सुस्त मनस्थिति भएकाहरुका लागि दिइने विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । यस्ता विशेष प्रकारका व्यक्तिहरु पनि शिक्षाको अवसर प्राप्त गरी असल नागरिक एवम् आत्मनिर्भर नागरिक बनेर देखाउन सक्छ र उनीहरुलाई आत्म निर्भर बनाई आत्म विश्वास वृद्धि गर्न सकिन्छ । वास्तविक रुपमा सरकारको यसमा विशेष ध्यान जानुपर्छ ।

### विशेष शिक्षा सम्बन्धमा हालको अवस्था

मानव अधिकारको विश्वव्यापी अवधारणा संगै यस्ता विशेष नागरिकको शिक्षा, स्वास्थ्य, रोजगारमा राज्यको दायित्व हो भन्ने सर्त सहित राज्यले त्यस्तो नीति कार्यक्रम बनाई लगानी लगाएपनि त्यसको आमरुपमा पहुच वृद्धि गर्न सकिरहेको छैन । अरु खास गरी शहरी क्षेत्रमा त्यस्ता विशेष विद्यालय खोले पनि सिमांतीकृत, गरीब तथा सामाजिक रुपमा पछाडि परेका वर्गमा सुविधा उपयोग हुन सकेको देखिदैन । विभिन्न संघसंस्था, गैर सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको प्रत्यक्ष सहयोग र आर्थिक अनुदान स्थानीय स्तर नदेखिँदा यस क्षेत्रमा त्यसको आवश्यकता महसुस बान्छनीय छ । हाल हाम्रो क्षेत्रमा आंशिक रुपमा बाहेक ती व्यक्तिहरु शिक्षाको ज्योतिबाट बञ्चित रहेको देखिन्छ । विद्यालय शिक्षाले त्यस्ता व्यक्तिलाई सुविधा दिन सकेका छैनन् र ती व्यक्तिहरु नारकीय जीवन जिउँदै आएका छन् । उनीहरुको अवस्था दयनीय देखिन्छ । अहिलेसम्म उनीहरुको वास्तविक तथ्याङ्क लिइने बाहेक कुनै व्यवस्था गरी सकिएको छैन । शिक्षा स्थानीय सरकारको क्षेत्रभित्र पर्ने हुँदा स्थानीय सरकारले त्यस्ता वर्गहरुलाई शिक्षा प्रदान गर्न लगानी गर्ने विशेष व्यवस्था गर्ने नीति तर्जुमा गर्नु पर्ने हुन्छ । विशेष शिक्षाको स्थानीय सरकारले निम्न नीति तथा रणनीति अपनाउन सकिने छ ।

क) विशेष शिक्षा सञ्चालन गर्न एउटा छुटटै "विशेष शिक्षा सञ्चालन कार्य विधि" बनाइने छ ।

ख) नगर पालिका क्षेत्र भित्र १ वटा विशेष शिक्षा केन्द्रको विकास गर्ने नीति लिइने छ ।

ग) ख बमोजिम तत्काल भौतिक पूर्वाधार तयार नहुन्जेल सम्म हाल सञ्चालीत विद्यालय मै विशेष शिक्षा व्यवस्थापन गरी आवश्यकीय विशेष सुविधा सहित विशेष शिक्षा पाठयक्रमको आधारमा शिक्षा दिइने प्रवन्ध मिलाउन सकिने छ ।

घ) विशेष शिक्षा प्राप्त गर्ने बालबालिका/नागरिकका लागि चाहिने आवश्यक जनशक्ति व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारको रहने छ ।

ङ) विशेष शिक्षा प्राप्त नागरिकलाई आत्मनिर्भरको बाटोमा लिई विशेष क्षमताका आधारमा व्यवसायिक सीप, तथा व्यवसाय सञ्चालनका निम्ति अनुदानको व्यवस्था मिलाउने नीति लिइने छ ।

### समस्या र चूनौतिहरु

१) दक्ष जनशक्तिको अभाव रहने ।

२) आर्थिक लगानी अपेक्षाकृत बढी हुने ।

४) भौगोलिक विकटताको व्यवस्थापनमा कमी ।

५) प्रविधिको उपयोगमा कठिनाइ ।

**नीतिहरु :**

यस लम्कीचुहा नगरपालिका भित्र बिशेष बालबालिकाहरुको शिक्षाको लागि देहाय बमोजिमका नीतिहरु अपनाइने छ ।

१. विशेष आबश्यकता भएका बालबालिकाको शिक्षाका लागि बिशेष खालका बालबालिकाहरुकको तथ्याङ्क संकलन गर्ने ।
२ विशेष शिक्षा दिने बिद्यालयको भौतिक पुर्वाधार बिकास गर्ने ।
३ दृष्टि, विहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता भएका बालबालिकाको पहिचान गरी आवश्यक योजना निर्माण गर्ने ।

**रणनीति/कार्यनीतिहरुः**

१ नगर क्षेत्र भित्रका अपाङ्गता भएका तथा बिशेष आबश्यकता भएका बालबालिकको यकिन संख्या पहिचान र बर्गीकरण गरी आवश्यकता अनुसार शिक्षा दिने व्यवस्था मिलाउने ।
२ विशेष शिक्षा संचालनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने
३ विशेष शिक्षाका कक्षाहरु संचालन गर्नका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गर्ने ।
४ विशेष शिक्षाका लागि जनशक्ति व्यवस्थापन गर्ने ।

**सुझावहरुः**

१ विशेष आबश्यकता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गरिसके पछि बालबालिकाको संख्या यकिन गरी कक्षा चलाउनका लागि पुग्ने बालबालिका भएमा नगर क्षेत्रभित्र कक्षा संचालन गर्न पहल गर्नु पर्ने ।
२ विशेष आबश्यकता भएका बालबालिकाको संख्या २० जनाभन्दा कम भएमा प्रदेश सामाजिक विकास मन्त्रालयसँग समन्वय गरी विशेष कक्षा संचालन भएका ठाउँमा बालबालिकाहरुलाई पठाउने
३ विशेष शिक्षाका लागि आबश्यक आर्थिक स्रोतको व्यवस्था गर्ने ।

लम्कीचुहा नगरपालिका

**१३ अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिकाको लागि शिक्षामा पहुँच :**

**१. वर्तमान अवस्थाः**

नेपालको संविधान २०७२ अनुसार संघीय शासन प्रणालीले दिएको हक अधिकार सम्बन्धमा स्थानीय तहलाई दिएको शिक्षाको हक सम्बन्धी नीति भएता पनि अती सीमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिका अहिले पनि शिक्षा पहुँचमा पूर्ण रुपमा पुग्न नसकेको अवस्था छ । यस स्थानीय निकाय क्षेत्रभित्र बादी, राजी, सोनाहा, माझी, आदि अति सीमान्तकृत एवम् लोपोन्मुख समुदाय अन्तर्गत रहेका छन् ।

## २. समस्या र चुनौतीहरु

अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिका लागि शिक्षाको मुलधारमा ल्याउने विभिन्न प्रयास भएपनि निम्न लिखित कारणले शिक्षाको पहुँचमा पुग्न नसकेको देखिन्छ ।

क) निरपेक्ष गरिबीको रेखामुनी रहेको घर परिवार शिक्षा पहुँचमा पुग्न नसकेको ।
ख) अभिभावक श्रमको खोजीमा ज्याँदा बालबालिका पनि संगै गई बालश्रममा लागेको ।
ग) आर्थिक अभावका कारण बालबालिकाका लागि विद्यालयमा पुगाउनु भन्दा श्रममा लगाएको ।
घ) अशिक्षाका कारण शिक्षाप्रति उदासीन भएको ।
ङ) जीवनोपयोगी शिक्षा नभएको कारण आम्दानीलाई शिक्षासँग तुलना गरी शिक्षाप्रति विकर्षण भएको ।
च) बालबालिकाको आवश्यकता र सिकाइलाई सहज बनाउने नवीनतम सूचना प्रविधिको अवलम्वन र उपयोग गर्ने कार्य व्यवस्थित हुन नसकेको ।

## ३. नीतिहरु :

१) अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिकाका लागि कम्तिमा मा.वि. तहसम्ममा क्षमता र योग्यताका आधारमा निःशुल्क शिक्षाका अवसरहरु खुला गरिनेछ ।
२) अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिकाका लागि मा.वि. तहसम्म सम्पूर्ण पाठ्यपुस्तक र सिकाइ सामाग्री एवम् सन्दर्भ सामाग्रीलाई आधारभूत तहसम्म निःशुल्क प्रदान गरिनेछ ।
३) अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन समुदायको बाहुल्यता हेरी कुनै क्षेत्रमा आधारभुत तथा बाल विकास केन्द्र खोलिने छ ।
४) अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिकालाई शिक्षामा आकर्षण बढाउन मा.वि. तहको शिक्षा प्राप्त उपरान्त स्वरोजगारमुखी तालिमको व्यवस्था गरी काममा लगाउने छ ।

## ४. रणनीतिहरु :

अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिकालाई गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम र प्रतिस्पर्धी नागरिकका रुपमा तयार गर्नका लागि तय गरिएका समावेशी शिक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्न निम्न लिखित रणनीतिहरु अवलम्वन गरिने छन :

१) बालबालिकाको प्रतिस्पर्धात्मक क्षमता हुने गरी औपचारिक, अनौपचारिक, खुला तथा दूर, प्राविधिक र निरन्तर सिकाइको व्यवस्था गर्ने ।
२) छात्रवृत्ति वितरण गर्दा एकद्वार प्रणालीबाट दिइने ।
३) बालबालिकाको क्षमतालाई वर्गीकरण गरी विद्यालय तथा विश्वविद्यालय तहका प्राविधिक विषयको अध्ययनका लागि सिफारिस गरिने ।
४) समावेशी शिक्षा सम्बन्धी खोज, अध्ययन, अनुसन्धान तथा योजना तर्जुमाका लागि एकीकृत तथ्याङ्कीय सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने ।

लम्कीचुहा नगरपालिका

५) विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग समन्वय गरी यस्ता बालबालिकाको उत्थान र पुनःस्थापना गरिने ।

**५. कार्यनीतिहरु :**

१) सरकारी तथा संस्थागत विद्यालयमा कोटा निर्धारण गरी पठनपाठनको व्यवस्था मिलाइने छ ।

२) बालबालिकाको क्षमता र योग्यताका आधारमा रोजगारी व्यवस्था गर्न सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।

३) अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायको उत्थान र विकासका लागि नगरपालिका क्षेत्रभित्र आवश्यक हुने रोजगारीमा समावेशी (आरक्षण) सिद्धान्तका आधारमा गरिनेछ ।

४) अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिकालाई शिक्षा पहुँचमा पुऱ्याउन मा.वि. तह सम्म निःशुल्क शिक्षाको अवसर दिइने छ ।

५) यस्ता समुदायका बालबालिकाहरुलाई मा.वि. सम्म निःशुल्क पाठ्यपुस्तक र आधारभूत तहसम्मका बालबालिका सिकाइ सामग्री र सन्दर्भ सामग्री निःशुल्क उपलब्ध गराइने छ ।

**६. सम्भावित जोखिम र समाधानका उपायहरु :**

**१) सम्भावित जोखिम :**

क) अति सीमान्तकृत एवम् लोपोन्मुख बालबालिकाको पहिचान र वर्गीकरण गर्न कठिन ।

ख) अति सीमान्तीकृत एवम् लोपोन्मुख बालबालिकालाई सिकाइ सामग्री एवम् सन्दर्भ सामग्री व्यवस्थापन गर्न ।

ग) नगरपालिका क्षेत्रभित्र रोजगारीको व्यवस्था गर्न ।

घ) प्रदेश तथा स्थानीय सरकारबाट लगानीको पूर्ण प्रत्याभूति, प्रतिबद्धता र जिम्मेवारीको बोधमा ।

**२) समाधानका उपायहरु :**

क) अति सीमान्तीकृत एवम् लोपोन्मुख बालबालिकाको पहिचान र वर्गीकरण गर्नुपर्ने ।

ख) बालबालिकालाई शिक्षाको पहुँचमा पुऱ्याउन पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाई सामग्री एवम् सन्दर्भ सामग्री वितरण गर्नुपर्ने ।

ग) प्रदेश र स्थानीय सरकारले नीतिमा उल्लेखित बुँदाहरुलाई प्रतिवद्धताका साथ कार्यान्वयन गर्नुपर्ने ।

घ) अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायका बालबालिकालाई अध्ययन उप्रान्त रोजगारीको व्यवस्था गर्नुपर्ने ।

लम्कीचुहा नगरपालिका

## १४ विद्यालयहरुमा भौतिक सुविधा सुधार

**१. वर्तमान :**

लम्कीचुहा तथा क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको अवलोकन तथा तथ्याङ्क संकलन र विश्लेषण गर्दा निम्न अनुसार भौतिक सुविधा सुधार रहेका छन् ।

१) यस क्षेत्रभित्र ८७ वटा विद्यालय रहेको ।

२) संस्थागत ४२ वटा र सामुदायिक ४५ वटा विद्यालयहरु रहेका ।
३) विद्यार्थी अनुपात विद्यालय भवनहरु भुकम्प रहित नभेटिएको ।
४) सामुदायिक विद्यालयका भवनहरु संस्थागत विद्यालयभन्दा उपयुक्त रहेका ।
५) सामुदायिक तथा संस्थागत विद्यालयहरुका अधिकतम् भवनहरु हावा, पानीबाट प्रभावित भई पठन-पाठनमा अवरोध रहेको ।
६) आवश्यकता अनुसारका भौतिक पूर्वाधारहरु कतै नरहेको ।

## २. समस्या र चुनौतीहरु :

१) भुकम्प रहित भवनहरु आंशिक रुपमा रहेपनि सबै विद्यालयहरुमा नभएको ।
२) व्यवस्थित छात्रछात्राहरुको शौचालयको अभाव ।
३) अभिभावक प्रतिक्षालय, प्र.अ. कक्ष, स्टाफ कक्ष, पुस्तकालय, वचनालय, लेखा फाँट, विज्ञान तथा कम्प्यूटर प्रयोगशाला आदि उपयुक्त मात्रामा नरहेको ।
४) विद्यालयमा घेरा पर्खाल र घेरवार तथा गेट आवश्यकता अनुसार नरहेको ।
५) कतिपय विद्यालयमा आवश्यकता अनुसारको फर्निचर र शुद्ध खानेपानीको व्यवस्था नभएको ।
६) प्रायः जसो विद्यालयमा उपयुक्त मात्राको खेलमैदान नरहेको ।
७) विद्यालयभित्र साइकल तथा मोटरसाइकल पार्किङ्ग स्थल र बगैचाको अभाव रहेको ।
८) विद्यालय हाताभित्र खाजाघर तथा फोहोर व्यवस्थापन कन्टेनरको अभाव रहेको ।

## ३. नीतिहरु :

१) आवश्यकता अनुसारका भौतिक संरचनाहरु निर्माण गर्दा भूकम्प प्रतिरोधी बनाइनेछ ।
२) आवश्यकता अनुसार आधुनिक शौचालयहरु निर्माण गरिनेछ ।
३) शैक्षिक वातावरण सुधारका लागि आवश्यक भवन निर्माण गरी कक्षहरु तयार गरिनेछ ।
४) क्रमगतरुपमा विद्यालयभित्र स्वच्छ वातावरण तयार गर्न घेरवार, पर्खाल तथा गेटको व्यवस्था गरिनेछ ।
५) विद्यार्थी अनुपात र विद्यालयको प्रकृति अनुसार फर्निचर र शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ ।
६) विद्यालयको आवश्यकता अनुसार खेलमैदान, खाजाघर, फोहोर व्यवस्थापन र पार्किङ्गको व्यवस्था मिलाइने छ ।
७) संस्थागत विद्यालयहरुको भौतिक संरचना विद्यालयको वर्गीकरण गरी सोही बमोजिम गर्न गराउन लगाइने छ ।

नेपाल सरकारका विभिन्न अंग तथा गैर सरकारी संस्थाबाट विद्यालय भवन र अन्य पूर्वाधारका लागि अनुदान रकम आई निर्माण पूरा भएता पनि वर्तमान आवश्यकतालाई पूरा गर्न नसकेकाले निम्न अनुसारका नीतिहरु अबलम्वन गर्न आवश्यक देखिन्छ ।

## ४. रणनीतिहरु :

लम्कीचुहा नगरपालिकाको शैक्षिक सुधार तथा स्तरोन्नतिका लागि सक्षम तथा प्रतिस्पर्धी नागरिक तयार गर्न निम्नानुसारका रणनीतिहरु अबलम्वन गरिनेछन् ।

१) विद्यालयाके भौतिक सुविधा सुधार गरी स्थानीय स्तरमा सुहाँउदा विभिन्न प्राविधिक विषयहरु संचालन गर्ने ।
२) विद्यालयमा पूर्वाधार तयार गर्दा एकद्वार प्रणालीद्वारा निर्माण गर्ने ।
३) विद्यालयको स्थिति अनुसारको आवश्यक पूर्वाधारहरु तयार गरिने ।
४) संस्थागत विद्यालयको वर्गीकरणको आधारमा पूर्वाधार तयार गर्न लगाउने ।

## ५. कार्यनीतिहरु :

१) सामुदायिक तथा संस्थागत विद्यालयहरुका भौतिक सुविधा सुधारगरी गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।
२) विद्यालयहरुमध्ये उपयुक्त विद्यालय छनोट गरी प्राविधिक विषय संचालन गर्न प्रोत्साहित गरिनेछ ।
३) मैत्रीपूर्ण भौतिक वातावरण सृजनागरी विद्यार्थीहरुलाई विद्यालयमा जान प्रोत्साहित गरिनेछ ।
४) विद्यालयभित्र सम्पूर्ण भौतिक पूर्वाधार तयार गरी शिक्षण सिकाइमा सहजता ल्याइने छ ।

यो सम्भावित जोखिम र समाधानका उपायहरु

सम्भावित जोखिम

१) गुणस्तरीय शिक्षाका लागि ट्रसयुक्त भवनहरु घामपानी हावाहुरीबाट प्रभावित हुने भएकाले अपेक्षित सिकाइ उपलब्धी हासिल हुन कठिन ।
२. चर्को घाम र शीतलहर तथा हुरी बतासमा ट्रसयुक्त भवनमा पठन-पाठन गर्न गाह्रो ।
३. जोर्ण भवनहरु उच्च जोखिमपूर्ण अवस्थामा रहेको ।
४. छात्र, छात्रा, शिक्षक र कर्मचारीका लागि आवश्यक मात्राको शौचालयको अभाव ।
५. विद्यालयहरुमा आवश्यक कार्यकक्षहरुको अभाव ।
६. पार्किङ्को अभाव सवारी साधनहरुको संरक्षणको अभाव ।

### समाधानका उपायहरु

१. गुणस्तरीय शिक्षा प्रदान गर्न उपयुक्त शैक्षिक वातावरण भएका कोठाहरु हुनु पर्ने ।
२. जीर्ण भवनहरुलाई नेपाल सरकारको मापदण्ड अनुसार पुनः निमार्ण गरिनु पर्ने ।
३. गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याउन विद्यालयहरुको वर्गीकरण गरी आश्यकता अनुसार भौतिक सुविधा सुधार गर्नु पर्ने ।
४. केन्द्रीय, प्रादेशिक र स्थानीय सरकारले विद्यालय सुधार र गुणस्तर सुधारका लागि माथि उल्लेखित बुँदाहरुमा प्रतिबद्ध  हुनु पर्ने ।

लम्कीचुहा नगरपालिका

## १५ विद्यार्थीहरुको स्वास्थ्य, पोषण, खेलकूद तथा अतिरिक्त क्रियाकलाप र संङ्गीत

विद्यार्थी विभिन्न स्वभाव, प्रकृति र क्षमताका हुन्छन । उनीहरुको चौतर्फी विकास गराउन पाठ्यपुस्तकले निर्धारण गरेका विद्याले मात्र पुग्दैन । व्यक्तिको व्यक्तित्व विकासका उनीहरुको स्वास्थ्य, पोषण, खेलकुद तथा अतिरिक्त क्रियाकलाप र संगीतको खाँचो पर्दछ । हरेक व्यक्तिको व्यक्तिगत भिन्नताका र रुचिका आधारमा यस्ता क्रियाकलाप उचित हुन्छ । नेपाल सरकारले विभिन्न शीर्षकमा यस्ता क्रियाकलापहरुमा रकम खर्चे पनि आशादित परिणाम भने आउन सकेको देखिदैन । हाल यस्ता कार्यकलापहरु संचालनमा रहेकोले यस नगरपालिकाको लागि निम्न शीर्षकमा रही विश्लेषण गर्न आवश्यक देखिन्छ ।

**क) वर्तमान अवस्था :**

नेपाल सरकारले कक्षा ५ सम्म संचालनमा रहेका विद्यालयहरुमा बालबालिकाको विकासका लागि पोषणका लागि खाजा व्यवस्था रहेको छ । अन्य विद्यालयहरुमा पनि साना नानीबाबुहरु अवस्था एउटै रहेता पनि सरकारको त्यतातिर नपुगेको देखिन्छ । खेलकुद तथा अतिरिक्त क्रियाकलाप गर्न र भाग लिन पाउनु विद्यार्थीको नैसर्गिक अधिकार हो तर विद्यालयको अवस्थाअनुसार कुनै विद्यालयमा विभिन्न अतिरिक्त क्रियाकलाप गरेपनि नियमित योजना अनुसार कार्य गरेको भेटिदैन । विद्यार्थी वा बालबालिकाको स्वास्थ्य र पोषणमा अधिकारको रुपमा नेपालको संविधान २०७० ले स्वीकार गरेको छ । तर स्वास्थ्य स्थितिको जाँच र पोषण विषयमा कसैले चासो दिएको पाइदैन ।

**ख) समस्या र चुनौतीहरु :**

१) विद्यार्थीको स्वास्थ्य र पोषणका लागि सबै विद्यद्यालयमा खाजाको कार्यक्रम नरहेको पाइन्छ ।
२) खाजा व्यवस्था भएका विद्यालयहरुमा व्यवस्थित तरिका तथा नियमानुसार खाजा व्यवस्था गरेको पाइँदैन ।
३) पोषणयुक्त खाजाको व्यवस्था भएतापनि बालबालिकाको पोषणमा सुधार आएको देखिदैन ।
४) विद्यालय तथा अन्तर विद्यालय स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलापहरु बेलाबचत भएतापनि विद्यार्थीको रुचि र चाहना अनुसार भएको देखिदैन ।
५) संगित र सांस्कृतिक कार्यक्रमहरु निश्चित पर्व तथा उत्सवमा मात्र भएको अन्य समयमा विद्यार्थीको प्रतिभा अनुरुप कार्यान्वयन भएको देखिदैन ।
६) पाठ्यभार तथा पाठ्यपुस्तकमा भएका शारीरिक क्रियाकलापलाई सैद्धान्तिक रुपमा मात्र लिएको देखिन्छ ।
७) विद्यालयमा खेलाइने खेलहरु सिमित विद्यालयमा मात्र खेलाएको पाइन्छ ।

**ग) नीतिहरु :**

१) खाजाको व्यवस्था भएका विद्यालयहरुमा सम्बन्धित नगरपालिका निकायबाट अनुगमन र नियमित गरी व्यवस्थित तरिकाबाट खाजा खुवाउने व्यवस्था गरिनेछ ।
२) पोषणहिन बालबालिकाको पहिचान गरी बिभिन्न संघसंस्था मार्फत सबै विद्यालयहरुको (प्रा.वि.) तहसम्म खाजाको व्यवस्था गरिनेछ ।
३) विद्यार्थीको स्वास्थ्य, पोषण खेलकुद तथा अतिरिक्त क्रियाकलाप विद्यालयमा अनिवार्य रुपमा लागू गरिने छ ।
४) विद्यार्थीको क्षमता र रुचिका आधारमा उनीहरुको प्रतिभा लाई सम्मानजन कार्यक्रमहरु ल्याइने छ ।
५) समय सापेक्ष र विश्व भूमण्डलीकरणको असरले विद्यार्थीमा देखिएका प्रतिभा अनुसार कार्यक्रम ल्याइने छ ।
६) विद्यालय तथा अन्तर विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापहरु समय-समयमा योजना बनाई गरिने छ ।

**घ) रणनीतिहरु**

१) विद्यार्थीको स्वास्थ्य र विद्यालयमा विद्यार्थी भर्नादर वृद्धि गर्न सबै विद्यालयमा प्राथमिक तह (१-५) सम्म खाजा व्यवस्था गरिने ।
२) प्रा.वि..तह (१-५) सम्म खाजा कार्यक्रम भएका विद्यालय नियमानुसार लागु नभएको व्यवस्था मिलाइने ।
३) विद्यालयको आर्थिक, भौतिक तथा खेलमैदानको अवस्थाको अध्ययन गरी आवश्यकता अनुसार खेलकुद सामग्रीको व्यवस्था गरिने ।

४) विद्यार्थीको अन्तर्निहित प्रतिभाको कदर गर्न अतिरिक्त क्रियाकलापमा विशेष जोड दिइने सभा, संगीत, गायन, वाद्यवादन, वक्तृत्वकला, प्रहसन रहनेछन् ।

### ङ) कार्यनीतिहरु

१) सरकारी स्तरका सबै विद्यालयमा विद्यार्थीको स्वास्थ्य सुधार र पोषणका लागि प्रा.वि.तह(१-५) सम्म पोषणयुक्त खाजाको व्यवस्था मिलाइने छ ।
२) विद्यार्थीकाृ प्रतिभाको कदर गरी समय-समयमा स्थानीय, प्रादेशिक र केन्द्रिय स्तरमा विभिन्न अतिरिक्त क्रियाकलाप (वक्तृत्व, हाजिरिजवाफ, नृत्य, गायन, वाद्यवादन, प्रशसन र खेलकुद) सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।
३) न.पा. भित्र स्तरीय खुला मैदान र खेल मैदानको व्यवस्था मिलाइने छ ।
च) सम्भावित जोखिम र समाधानका उपायहरु

### सम्भावित जोखिम

१. विद्यार्थीको प्रतिभालाई खोजी गर्न संयन्त्रको अभाव ।
२. सबै विद्याको विज्ञ पहिचान गर्न कठिनाइ ।
३. न.पा. भित्र स्तरीय खेलमैदान व्यवस्था गर्न जमिन उपलब्ध कठिनाइ ।
४. प्रा.वि. तह (१-५) सञ्चालन भएका विद्यालयहरुमा प्रा.वि. भन्दा माथिल्लो तह सञ्चालन भएका विद्यालयहरुमा एकै साथ पोषण युक्त खाजा कार्यक्रम सञ्चालन गर्दा विद्यार्थीहरुमा विभेद भइ वितरणमा कठिनाइ ।
५. विद्यालयको भौतिक पूर्वाधारका रहेका खेलमैदान तथा अन्य संरचानाका आधारमा आन्तरिक तथा बाह्य खेलसँग सम्बन्धित सामग्री बाट कठिनाइ ।

### समाधान उपायहरु

१) विभिन्न प्रकृतिका विद्यार्थीको रुचि, क्षमता र आवश्यकता पहिचान गर्न आवश्यक छ ।
२) विद्यालयको स्तर र आवश्यकताको आधारमा विभिन्न खाले खेल मैदान बनाउन । नगरपालिकाले पहल गर्ने छ ।
३) प्रा.वि. तह र सो भन्दा माथि कक्षा सञ्चालन गर्दा प्रा.वि. (१-५) सम्मको विद्यालय भवन छुट्टै हुनुपर्ने छ ।
४) विद्यालयको खेलमैदान, भवन तथा अन्य पक्ष विकास भएका र नभएका विद्यालयहरुको पहिचान, वर्गीकरण गरी खेलकुद सामग्री वितरण गर्नुपर्ने ।

## १६ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम :

### (१) वर्तमान अवस्था :

अहिलेको युग भनेको विज्ञान प्रविधिको युग हो । यस्तो परिस्थितिमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको निकै ठूलो महत्व रहेको छ । लम्कीचुहा नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयले प्राविधिक शिक्षा तथा व्यवशायिक तालिम दिने शिक्षालय वा स्कूल एकदमै कम रहेका छन् । धेरैजसो विद्यालयले साधारण तर्फको परम्परागत शिक्षा दिएर शैक्षिक बेरोजगार उत्पादन गरी रहेका छन् । लम्कीचुहा नगरपालिकाभित्रका केही विद्यालयले प्राविधिक धार तर्फको शिक्षा दिने उद्देश्यले पठन-पाठन सुरु गरेका छन् । केही निजी स्तरबाट संचालित संघसंस्थाले सीपमुलक तालिम जस्तै : सिलाइ, बुनाइ, बाल काट्ने, मिठाई बनाउने, विदेशी भाषा सिकाउने कार्य सुरु गरेका छन् । विद्यालयमा कम्प्यूटर

लम्कीचुहा नगरपालिका

शिक्षाको सुरुवात भएको छ तर पर्याप्त कम्प्युटर नहुँदा अभ्यास गराउन समस्या रहेको छ । नगरपालिका भित्र संचालित संघसंस्थाहरु व्यवस्थित तथा नियमित हुन सकिरहेका छैनन् । प्राविधिक शिक्षालाई शिक्षा मन्त्रालयले यसरी परिभाषित गरेको छ :

**१६ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम :**

**(१) वर्तमान अवस्था :**

अहिलेको युग भनेको विज्ञान र प्रविधिको युग हो । यस्तो परिस्थितिमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको निकै ठूलो महत्व रहेको छ । लम्कीचुहा नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयले प्राविधिक शिक्षा तथा व्यवशायिक तालिम दिने शिक्षालय वा स्कूल एकदमै कम रहेका छन् । धेरैजसो विद्यालयले साधारण तर्फको परम्परागत शिक्षा दिएर शैक्षिक बेरोजगार उत्पादन गरी रहेका छन् । लम्कीचुहा नगरपालिकाभित्रका केही विद्यालयले प्राविधिक धार तर्फको शिक्षा दिने उद्देश्यले पठन-पाठन शुरु गरेका छन् । केही निजी स्तरबाट संचालित संघ संस्थाले सीपमुलक तालिम जस्तै : सिलाई, बुनाई, बाल काट्ने, मिठाई बनाउने, विदेशी भाषा सिकाउने कार्य शुरु गरेका छन् । विद्यालयमा कम्प्यूटर शिक्षाको शुरुवात भएको छ तर पर्याप्त कम्प्यूटर नहुँदा अभ्यास गर्न समस्या रहेको छ। नगरपालिका भित्र संचालित संघ संस्थाहरु व्यवस्थित तथा नियमित हुन सकिरहेका छैनन् ।

शिक्षा मन्त्रालयले शिक्षा बिभाग मार्फत सामुदायिक बिद्यालयमा कक्षा ९ बाट प्राबिधिक शिक्षा सञ्चालन गर्ने निर्णय २०६८ सालमा गरेको थियो । सोही निर्णयानुसार २०७० साल देखि कक्षा ९ मा प्राबिधिक शिक्षाको ९९ वटा बिद्यालयमा पठन पाठन प्रारम्भ भयो । बि.स.२०७२ साल देखि ९३ सामुदायिक माध्यमिक बिद्यालयमा कक्षा ११ मा प्राबिधिक शिक्षाको पठन पाठन पनि प्रारम्भ भयो । बि.स.२०७१ सालदेखि कक्षा ११ मा पठन पाठन पनि प्रारम्भ गरिएको छ । इन्जिनियरिङतफ सिभिल, इलेक्ट्रिकल ,कम्प्युटर,कृषि तथा पशु बिज्ञानतर्फ बाली बिज्ञान र पशु बिज्ञानका कार्यकम संचालनमा छन । प्रारम्भमा ९९ बिद्यालयमा परीक्षण गरिएको यो कार्यक्रम अहिले २४० बिद्यालयमा सञ्चालनमा छ ।बिद्यालयस्तरमा प्राबिधिक तथा व्यावसाकि शिक्षा सञ्चालन निर्देशिका-२०६९ मिति २०६९/०३/२४ मा जारी भएको निर्देशिकाका आधारमा सामुदायिक बिद्यालयमा प्राबिधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गरिएको छ । २०६९ को निर्देशिकाबाट कार्य सञ्चालनमा कठिनाइ भएकाले सो निर्देशिकालाई खारेज गरी बिद्यालयमा प्राबिधिक तथा व्यावसायिक शिक्षा सञ्चालन -पहिलो संशोधन) निर्देशिका २०७१ जारी गरी यस शिक्षालाई सरल र सहज रुपमा प्राप्य बनाउने प्रयास गरिएको छ । यस निर्देशिकाको प्रस्तावनामा भनिएको छ : बिद्यालय शिक्षामा प्राबिधिक तथा व्यावसायिक शिक्षाको प्रबन्धबाट कार्यमूलक,व्यमवहारिक,प्राबिधिक तथा व्यावसायिक सीपयुक्त जनशक्ति उत्पादन गरी श्रम बजारमा सहज प्रवेशको संभावना बढाउन र शैक्षि उत्पादनको गुणात्मकता बृद्धि का लागि बिद्यालयहरुमा प्राबिधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्नका निमित्त बिभिन्न निकायहरुको भूमिका र जिम्मेवारी तय गरी बिद्यालय क्षेत्र सुधार कार्यकमको परिलक्षित उद्देश्य र लक्ष्य परिपूर्तिका लागि प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको सिफारिस र शिक्षा ऐन २०२८ ( संशोधन सहित ) तथा शिक्षा नियमावली ,२०५९ (संशोधन सहित ) को नियम १९ (ङ) को अधिकार प्रयोग गरी नेपाल सरकार शिक्षा मन्त्रालयबाट यो निर्देशिका जारी गरिएको छ ।

**प्राबिधिक शिक्षा तथा व्यावशायिक तालिम परिषदअन्तर्गतका कार्यकम**

प्राबिधिक शिक्षा तथा व्यावशायिक तालिम परिषदले प्राबिधिक तथा व्यावसायिक शिक्षा र तालिमको पँहुच बिस्तार गर्ने उद्देश्यले सामुदायिक बिद्यालयमा प्राबिधिक शिक्षा कार्यकम सञ्चालनमा ल्याएको छ । परिषदले देशका हरेक क्षेत्र र समुदायका युवा युवतीहरुलाई तालिम कार्यकममा पहुँच पुर्याउन बिभिन्न कार्यकम सञ्चालन गरिरहेको छ । प्राबिधिक शिक्षा तथा व्यावशायिक तालिमका कार्यक्रमहरुलाई

प्रभावकारी र न्यून लागतमा विशेष कार्यक्रम सञ्चालन गर्ने परिषद्को नीति र योजना रहेको छ । यसं नीति अन्तर्गत सामुदायिक विद्यालयहरुको स्थानीय स्रोत साधन, भवन, जग्गा, फर्निचर तथा अन्य सामग्रीहरुको उपयोग र परिचालन गरी प्राविधिक शिक्षा र व्यावसायिक तालिम सञ्चालन गर्ने गरिएको छ जसलाई प्रारम्भमा एनेक्स कार्यक्रम भन्ने गरिन्थ्यो भने हाल सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम भनिन्छ । २०५९ सालदेखि १५ ओटा सामुदायिक विद्यालयमा यो कार्यक्रम सुरु भएको हो । आ. व. २०६७/०६८ सम्ममा ४५ ओटा विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम स१चालन भएकामा आ. व. २०६८/०६९ मा थप २८ ओटा जिल्लामा यो कार्यक्रम विस्तार भएपछि हाल ७३ ओटा जिल्लामा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम पुगेको छ ।

## २. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका चुनौतीहरु :

१) अध्यापन गर्ने शिक्षक वा प्रशिक्षकको अभाव हुनु ।
२) प्राविधिक शिक्षालय तथा संस्थाहरु यस क्षेत्रमा नहुनु ।
३) प्राविधिक शिक्षा र व्यवसायिक तालिम लिन बढी खर्च लाग्नु ।
४) स्थानीय स्तरमा यसको महत्व बुझ्न नसक्नु ।
५) सरकारी तथा निजी क्षेत्रले यसलाई कम चासो दिनु ।
६) उपकरण तथा सामग्रीको अभाव हुनु र खरीद गर्दा धेरै बजेट लाग्ने हुँदा खोल्ने आँट नगर्नु ।
७) उपकरण तथा सामग्री मर्मत गर्ने दक्ष जनशक्तिको अभाव हुनु ।
८) पर्याप्त भौतिक संरचनाको अभाव हुनु ।
९) उत्पादन भएको जनशक्तिलाई रोजगारीको ग्यारेन्टी नहुनु ।
१०) सामुदायिक तथा संस्थागत शिक्षालयमा प्राप्त उपकरणको सुरक्षा तथा संरक्षण हुन नसक्नु ।
११) प्रयोगात्मक स्थल वा ल्यावको अभाव हुनु ।
१२) कुन ठाउँमा कस्तो प्रकारको जनशक्ति आवश्यक पर्ने हो सो को अनुसन्धान नगरीकनै तालिम वा शिक्षा दिनु ।
१३) सबै संस्थाले एउटै प्रकारको सीप, तालिम र शिक्षा प्रदान गर्नु ।
१४) विपन्न वर्गको अभिभावकले शिक्षा लिन नसक्ने अवस्था हुनु ।
१५) कृषि, पशुपालन, पर्यटन, साना उद्योग, जडीबुटी संग सम्बन्धित सीप, तालिम र शिक्षालय नहुनु ।

## ३. नीतिहरु :

१) संस्थागत तथा सामुदायिक विद्यालयलाई प्राविधिक शिक्षा अध्यापन गर्न प्रोत्साहन गर्ने ।
२) व्यवसायिक तालिम दिने निजी तथा सहकारी संस्थालाई व्यवस्थित गर्ने ।
३) प्राविधिक शिक्षा लिएर उत्पादन हुने जनशक्तिलाई नगरपालिकाभित्र रोजगारीका अवसरहरु सृजना गर्ने ।
४) नगरपालिकाले आफै पनि प्रतिवर्ष निश्चित कोटा निर्धारण गरी व्यवसायिक तालिम प्रदान गरी आत्मनिर्भर बनाउन आर्थिक सहयोग गर्ने ।
५) नगरपालिकाले उपकरण तथा स्रोत साधन उपलब्ध गराउने ।

## ४. रणनीतिहरु :

१) प्राविधिक शिक्षा दिन सक्ने विद्यालयको वर्गीकरण गरी त्यस्ता शिक्षालयलाई प्राविधिक शिक्षाका लागि अनुमति दिने प्रक्रिया अगाडि बढाउने ।
२) प्राविधिक शिक्षा दिने शिक्षालयलाई उपकरण तथा सामाग्री उपलब्ध गराउने ।
३) व्यवसायिक तालिम दिने संस्थालाई व्यवस्थित गर्ने र शुल्क निर्धारणको मापदण्ड तोक्ने ।

लालबन्दी नगरपालिका

४) आफ्नो नगर क्षेत्रभित्र सकेसम्म प्राविधिक शिक्षा र व्यवसायिक तालिम लिने वातावरण सृजना गरी स्वरोजगार र आत्म निर्भरतालाई वृद्धि गर्ने ।
५) बैदेशिक रोजगार तथा सुरक्षा निकायमा जान इच्छुक व्यक्तिलाई तालिम, प्रशिक्षण तथा सोही अनुसारको शिक्षा प्रदान गरेर बेरोजगारी समस्या न्यून गर्ने ।
६) १० कक्षा उत्तिर्ण गर्न नसकेका छात्र छात्राहरु तथा महिला पुरुषलाई नगरपालिकाले बजेट छुट्याई प्राबिधिक शिक्षालयमा तालिमको ब्यवस्था गर्नुपर्ने ।

## ५. कार्यनीतिहरु :

१) प्राविधिक शिक्षा दिन चाहने सामुदायिक शिक्षालयको भौतिक संरचना र प्रशिक्षकको व्यवस्था गर्ने ।
२) विद्यार्थी संख्याको आधारमा त्यस्ता सामुदायिक विद्यालयलाई अनुदान प्रदान गर्ने ।
३) संस्थागत विद्यालयलाई समेत प्राविधिक शिक्षाको अध्यापन गराउन प्रेरित गर्ने, अनुमति दिने र कर छुट गर्ने ।
४) विभिन्न प्रकारका व्यवसायिक तालिम जस्तै : सिलाई, कटाइ, बुनाइ, बालकटाइ, मासु कटिङ, मिठाई बनाउने, बाइरीङ्ग, पलुम्बरीङ्ग र कृषि क्षेत्रसँग सम्बन्धीत सीपहरु जस्तैः- तरकारी खेती, फलफुल खेती, पशुपालन, मान्यता पालन जस्ता व्यवसाय गर्ने, उत्प्रेरीत गर्ने ।
५) कृषि अनुसन्धान केन्द्र शीत भण्डार, बजार व्यवस्थापन पशु हाट बजार तथा सिकाइ केन्द्रको स्थापना गरी व्यवस्थापन गर्ने ।
६) भौतिक संरचना निर्माण गर्दा नक्साङ्कन मापदण्ड पुरा गरेर मात्र निर्माण गर्नुपर्ने नियम बसाल्नु पर्ने ।
७) संचालन गरीएका शैक्षिक संस्थाको नियमित सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

## ६. चुनौतिहरु :

प्राविधिक तथा व्यवसायिक तालिम संचालन गर्दा ठूलो धनराशी नगर पालिका तथा संस्था सँग आवश्यकता पर्दछ । साधारण तर्फका विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षालाई जोड दिदा अन्य बिषयका विद्यार्थी संख्या घट्ने र संस्थामा कार्यरत जनशक्तिलाई वैकल्पिक व्यवस्थापन गर्नु पर्ने चुनौति हुन्छ । उत्पादित जनशक्तिलाई रोजगारीको अवसर श्रृजना गर्न नसक्ने स्थिति पैदा हुन सक्छ । पुरानो शैक्षिक संस्थाको जनशक्ति बाट काम कम हुने र नयाँ जनशक्तिलाई भर्ना गर्दा धेरै बजेटको आवश्यकता पर्ने हुन्छ । प्राविधिक तथा व्यवसायिक तालिम संचालन गर्न अनुदान बृद्धि गरेमा कागजी प्रक्रिया मात्र पुरा गरी अनुमति ल्याउन अस्वस्थ प्रतिष्पर्धा हुने सम्भावना हुन्छ ।

## ७. समाधानका उपायहरु :

१) अध्यापन गर्ने प्रशिक्षकको व्यवस्था गर्नु पर्ने र उपलब्ध भएमा स्थानीय जनशक्तिलाई बढी प्राथमिकता दिने ।
२) विपन्न वर्गका अभिभावकका बच्चाहरुलाई केही कोटा निर्धारण गरेर छात्रवृति प्रदान गर्ने ।
३) प्राविधिक शिक्षा दिने विद्यालयलाई विशेष अनुदान प्रदान गर्ने ।
४) उपकरण तथा सामग्री उपलब्ध गर्ने ।
५) प्रयोगात्मक कार्य तथा मूल्याङ्कनमा बढी जोड दिने ।
६) रुचि अनुसार व्यावसायिक तालिम प्रदान गर्ने ।
७) उत्पादित जनशक्तिलाई नगर पालिकाभित्र रोजगारीको अवसर सृजना हुँदा प्राथमिकता दिने ।
८) उपकरण तथा सामग्रीको उचित संरक्षण तथा सम्बर्द्धनमा जोड दिने ।
९) निजी क्षेत्र, सहकारी संस्था, उद्योगहरुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा लगानी लगाउन जोड दिने ।

१०) विदेशी भाषा, सीप र सुरक्षा निकायसँग सम्बन्धीत तालिम दिई स्वदेशी तथा विदेशी श्रमको लागि जनशक्ति उत्पादन गर्ने ।
११) ठाउँ सुहाउदा प्राविधिक शिक्षालय खोल्ने र व्यावसायिक तालिम पनि त्यस्तै प्रकारको दिने ।
१२) कृषि र पशुपालनसँग सम्बन्धीत प्राविधिक शिक्षा र व्यवसायिक सीप दिने ।
१३) प्राविधिक शिक्षा र व्यावसायिक सीप वा तालिम दिने संस्था खोल्दा कानुनी प्रक्तियालाई सहज बनाउने ।
१४) बजार व्यवस्थित गरी उद्योग धन्दा र अस्पताल खोल्ने वातावरण श्रृजना गर्ने ।
१५) खेलकुद तथा अतिरिक्त क्रियाकलापका अतिरिक्त प्राविधिको प्रयोग पर्दर्शन गरी देखाउने वातावरण सृजना गर्ने ।

## १७ बालक्लव, NCC जु.रे.स./युवा सकंल, स्काउट आदि

(१) वर्तमान अवस्था :

सामुदायिक तथा संस्थागते विद्‌यालयमा प्राय जसो बालक्लब, जु.रे.स. तथा युवा सर्कल गठन भएका छन् । तर स्काउटको गठन केही विद्‌यालयमा मात्र भएको छ । विद्यार्थीको चौतर्फी विकास गर्नको लागि यस्ता संस्थाहरुले ठूलो भुमिका खेलेका छन् । विद्यार्थीले विद्‌यालय स्तरबाट नै म सेवा गर्छु भन्ने मान्यता र संगठनात्मक तथा नेतृत्वको विकास गर्नमा यस्ता संस्थाको अहम् भूमिका रहेको छ । सहयोगात्मक तथा परोपकारी भावनाको विकास गर्न, मिलेर काम गर्न जीवनमा आइपर्ने समस्या तथा जोखिम बाट बच्न, जोखिमको सामना गर्न, अतिरिक्त क्रियाकलापमा सहयोगी भई आफुमा अर्न्तनिहित प्रतिभा प्रस्तुटित गर्न समेत यस्ता क्लवहरुले सकारात्मक भूमिका खेलेका छन । विद्‌यालयको सरफाई गर्न विद्‌यालयमा हुने सांस्कृतिक तथा अन्य उत्सवलाई व्यवस्थिगर्न, बाल अधिकारको बारेमा सचेत रहन र विद्‌यालय भित्र सकारात्मक वातावरण श्रृजना गर्न समेत यस्ता क्लवको अहम भुमिका हुन्छ ।

धेरै जस्तो विद्‌यालयले जु.रे.स. इको क्लव र बाल क्लब गठन गरे पनि त्यसलाई प्रभावकारी दंगले व्यवस्थित गर्न सकेका छैनन । अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिता आयोजना गर्न विद्‌यालयको

सरसफाई गर्न, जिल्ला स्तरीय गोष्ठीमा सहभागी हुन, प्राथमिक उपचार गर्न, र बाल बालिका चौतर्फी विकास गर्न यस्ता सर्कल वा क्लबले ठूलो भुमिका निर्वाह गरेका छन् । त्यसैले विद्यालय स्तरबाट नै विद्यार्थीको शैक्षिक, शारीरिक, मानसिक र स्वास्थ्य स्थितिमा सुधार तथा समृद्धि ल्याउनको लागि यस्ता क्लबको महत्वपूर्ण भूमिका रहेको छ । नेतृत्व विकासमा समेत यिनको ठूलो भूमिका हुन्छ ।

**२) समस्या र चुनौतिहरु :**

विद्यालयमा गठित जु.रे.स./यु.रे.स. बालक्लव, इको क्लव र स्काउट जस्ता संस्था गठन गर्न र व्यवस्थित गर्न निम्न प्रकारका चुनौतिहरु र समस्याहरु रहेका छन् ।

१) गठित क्लबको विद्यालयले उचित व्यवस्थापन गर्न नसक्नु ।
२) प्रयाप्त मात्रामा तालिम, प्रशिक्षण हुन नसक्नु ।
३) बाल-बालिकाको प्रशिक्षण हुन नसक्नु ।
४) सेवाको भावना उत्प्रेरित गराउन नसक्नु ।
५) सिकेको सिपलाई व्यवहारमा उतार्न नसक्नु ।
६) समयको महत्वलाई बुझ्न नसक्नु ।
७) यस्ता संस्थाको बारेमा शिक्षकलाई समेत ज्ञानको अभाव हुनु ।
८) आवश्यक पर्ने उपकरण, सामग्री तथा प्राथमिक उपचार गर्ने औषधिको अभाव हुनु ।
९) पदाइलाई मात्र ध्यान दिनु पर्छ र यस्ता क्लबले पदाइ विग्रन्छ भन्ने सोच हुनु ।
१०) विद्यालयले यस्ता संस्थालाई उचित प्राथमिकता नदिनु र कार्यक्रम आयोजना गर्दा चासो नराख्नु ।
११) आर्थिक स्रोतको अभाव हुनु ।
१२) विभिन्न कार्यक्रम गर्दा झन्झटिलो र बोझिलो ठान्नु ।
१३) समयको व्यवस्थापन गर्न नसक्नु ।
१४) सुबिधा पाउने अबस्थामा शिक्षकहरु तालिम लिने तर तालिम पश्चात् निष्क्रिय हुने ।

**३. नीतिहरु :**

१) विद्यालयलाई विद्यार्थी जीवनदेखि नै सेवाको भावनाको विकास गर्नु ।
२) विद्यार्थीको नेतृत्व विकास गर्ने र आत्मनिर्भर बन्ने प्रेरणा दिनु ।
३) जीवनमा आइपर्ने समस्या समाधानका उपाय पत्ता लगाउन सिकाउनु ।
४) स्वस्थ रहन, नैतिकवान हुन, समयपालन गर्न र आत्म अनुशासित हुन सिकाउनु ।

**४. रणनीतिहरु :**

१) सबै विद्यालयमा जु.रे.स., बाल क्लव, स्काउट, इको क्लव गठन गर्न अभिप्रेरित गर्ने ।
२) विद्यार्थीमा निहित प्रतिभालाई प्रस्फुटित गर्ने वातावरण सृजना गर्ने कार्यक्रम संचालन गर्ने ।
३) यस्ता क्लवको आर्थिक स्रोतको लागि चन्दा संकलन गर्ने र त्यसलाई व्यवस्थित गर्ने ।
४) यस्ता क्लवसंग सम्बन्धित तालिम, प्रशिक्षण र गोष्ठी संचालन गर्ने र त्यस्ताका कार्यक्रम संचालनका लागि सम्बन्धित पक्षसंग समन्वय गर्ने ।
५) आवश्यक स्रोतसाधन, उपकरण र सामग्रीको व्यवस्थापन गर्ने ।
६) विद्यार्थीलाई विभिन्न कार्यक्रम गर्न उत्प्रेरणा प्रदान गर्ने ।

**५. कार्यनीतिहरु :**

तार्केश्वर नगरपालिका

१) विद्यालयमा विद्यार्थी बिच प्रजातान्त्रिक अभ्यासद्वारा जु.रे.स., बाल क्लव, इको क्लव र स्काउटको गठन गर्ने ।
२) यस्ता क्लवको लागि निश्चित शिक्षकलाई फोकल शिक्षकको रुपमा जिम्मेवारी दिने ।
३) आर्थिक स्रोतलाई चुस्त, दुरुस्त र परिचालन गर्नको लागि सम्बन्धित क्लवको नाममा शिक्षक समेतको रेखदेख रहनेगरी खाता संचालन गर्ने ।
४) विद्यालयमा क्लवको आयोजनामा हाजिरीजवाफ, निबन्ध, वक्तृत्वकला, कविता लेखन, चित्रकला जस्ता प्रतियोगिता आयोजना गर्न लगाउने ।
५) विद्यालयको सरसफाईमा विशेष ध्यान दिन आफै हामीले हाम्रो विद्यालयको सफाइ गर्नुपर्छ भन्ने भावनाको विकास गर्ने ।
६) गठिन क्लव तथा सर्कललाई चलायमान र सक्रिय बनाउने ।
७) न.पा. स्तरीय विभिन्न गोष्ठी, कार्यक्रम र तालिम संचालन गर्ने ।

## ६. चुनौतीहरु :

विद्यालयमा विभिन्न क्लव र सर्कलको गठन हुनुपर्ने कुरामा दुविधा छैन तर पनि त्यसलाई चुस्त दुरुस्त राख्न र व्यवस्थित गर्न समस्या रहेको छ । विद्यालयको पठन-पाठन कार्यलाई यस्ता क्लवले उचित व्यवस्थित गर्न नसकेमा अवरोध पुग्न सक्छ । त्यसैले समय व्यवस्थापन ठूलो चुनौतीको रुपमा रहेको देखिन्छ । अर्को तर्फ कार्यक्रम आयोजना गर्दा बजेटको आवश्यकता पर्दछ । आर्थिक स्रोत र त्यसको परिचालन पनि चुनौतीको रुपमा रहेको देखिन्छ । अतः समय व्यवस्थापन आर्थिक स्रोत र सक्रियता रहने कुरा नै मुख्य चुनौतीहरु रहेकाछन् ।

## ७. समस्या समाधानका उपायहरु :

१) बाल क्लव, जु.रे.स., युवा सर्कल र इको क्लव जस्ता संस्थाले विद्यार्थीको वृद्धि विकासमा सहयोग पुग्दछ भन्ने भावना जागृत गराउने ।
२) यस्ता क्लव गठन शैक्षिक सत्रको शुरुको महिनामा गठन गर्नुपर्छ र उक्त कार्यक्रम र स्रोतकेन्द्रले शैक्षिक क्यालेण्डरमा समावेश गराउने ।
३) हरेक क्लव तथा सर्कलले कम्तीमा वर्षभरी पठन-पाठनलाई प्रतिकूल असर नपर्ने गरी यति कार्यक्रम गर्नु पर्छ भनी किटानी हुनु पर्छ ।
४) स्रोतकेन्द्र तथा सम्बन्धित पक्षले यस्ता क्लव विद्यालयमा गठन भए नभएको अनुगमन तथा निरीक्षण गर्नुपर्छ ।
५) वि.व्य.स., प्र.अ. तथा प्रशासनिक अंगले यस्ता क्लवले गर्ने कार्यक्रममा सक्रिय सहभागिता जनाइ दिनुपर्छ ।
६) महिनामा १ पटक विभिन्न विद्यालयको क्लवको आयोजनामा प्रतियोगिता तथा कार्यक्रम गर्नु पर्छ र त्यसमा शिक्षा अधिकारी, श्रोत व्यक्ति र जनप्रतिनिधिको समेत उपस्थिति हुनु पर्दछ ।
७) विद्यालयको रुची अनुसारको क्लब, संगठन र कार्यक्रममा सहभागी हुने वातावरण सृजना गर्नु पर्छ ।
८) धेरै भन्दा धेरै विद्यार्थी सहभागी हुने कार्यक्रम विद्यालयमा संचालन गर्नु पर्छ ।
९) हरेक विद्यालयमा प्राथमिक उपचार सामग्री तथा कक्षाको व्यवस्था गरिनु पर्छ ।
१०) विद्यार्थीको पढाइलाई पनि सहयोग पुग्ने, मनोञ्जन पनि हुने, व्यायम पनि हुने जस्तो कार्यक्रम चयन गरी आयोजना गर्नु पर्छ ।
११) अतिरिक्त क्रियाकलाप संचालन गर्दा सबै शिक्षक-शिक्षिकाको अनिवार्य सक्रिय सहभागिता हुनु पर्दछ ।

१२) रेडक्रस, स्काउट तथा अन्य क्लबले आयोजना गर्ने कार्यक्रम र गोष्ठीमा अनिवार्य विद्यालयको विद्यार्थी सहभागी गराउनु पर्दछ ।
१३) शिक्षकलाई समेत यस्ता क्लबको बारेमा ज्ञान दिनको लागि विज्ञ बोलाई शिक्षक गोष्ठी तथा कार्यशाला संचालन गर्नु पर्छ ।
१४) हरेक शुक्रबार मध्यान्तर पछि विभिन्न क्लबको कार्यकम आयोजना गरेर समय व्यवस्थापन र पठन-पाठनमा अवरोध नपुग्ने गरी कार्यकम गर्ने ।
१५) विद्यार्थी लाई अनुशासनमा राख्ने, नैतिकवान्, बनाउने उद्देश्यले कार्यकम आयोजना संचालन गर्ने/ गराउने ।
१६) क्लबको बैठक तथा अन्तरक्रिया गर्दा पठन-पाठनलाई अवरोध नपुग्ने समयमा गर्ने /गराउने ।

लम्कीचुहा नगरपालिका

**१८ शैक्षिक गुणस्तर सुधार :**
**वर्तमान स्थिति :**

देशभरिका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सन्तोषजनक नभएको अवस्थामा लम्कीचुहा नगरपालिका भित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सबैले चासो दिनुपर्ने हुन्छ । लम्कीचुहा नगरपालिका भित्रका संचालित सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर नाजुक अवस्थामा छ तर संस्थागत विद्यालयको कागजी रुपमा ग्रेड वा अंक मापनमा सन्तोषजनक अवस्था छ । सिकाइ उपलब्धी लाई आधार मान्ने हो भने औसत ४०% भन्दा कम देखिन्छ । गणित, विज्ञान र अंग्रेजी जस्ता विषयमा त २०% भन्दा कम सिकाइ उपलब्धी रहेको छ । संस्थागत विद्यालयमा अभिभावकको चासो वढी देखिन्छ भने सामुदायिक विद्यालयमा चासो दिने अभिभावक निकै कम रहेका छन् । खासगरी गणतन्त्रको स्थापना पछि अलि हुने खाने अभिभावकको बच्चा बोर्डिङ्गमा पढ्ने र सरकारी स्कूलमा वि.व्य.स. चयन हुँदा र शिक्षक नियुक्ति गर्दा वढी राजनीतिकरण हुने गर्दछ । यसरी शैक्षिक गुणस्तर सुधार गर्न ठोस नीति, रणनीति तथा कार्यक्रम विद्यालयले केही बनाएको देखिँदैन ।

**शैक्षिक गुणस्तर सुधारमा समस्या र चुनौतीहरु :**

लम्कीचुहा नगरपालिकामा शैक्षिक गुणस्तर सुधार हुन नसक्नाका समस्याहरुलाई निम्न अनुसार बुँदागत रुपले उल्लेख गरिएको छ ।

१) योजना विना शिक्षण गर्दा शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी हुन नसक्नु ।
२) तोकिएको दिन अनुसार विद्यालय नखुल्नु र पठन-पाठन नहुनु ।
३) बाल अधिकार तथा बालमैत्री कक्षाकोठाका नाममा विद्यार्थी छाडा भई अनुशासन कायम गर्न नसक्नु ।
४) शिक्षक तालिम र नियमितरुपले अनुगमन नहुनु ।
५) अधिकांश प्र.अ. तथा विद्यालय प्रशासनको प्रशासनिक कार्य दक्षताको अभाव हुनु ।
६) शिक्षकहरु स्थानीयता, राजनीतिक दलको कार्यकर्ता र चाकडीवाज बढी लाग्नु ।
७) शिक्षक-विद्यार्थी-अभिभावक बिचको सहकार्य तथा अन्तरक्रिया तथा छलफल नहुनु ।
८) शिक्षकलाई कार्य दक्षताको आधारमा उचित दण्ड र पुरस्कारको व्यवस्था नहुनु ।
९) शिक्षक लामो समयदेखि एउटै स्कूलमा कार्यरत रहनु ।
१०) सरकारले थरी-थरीका शिक्षक हुने वातावरण सृजना गरी विभेद सृजना गर्नु ।
११) शिक्षकको त.भ.मा विभेद भएकोले विद्यालयभित्र रिस, ईर्ष्या र नैराश्यताको वातावरण सृजना भई पठन-पाठन राम्रो नहुनु ।
१२) वि.व्य.स.ले आफू अनुकुलको प्र.अ.नियुक्त गर्ने र शिक्षकले प्र.अ. पदमा जानलाई खिचातानी गर्नु ।
१३) प्र.अ.ले आफ्नो प्रशासनिक जिम्मेवारीलाई बिर्सेर वि.व्य.स. तथा शक्तिमा पुगेका व्यक्तिसंग खुसामद गर्नु ।
१४) शिक्षक-कर्मचारी पठन-पाठन भई रहेको अवधीमा नै विभिन्न संघ, संगठन तथा संस्थाका काममा खटिनु ।
१५) सामुदायिक विद्यालयमा पढाइलाई अवरोध पुग्ने गरी NGO र INGO ले विभिन्न कार्यक्रम गर्नु ।
१६) सामुदायिक विद्यालयका प्र.अ.लाई जि.शि.का.ले बढी समय कार्यालय धाउनु पर्ने र कम समयमात्र विद्यालय बस्ने वातावरण सृजना गर्नु ।
१७) शैक्षिक सामाग्री कम्प्यूटर र ICT को प्रयोगमा अभाव हुनु ।
१८) नेपाल बन्द, हड्ताल, आन्दोलनका साथै स्थानीय स्तरका धेरै चाडपर्वमा बिदा हुनु ।
१९) बाल मनोविज्ञान नबुझी पठन-पाठन गरिनु ।
२०) कमजोर कक्षा व्यवस्थापन हुनु ।
२१) शिक्षकको सेवा सुविधा कम हुनु र नियमितरुपले त.भ. भुक्तानी नहुनु ।
२२) प्रधानाध्यापकलाई कम अधिकार हुनु ।
२३) सामुदायिक विद्यालयमा शिक्षक, कर्मचारी, वि.व्य.स. पदाधिकारी तथा जनप्रतिनिधिका बालबालिका नपढ्नु ।
२४) निरन्तर र निर्माणात्मक मूल्याङ्कन प्रणाली नहुनु र प्रयोगात्मक परीक्षालाई अभ्यास विना नै मूल्याङ्कन गरिनु ।
२५) पुस्तकालय तथा विज्ञान प्रयोगशालाको सुविधा नहुनु ।
२६) विद्यार्थीको स्वास्थ्य परीक्षण, शुद्ध खानेपानीको सुविधा र नास्ताको व्यवस्था नहुनु ।
२७) विद्यालयमा नियमित र योजनावद्ध रुपले अतिरिक्त क्रियाकलाप र खेलकुद कार्यक्रम नहुनु ।
२८) सबै विद्यार्थीले पाठ्यपुस्तक, झोला, कलम, लेख्ने बुकको व्यवस्था गर्न नसक्नु ।
२९) शिक्षण पेशामा आवद्ध शिक्षकको भविष्य उज्ज्वल हुने शुनिश्चितता नहुनु ।
३०) नगरपालिकाभित्र संचालित विद्यालयहरुको कक्षा संचालन गर्ने समय फरक-फरक हुनु वा आफ्नो अनुकुलतामा हुनु ।
३१) जिल्ला भित्रका शिक्षकहरुको निधन हुँदा बिद्यालयको पठन पाठन बन्द हुनु तथा विवाह, व्रतबन्ध, पास्नी, न्वारान, मलामी जस्ता सामाजिक कार्यमा शिक्षक संलग्न हुनु ।

लम्कीचुहा नगरपालिका

**नीतिहरु :**

संस्थागत तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि लम्कीचुहा नगरपालिकाले आफ्नै प्रकारको ऐन, नियम संग नबाझिने गरी नीति बनाउनु पर्ने हुन्छ ।

१) सिकाइ उपलब्धी वृद्धि गर्ने ।
२) शिक्षक व्यवस्थापन गर्ने ।
३) शिक्षक, विद्यार्थी र अभिभावकबिचको सम्बन्ध सुमधुर पार्ने ।
४) मूल्याङ्कन प्रणालीमा सुधार गर्ने ।
५) बिदा घटाई बिद्यालय खुल्ने दिन बढाउने ।

**रणनीतिहरु :**

शैक्षिक गुणस्तर सुधारका लागि माथि उल्लेख गरिएका नीतिहरुलाई कार्यान्वयन गर्न निम्न प्रकारका रणनीतिहरु अपनाइने छ ।

१) सिकाई उपलब्धी वृद्धि गर्न शिक्षक तालिमको व्यवस्था विद्यालयमा नै अतिरिक्त कक्षाको व्यवस्था, अतिरिक्त क्रियाकलापमा जोड, शैक्षिक सामग्रीको निर्माण र व्यवस्थापनमा जोड दिने रणनीति बनाईने छ ।
२) शिक्षकलाई कार्यको आधारमा दण्ड र पुरस्कारको व्यवस्था, सरुवा गर्ने परीपाटीको सुरुवात, दरबन्दी मिलान, शिक्षक विभेदको अन्त्य, र विषयगत शिक्षकको व्यवस्थापनका साथै उचित अधिकार सहितको प्र.अ. को व्यवस्था गर्ने ।
३) विद्यालयसम्म अभिभावक पुग्ने वातावरणको लागि अन्तरक्रिया, बहस, उत्कृष्ट अभिभावक घोषणा, विद्यालयमा पुग्ने अभिभावकका बच्चालाई मात्र छात्रवृत्ति तथा सुविधा दिने रणनीति अख्तियार गर्नुपर्छ ।
४) निर्माणात्मक र निरन्तर मूल्याङ्कनमा जोड र मूल्याङ्कनमा विश्वसनीयता तथा वैधता कायम गर्ने ।

**कार्यनीतिहरु :**

१) नगरपालिकाले विद्यालयको पठन-पाठनलाई अवरोध नपुग्ने गरी नगर स्तरीय शिक्षक तालिम गोष्ठी तथा अन्तरक्रिया गर्ने ।
२) विद्यालयमा नै सहुलियत दरमा अतिरिक्त कक्षा संचालन गर्ने र अंग्रेजी माध्यममा समेत पठन-पाठन गर्ने व्यवस्था मिलाउने ।
३) नगरपालिकाभित्र हरेक वर्ष तहगतरुपमा १ जना महिला र १ जना पुरुष उत्कृष्ट शिक्षक छनौट गरी शिक्षा दिवसको अवसरमा उचित पुरस्कार दिने र तोकिएको सिकाई उपलब्धी पार नगर्ने स्कूललाई र सम्बन्धित शिक्षकलाई नसिहत तथा कारवाही प्रक्रिया अगाडि बढाउने ।
४) नगरपालिकाभित्र २ जना प्रधानाध्यापकलाई काईक्षमताका आधारमा वर्षभरिमा उत्कृष्ट प्र.अ.को घोषणा गर्ने र त्यस स्कूललाई नगरपालिकाले दिइने अनुदान वृद्धि गर्न सकिने ।
५) विद्यालयमा हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप गर्न र खेलकुद सप्ताह गर्ने विषयमा परामर्श गरी शैक्षिक पात्रो बनाई कार्यान्वयन गर्ने ।
६) प्रयोगात्मक परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन स्रोत ब्यक्ति , वि.नी. तथा जनप्रतिनिधिहरु सहित नगरपालिका द्वारा नियमित र छड्के अनुगमन गर्ने ।
७) नगरपालिकाभित्र कम्तीमा पाँच वर्ष काम गरिसकेपछि शिक्षकको सरुवा, विषयगत दरबन्दी मिलान जस्ता कार्य गर्ने ।
८) संस्थागत विद्यालयका शिक्षकलाई उचित पारिश्रमिक र नियुक्ति पत्र दिन लगाउने ।
९ सबै शिक्षकहरुका माथिल्लो तह सम्मका शैक्षिक प्रमाणपत्रहरु मान्यता प्राप्त भए नभएको बारे छानबीन गर्ने ।

लम्कीचुहा नगरपालिका

## सम्भावित जोखिम र समाधानका उपायहरु :

शैक्षिक गुणस्तर समयमा नै सुधार गर्न सकिएन भने भविष्यमा दक्ष जनशक्तिको अभाव हुने जोखिम देखिन्छ

१) दक्ष जनशक्तिको अभाव बजार माग अनुसार प्रतिस्पर्धात्मक जनशक्ति उत्पादन नहुने सम्भावना ।

३) सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्ने र सरकारी लगानी खेर जाने सम्भावना ।

४) शैक्षिक गुणस्तर सुधार गर्ने योजना बनाउँदा कतिपय स्थानीय स्रोतमा कार्यरत शिक्षकको जागिर छोड्नु पर्ने त्यसबाट आन्दोलनको सृजना हुन सक्ने जोखिम देखिन्छ ।

६) शिक्षक तथा बालविकास सहयोगी कार्यकर्ताको सरुवा गर्दा घरबाट टाढा जानुपर्ने अबस्थामा विभिन्न प्रकारका भनसुन, राजनीतिक दबाव, संघ-संगठनको विरोध जस्ता कुराको जोखिम मोल्नुपर्ने देखिन्छ ।

७) केही शिक्षक-शिक्षिकाको विद्यालयले दिँदै आएको सेवा सुविधा घट्न सक्छ र कार्यान्वयन गर्न बाहनाको खोजी हुन सक्छ ।

८) संस्थागत विद्यालयमा कार्यरत शिक्षकको उचित त.भ. र नियुक्ति दिन बाध्य पार्दा उनीहरुको जागिर जाने वा मनोबैज्ञानिक दवाव भ्mेल्नु पर्ने हुन्छ ।

९) शैक्षिक गुणस्तर सुधार गर्ने नाममा शिक्षकहरुको तह झार्ने तर बिद्यमान अबस्थामा तल्लो तहमा शैक्षिक योग्यता भै माथिल्लो तहमा कार्यभार समालेका प्रधानाध्यापकहरुलाई कुनै न कुनै बहानामा यथास्थानमा राख्ने काम गरिएमा बिरोधाभाष निर्णय भै कार्यान्वयन फितलो हुने ।

१०) घाटामा चलाइएका बिद्यालयहरुलाई समायोजन नगरी तलब खाने गरी रकम बिनियोजन गरिएमा भौतिक पुर्वाधारको अभाव भै शैक्षिक गुणस्तर बृद्धि नहुने ।

## समस्या समाधानका उपायहरु :

१) शैक्षिक पात्रोमा कम्तीमा २०० दिन पढाइ हुने र २२० दिन बिद्यालय खुल्ने व्यवस्था मिलाउने ।

२) हरेक शुक्रबार मध्यान्तरपछि अनिवार्य रुपले अतिरिक्त क्रियाकलाप संचालन गर्नुपर्ने ।

३) शिक्षकले योजनावद्ध तरिकाले शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्ने ।

४) शिक्षक, विद्यार्थी र अभिभावकबिच कम्तीमा महिनाको १ पटक अन्तरक्रिया र छलफल गर्नुपर्ने ।

५) बच्चाको अभिभावकको सम्पर्क नं.राखी कुनै कमीकमजोरी देखिएमा तत्काल सूचना दिने ।

६) शिक्षकहरुलाई तालिमको व्यवस्था र सहपाठी शिक्षक सिकाई क्रियाकलाप गर्ने ।

७) शिक्षकलाई समयको अभाव र पठन-पाठनमा अवरोध पुग्ने गरी पेशागत शिक्षक संगठन बाहेक अन्य संघ-संस्थाको पदाधिकारी तथा सदस्य भै लाग्न नदिने ।

८) पूर्णकालिन भएको शैक्षिक संस्थाको अनुमति र नगरपालिकाको स्वीकृति बिना अन्य ठाउँमा काम गर्न नपाईने व्यवस्था गर्नुपर्छ ।

९) प्र.अ.लाई वढी समय विद्यालयमा नै रहने वातावरण सृजना गर्नुपर्छ ।

१०) नयाँ प्र.अ.नियुक्ति गर्दा गुणस्तर सुधार गर्ने सम्झौता र ५ बर्षे योजना प्रस्तावना सहित निबेदन लिई निबेदन र प्रस्तावनाको आधारमा छनोट गर्ने र सुधार गर्न नसक्ने प्र.अ.को ठाउँमा अर्को प्र.अ. नियुक्त गर्ने ब्यवस्था मिलाउने । त्यसरी प्र.अ. नियुक्ति गर्दा वि.व्य.स.को सिफारिसमा नगरपालिकाबाट उच्चतम् योग्यता भएको इच्छुक व्यक्तिलाई प्राथमिकता दिनु पर्ने ।

११) वि.व्य.स.को तथा अन्य राजनीतिक दलको दवाव विद्यालयमा हुन नदिने ।

१२) स्थानीय शैक्षिक सामग्री र अन्य शैक्षिक सामाग्रीको निर्माण र व्यवस्थापन शिक्षक र बिद्यालय बाटै तयार पार्न लगाउने ।

१३) विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था गर्नु पर्ने ।

१४) विविध प्रकारका शिक्षक भन्दा पनि एउटा विद्यालयमा एकै प्रकारका शिक्षकको व्यवस्था गर्न सके विभेदको अन्त्य हुने भएकाले दर्तमान व्यवस्था अनुसार निजी स्तरमा पटके अनुदान लिने गरी दरबन्दी मिलान सहित सो को व्यवस्थ गर्ने ।

१५) नगरपालिका र विद्यालयको अनुमति विना नै NGO र INGO का कार्यक्रम विद्यालयमा संचालन गर्ने परीपाटीको अन्त्य गर्नु पर्ने ।
१६) निश्चित मापदण्डको शैक्षिक गुणस्तर कायम गर्न सक्ने विद्यालयलाई न.पा.ले अनुदान दिँदा प्राथमिकता दिनु पर्ने ।
१८) मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न नगर स्तरीय तहगत परीक्षा समिति बनाई परीक्षा संचालन गर्नु पर्ने । (कम्तिमा ५, ८ र SEE योग्यता र कक्षा ११ को)
१९) प्रयोगात्मक परीक्षालाई व्यवस्थित गरिनु पर्ने ।
२०) कक्षाकोठा व्यवस्थापन र भौतिक पक्षको व्यवस्थापनमा जोड दिनु पर्ने ।
२१) नगर स्तरीय अतिरिक्त क्रियाकलाप प्रतियोगिता प्रत्येक महिनामा गर्नु पर्ने ।
२२) नगरपालिका द्वारा निष्पक्ष अनुगमन समिति गठन गरी नियमित अनुगमन गर्नु पर्ने ।
२३) संस्थागत विद्यालयमा कार्यरत शिक्षकको भविष्यको लागि कोषको व्यवस्था गरिनु पर्ने ।

लमकिचुहा नगरपालिका

## १९. **विद्यालय शिक्षामा पहुँच विस्तार**

नेपालको संविधान भाग ३ धारा ३१ अन्तर्गत शिक्षालाई मौलिक हकका रुपमा प्रष्ट उल्लेख गरीएको छ । यस सन्दर्भमा आधारभुत र माध्यमिक शिक्षालाई स्थानिय तहको अधिकार सूचीमा राखेको छ । प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक र राज्यको आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक रहनेछ । यसकारण सबै वर्ग तथा जातजातिका बालबालिकाहरुलाई निःशुल्क तथा गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्नु स्थानिय तहको प्रमुख जिम्मेवारी रहेको छ ।

शिक्षा सम्बन्धि हकअन्तर्गत अपाङ्गता भएका, आर्थिक रुपले विपन्न नागरीक, दृष्टिविहिन नागरीक तथा बहिरा र स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका नागरीकलाई अवस्था अनरसारको भाषाका माध्यमवाट कानुन वमोजिम निःशुल्क शिक्षा पाउने हक रहेको छ । साथै नेपालमा बसोबास गर्ने प्रत्यक नेपाली समुदायलाई कानुन वमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सँचालन गर्ने समेत हकको व्यवस्था रहेको छ ।

स्थनिय सरकार सँञ्चालन ऐन, २०७४ मा आधारभुत तहदेखि माध्यमिक तह सम्मको विद्यालय शिक्षामा पहुँच बिस्तार गर्ने उद्देश्यका साथ शिक्षा सम्बन्धि २३ वटा कार्यहरु स्थानिय तहले गर्नु पर्ने व्यवस्था छ ।

वर्तमान स्थिती:

विद्यालय शिक्षामा पहुँच सम्बन्धमा यस लम्कि चुहा नगरपालिकालाई हालको सँकलित तथ्याङ्क अनुसार अध्ययन गर्दा यस क्षेत्रमा संचालनमा रहेका जम्मा ४४ वटा सामुदायिक विद्यालय र जम्मा ४२ वटा संस्थागत विद्यालयमा अध्ययन गर्ने आर्थिक रुपमा विपन्न, जनजाति, दलित, दृष्टिविहीन, अपाङ्ग लगायतका अन्य लोपोन्मुख जातिका बालबालिकाहरु समेत अध्ययनरत रहेका छन् । तुलनात्मक रुपमा मानिस उल्लेखित वर्ग तथा जातजातिका वालवालिकाहरुको संख्या विद्यालयमा न्यून रहेको छ । विशेषगरी संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा यी वर्ग तथा जातजातिका विद्यार्थिहरुको सङ्ख्या बढी रहेको देखिन्छ । शिक्षाको कुरा गुनस्तर सँग प्रत्यक्ष जोडिने भएकाले आम अभिभावक पछिल्लो समय निजी विद्यालय प्रति आकर्षित रहेका छन् जसको असर निजी विद्यालय भोगिरहेका छन् । सम्पन्न र विपन्न परिवार बिचको शैक्षिक गुणस्तरको खाडल गहिरो हुँदैं आएको छ । यस क्षेत्रका विद्यालयले अभिभावक तथा समुदायविच न्यून मात्रामा छलफल तथा अन्तरक्रिया कार्यक्रम सँचालन गरेको देखिन्छ । माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने व्यवस्था भनिरहँदा धेरै सामुदायिक विद्यालयहरुमा शुल्क उठाएको पाइयो जसका कारण आर्थिक रुपमा विपन्न वर्गका बालबालिकाहरु विद्यालय जानबाट बञ्चितरहेका देखिन्छन् ।

यसैगरी दृष्टिविहीन तथा अन्य अपाङ्ग विद्यार्थीहरुका लागि उनीहरुको अवस्था अनुसारको भाषाका माध्यमबाट अध्यापन गराउने कुनै पनि विद्यालय नरहेको पाइयो । यसर्थ दृष्टिविहीन तथा अन्य अपाङ्ग विद्यार्थीहरु शिक्षाको पहुँचबाट बञ्चित रहेका छन् । सँविधानमा शिक्षालाई मौलिक हकका रुपमा व्यवस्था गरीएको छ । यसको व्यवस्थाका लागि जनसंख्याका आधारमा समान वितरण गरी अबैका लागि सहज पहुँच विस्तार गर्नुपर्ने भएपनि यस क्षत्रमा शिक्षामा पहुँचको अवस्था दयनीय रहेको देखिएको छ ।

## समस्या र चुनौतिहरु

१. विद्यालय शिक्षामा पहुँच विस्तार सम्बन्धमा सबैभन्दा ठूलो समस्या आर्थिक विपन्नता रहेको छ ।
२. सरकारले विद्यालय शिक्षा निःशुल्क गरेको छ तर अभिभावकसँग शिक्षा लिन विद्यालयसम्म बालबालिका पठाउने पोसाक र खाजाको व्यवस्था गरेको छैन ।
३. सरकारले शिक्षामा पहुँच विस्तार गर्ने नाममा शैक्षिक गुणस्तरको अनुपातमा ध्यान दिइएको छैन ।
४. विपन्न वर्गका बालबालिकाहरु आर्थिक अबस्था कमजोर र कतिपय विद्यालयमा सरकारले भने जस्तो पहुँचको व्यवस्था गर्न नसकेकाले विद्यालय जान सकिरहेको अवस्था छैन ।
५. अभिभावकमा छोराछोरीको अध्ययन खर्चको भार बढ्दै गएर विद्यालय छोड्ने क्रम बढेको ।
६. दृष्टिविहीन तथा अन्य अपाङ्गमैत्री वातावरण नहुनु ।
७. स्वरोजगारमूलक तथा प्राविधिक शिक्षाको पहुँच विस्तार हुन नसक्नु ।
८. ग्रामीण क्षेत्रमा रहेका विपन्न वर्गका शैक्षिक जनचेतना दिन नसक्नु ।

## नीतिहरु/रणनितिहरुः

१. सबै सरकारवाला पक्षहरुलाई जिम्मेवारी र जवाफदेही बनाई विद्यालय शिक्षाको समग्र विकास गर्ने र शैक्षिक दृष्टिले पिछडिएका वर्ग, समूह र महिलाहरुको शिक्षामा पहुँच बढाउने कार्यक्रमिक योजनाहरु तयार पार्ने ।
२. विद्यालय तहबाट गरिने शैक्षिक कार्य र प्रक्रियालाई पारदर्शी बनाई सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउने ।
३. दृष्टिविहीन तथा अन्य अपाङ्ग बालबालिकालाई अध्यापनका लागि सोही अवस्था अनुसारका भाषाका माध्यमबाट अध्यापन गराउन छुटै विद्यालय अथवा संचालित विद्यालयमै अलग Block निर्माण गर्ने ।
४. प्रतिस्पर्धी, समयसापेक्ष र समर्थ जनसक्ति तयार गर्ने विद्यालय शिक्षाको विकासलाई तीव्र बनाउन सावर्जनिक, गैरसरकारी र निजी क्षेत्रका सामञ्जस्यपूर्ण सहकार्यलाई प्रवर्धन एवम् सहजीकरण गर्ने ।
५. असाक्षरता रहेको क्षेत्रमा जनचेतनामूलक कार्यक्रम गर्ने ।

**कार्यनितिहरुः**

१. विद्यालयहरुलाई आवश्यक प्राविधिक सहयोग गरी उनीहरुको सवलीकरण गर्ने ।

२. शिक्षामा सबैको पहुँच बढाउने, शिक्षाको विकास र विस्तार गर्ने तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका लागि शैक्षिक संख्याहरुको क्षमता विकास गर्ने ।

३. विद्यालय शिक्षाको उपलब्धिलाई सुनिश्चित गर्ने उद्देश्यले अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सशक्त बनाउने ।

४. सम्बन्धित विद्यालयहरुलाई माग निर्देशन गर्ने र विद्यालय शिक्षाको उद्देश्य हासिल गर्नका लागि नियमको भूमिका निर्वाह गर्ने ।

**सम्भावित जोखिम र समाधानका उपायहरुः**

१. विपन्न वर्गहरुको सही पहिचान हुन नसकेमा शिक्षाको पहुँचबाट वञ्चित हुने सम्भावना रहन्छन् , तसर्थ सही पहिचान गरी पहुँच विस्तार गर्नुपर्दछ ।

२. सरकारले पहुँचको नाममा सबै वर्ग तथा जातजातिहरुलाई सर्म्बधन गरीरहँदा शैक्षिक गुनस्तर खस्कन सक्छ, तसर्थ पहुँचको साथसाथ गुणस्तर सुधारलाई पनि कायम तथा निरन्तरता दिनुपर्दछ ।

३. सबैका लागि सहज पहुँच विस्तारमा समान वितरण नहुँदा शिक्षामा पहुँचको अवस्था दयनीय हुन सक्छ, तसर्थ जनसंख्याका आधारमा विपन्न वर्ग, दृष्टिविहीन तथा अपाङ्गलाई शिक्षामा प्राथमिकताका साथ पहुँचमा ल्याउनुपर्छ ।

## २०. शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)

शैक्षिक व्यवस्थापन सूचना प्रणाली विद्यालय सँग सम्बन्धित शैक्षिक, आर्थिक र भौतिक सूचनाहरुलाई पारदर्शी ढङ्गले राख्ने बैज्ञनिक पद्धति हो । यो प्रणाली विद्यालय तह देखि क्याम्पस । विश्वविद्यालय तह सम्म संचालनमा ल्याइएको छ । यस प्रणालीको सहयोगबाट विद्यालयमा हुने । रहेका शैक्षिक, आर्थिक र भौतिक सूचना तथा तथ्याङ्कहरुलाई अभिलेख गर्न र अधावधिक गर्न सजिलो बनाउँछ । यस प्रणालीको प्रयोगबाट Entry गरीएका कुनै पनि तथ्याङ्क तथा सूचनाहरु छिटो, छरितो र पारदर्शी रुपमा तथ्यपरक जानकारी लिन सकिन्छ ।

शैक्षिक व्यवस्थापन सूचना प्रणाली विभिन्न software कम्पनीहरुको develop गरी विद्यालय तथा क्याम्पसहरुमा संचालनमा ल्याएका छन् । विद्यालयले तत्काल आवश्यकता महसुस गरेको software भित्रको कुनै निश्चित package मात्र पनि विदालयले सोही अनुसारको रकम तिरी प्रयोग गर्न सक्छन् । कुनै कम्पनीहरुले Microsoft office excel मा software निर्माण गरी उपलब्ध गराउने समेत गरेका छन् । यो software system बाट विद्यार्थिहरुको भर्ना रेर्कड, छात्रवृति रेर्कड, शिक्षक तथा कर्मचारी विवरण, वि.व्य.स तथा शि.अ. संघका पदाधिकारीहरुको विवरण, पुस्तकालय सम्बन्धि विवरण, परीक्षा सम्बन्धि विवरण, भौतिक तथा आर्थिक सम्बन्धि सम्पूर्ण विवरणहरु अभिलेख गर्ने र अधावधिक गर्न सकिन्छ । यस सूचना प्रणालीबाट सबै विद्यालयमा तथ्याङ्क राख्ने शैलिमा एकरुपता होस र जि.शि.का. तथा श्रोतकेन्द्रलाई आवश्यक परेको कुनै पनि सूचना छिटो र तथ्यपरक दिने सकियोस भन्ने उद्देश्यका साथ आजभोली देशभरीका विद्यालयहरुमा EMIS software लागुगर्ने प्रयास भइरहेको छ ।

वर्तमान स्थिातीः

नगरपालिका

वि.स.२०७२ देखि जि.शि.का. कैलालीद्धारा निशुल्क रुपमा जिल्ला भरका प्रत्यक सामुदायिक र निजी विद्यालयलाई रेर्कड, शिक्षक तथा कर्मचारीको रेर्कड, छात्रवृति रेर्कड र अन्य परीक्षा सम्बन्धि नतिजाको रेर्कड राख्न EMIS अन्तर्गत excel file निर्माण गरी उपलब्ध गराइएको छ । यसैगरी यस लम्किचुहा नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण सामुदायिक र निजी विद्यालयहरुले उक्त excel file प्राप्त गरी शैक्षिक वर्षको शुरुवातमा विद्यार्थिको भर्ना रेर्कड लगायत अन्य excel file मा उपलब्ध भएका सम्पूर्ण विवरण अभिलेख गर्ने र अधावधिक गर्ने कार्य गरी श्रोतकेन्द्र मार्फत जि.शि.का. मा पेश गर्ने गरेका छन् ।

Software,excel file मा किन बनाइयो ?

सर्वप्रथम, सबै विद्यालयमा तथ्याङ्क राख्ने शैलि होस भन्ने उद्देश्यका लागि यो student ID (software) excel मा निर्माण गरीएको हो । यो बनाउँदा वा प्रयोग गर्दा Install गर्नु नपर्ने, अधिकाँशले चलाइराखेको software मार्फत नै काम गर्नगराउन सक्ने र सिक्ने सिकाउने क्रममा पनि धेरै समय वा स्रोत खर्च नहोस भन्नाका लागि यसलाई excel मा बनइएको हो । जि.शि.का. ले विगतका वर्षहरुमा अभिलेखका लागि उपलब्ध गराउने flash I / flash II जस्ता फारमको प्रविधियुक्त परिमार्जन version हो EMIS/software excel फाइल र

समस्या र चुनौतिहरुः

१. विद्यालयहरुले समयसीमा भित्र EMIS भरी अथवा update गरी सम्बन्धित कार्यलयमा बुझाउन नसकेको ।

२. सम्बन्धित कार्यालयमा पनि EMIS सँग सम्बन्धित विद्यालयका विवरणहरु कसरी entry गर्ने अथवा update गर्ने बारेमा उपलब्धिमूलक तालिम प्रदान गर्न नसकेको ।

३. कहिलेकाँही कम्प्यूटरबाट EMIS excel फाइल पेन्ड्राइभमा हालेर सम्बन्धित कार्यालयमा बुझाउन लैजादाँ पेन्ड्राइभ भित्र सो फाइल नै देखाउँदैन वा देखिए पनि खुल्दैन ।

४. कम्प्यूटरमा भएको Date र format र excel मा भएको Date को format ले पनि समस्या ल्याउँछ ।

५. १० वर्षसम्म तथ्याङ्क हाल्दै जाँदा EMIS excel को size बढ्ने ।

६. excel मा भएको student tracking भन्ने sheet लाई कतिपय विद्यालयले zoom in गर्दा समस्या आएको देखिएको छ ।

## नीतिहरुः

१. विद्यालयको शैक्षिक, आर्थिक र भौतिक सूचनाहरुलाई EMIS को माध्यमबाट पारदर्शी बनाई सेवा पुर्वाहलाई छिटो, छरीतो, प्रभावकारी र बैज्ञानिक बनाउन संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याउँने ।

२. विद्यालय सुधार परियोजना अर्न्तगत EMIS व्यवस्थापनमा तीनवटै पक्ष शैक्षिक, आर्थिक र भौतिक सूचनाको अभिलेख र अधावधिकमा सहजीकरण गर्ने ।

३. EMIS लाई व्यवस्थित बनाउन प्रत्यक विद्यालयमा १ जना दक्ष जनशक्तिको नियुक्ति गर्ने ।

कार्यनितिहरुः

१. विद्यालयहरुको सूचना प्रणालीलाई प्रविधियुक्त बनाउन सहयोग गरी उनीहरुको सवलीकरण गर्ने ।

२. विद्यालय सुधार परियोजना अर्न्तगत EMIS व्यवस्थापनलाई अनिवार्य बनाई कार्यान्वयन गर्ने र अनुगमन गर्ने ।

## सम्भावित जोखिम र समस्याका समाधानहरुः

१. पेनड्राइभमा राखेको फाइल नखुल्ने कारण खष्चगक ले गर्दा हुनसक्छ, तसर्थ कम्प्यूटरमा ब्लतषखष्चगक गउमबतभ गर्नुपर्छ ।

२. EMIS excel फाइलमा दिइएका सबै विवरणहरु महत्वपूर्ण छन्, त्यसकारण विद्यालयले सबै तथ्याङ्कहरु सही रुपमा भरीभराई समयसीमा भित्रै जि.शि.का. वा सम्बन्धित कार्यालयमा पेश गर्नुपर्छ ।

३. प्रत्यक विद्यालयका लागि फरक-फरक excel file हुने भएकाले कुनै एक विद्यालयको excel file मा अर्को विद्यालयको तथ्याङ्क भर्न सकिदैन ।
४. लामो समयसम्म तथ्याङ्क भदै जादाँ excel file को size बढ्ने भएकाले Microsoft excel file को सट्टा Online software system निर्माण गरी EMIS लाई दिर्घकालीन बनाउनुपर्दछ ।
५. तथ्याङ्कहरु हाल्दा वा अधावधिक गर्दा student tracking लगायत सबै sheet हरुमा १०० zoom in राख्न । अरुदेला भने आफूले चाहे जतिकै zoom in गर्दा पनि हुन्छ ।

नगरपालिका

## २१. संस्थागत क्षमता विकास

## वर्तमान अवस्था

विद्यालय भनेको शैक्षिक संस्था हो । संस्था राम्रो भएको खण्डमा समग्र पक्ष नै राम्रो हुन्छ । संस्थाको क्षमता विकास भएको खण्डमा शैक्षिक गुणस्तर वृद्धि हुन सक्छ । संस्थालाई सवल, मजबुद र व्यवस्थित बनाउनु पर्ने हुन्छ । संस्थाको क्षमता विकास गर्नको लागि आर्थिक, भौतिक तथा शैक्षिक पक्ष राम्रो हुन आवश्यक छ । संस्थाको वर्तमान अवस्था सन्तोषजनक छैन । विद्यालय जस्तो पवित्र संस्था मजबुद, पारदर्शी, चलायमान र व्यवस्थित हुनु पर्दछ । संस्थाको क्षमता वृद्धिको लागि अफिस व्यवस्थापन, स्टाफ कक्ष, ल्याव रुम, पुस्तकालय, चमेना गृह, पार्किङ्ग, शौचालय जस्ता कुरालाई व्यवस्थित गर्नुपर्ने हुन्छ । संस्थागत र सामुदायिक विद्यालयको आजको युग र समय अनुसार संस्थागत क्षमता विकास हुन सकेको छैन । नेपालको वर्तमान संविधानले शिक्षालाई मौलिक हकको रुपमा राखेको र माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय सरकार संचालन ऐन २०७४ मा आधारभूत तहदेखि मा.वि. तहसम्मको विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, योजना निर्माण, शिक्षक दरबन्दी मिलान विद्यालयको नक्साङ्कन र विद्यालयको सम्पत्ति व्यवस्थापन गर्ने जस्ता काम गर्ने जिम्मेवारी तोकिएको छ । स्थानीय स्रोत साधनको उपयोग गर्दै स्थानीय ज्ञान, सीप र प्रविधिको संरक्षण गर्दै संस्थाको क्षमता वृद्धि गर्नुपर्ने हुन्छ । विद्यालयको शिक्षक तथा कर्मचारीको क्षमता विकास गर्नेसम्मका शिक्षा सम्बन्धी २३ ओटा कार्यहरु स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी दिएको छ ।

## २. संस्थागत विकासमा देखिएका समस्याहरु :

१) स्रोत साधनको अभाव
२) आर्थिक हिसाबले संस्थालाई चुस्त दुरुस्त राख्न नसक्नु
३) स्थानीय स्रोत साधनको पहिचान गरी परिचालन गर्न नसक्नु ।

४) शिक्षण गर्ने प्रविधि परम्परागत हुनु ।
५) विद्यालयका अभिलेखहरु व्यवस्थित तरिकाले राख्न नसक्नु ।
६) आधुनिक तथा व्यवसायिक शिक्षालाई संस्थाले आत्म साथ गर्न नसक्नु ।
७) शिक्षक तथा कर्मचारीको त.भ.को लागि स्रोत जुटाउन नसक्नु ।
८) विद्यालयमा शिक्षक, विद्यार्थी तथा अभिभावकको आचारसंहिता नहुनु र भएको आचारसंहिता अनुसार चल्न नसक्नु ।
९) विद्यालयमा दक्ष जनशक्ति (जस्तै : कम्प्युटर शिक्षक, संगित शिक्षक, खेल शिक्षक चल्न नसक्नु)
१०) संस्थामा राजनीतिकरण बढी हुनु ।
११) संस्थाको प्रशासनिक संरचना व्यवस्थित नहुनु र भएको संरचनाले समेत जिम्मेवारी बहन नगर्नु ।

**३. रणनीतिहरु :**

१) स्थानीय स्रोत साधनलाई पहिचान र उपयोग गरी संस्थाको शैक्षिक, आर्थिक, भौतिक र प्रशासनिक संरचनालाई सु-व्यवस्थित गरी संस्थाको क्षमता विकास गर्ने ।

**४. कार्यनीति :**

१) विद्यालयको संस्थागत क्षमता विकासका लागि सबै पक्षहरु विद्यार्थी, शिक्षक तथा अभिभावकलाई सक्रिय पार्ने ।
२) संस्थाको आर्थिक स्रोत वृद्धिका लागि विभिन्न संघ संस्था, चन्दादाता तथा दातृ निकायसम्म समन्वयन गर्ने र आर्थिक पारदर्शितामा जोड दिने ।
३) विद्यालय अभिलेखहरु व्यवस्थित गर्ने ।

**५. उपाय/सुझाबहरु :**

१) अभिभावकलाई संस्थाप्रति जिम्मेवार तथा उत्तरदायी बनाउनु पर्ने ।
२) स्थानीय स्तरमा रहेको स्रोत साधनलाई उच्चतम प्रयोग गर्ने ।
३) संस्थाको सम्पत्तिको संरक्षण गर्ने ।
४) संस्थामा शिक्षक, अभिभावक र विद्यार्थीसंग सम्बन्धित कार्यक्रम गर्ने ।
५) सामाग्री निर्माण गर्ने र सामाग्री केन्द्रित शिक्षण सिकाई क्रियाकलाप गर्ने ।
६) शिक्षक कर्मचारीको त.भ.को उचित व्यवस्थापन गर्ने ।
७) विद्यालयमा अतिरिक्त क्रियाकलाप तथा खेलकुद कार्यक्रम गर्ने ।
८) शिक्षक-कर्मचारीलाई तालिम दिने ।
९) शिक्षक, विद्यार्थी र अभिभावकको लागि आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने ।
१०) आधुनिक प्रविधिको प्रयोग गरी प्रविधि युक्त संस्था बनाउने ।
११) आधुनिक र व्यवसायिक शिक्षा दिन सुरु गर्ने ।
१२) संस्थामा राजनीतिकरण बन्द गर्ने ।
१३) सामुदायिक पुस्तकालयको व्यवस्था गर्नुपर्ने ।

## शिक्षा नीती निर्माण समिति
## लम्कीचुहा नगरपालिका भल्का कैलाली २०७४

| क.स. | पदाधिकारीको नाम | पद | मोबाइल नं. |
|---|---|---|---|
| १ | जनक बहादुर बम | संयोजक | ९८५८४२७२०१ |
| २ | कर्ण प्रसाद जैशी | सदस्य | ९८४८५००२८९ |
| ३ | देवानन्द जैशी | सदस्य | ९८४८४२७०५३ |

लम्कीचुहा नगरपालिका

| | | | |
|---|---|---|---|
| ४ | दल बहादुर बिष्ट | सदस्य | ९८४८५२०६२३ |
| ५ | बद्री प्रसाद लम्साल | सदस्य | ९८५८४२१८८५ |
| ६ | लोक राज पन्थी | सदस्य | ९८४८४२७५१४ |
| ७ | शरोज कुमार शाह | सदस्य | ९८४८४२४१३५ |
| ८ | गणेश प्रसाद न्यौपाने | सदस्य | ९८४८६५६६१० |
| ९ | कोमल प्र. अधिकारी | सदस्य | ९८४८४३२८३० |
| १० | हर्क बहादुर भण्डारी | सदस्य | ९८४८४९२१९७ |
| ११ | बिनोद आचार्य | सदस्य | ९८४८४२७९६७ |
| १२ | परमेश्वर राज कार्की | सदस्य | ९८४८६८७३३६ |
| १३ | अमर ओली | सदस्य | ९८४८४२९९७५ |
| १४ | जङ्ग बहादुर तारामी | सदस्य | ९८४८४३०८१३ |
| १५ | खगेन्द्र प्रसाद धमाला | सदस्य | ९८४८४२७२८६ |
| १६ | रण बहादुर भण्डारी | सदस्य | ९८४८४२७२०४ |
| १७ | टीकाराम जोशी | सदस्य ,स्रोतव्यक्ति | ९८४८५००२३७ |
| १८ | लोकेन्द्र प्रसाद भट्ट | सदस्य,वि.नि. | ९८५११५८०७२ |
| १९ | कुम्भराज बडुवाल | सदस्य सचिव | ९८४८४१६४२० |